## पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक ध्रुवचन्द्र गौतमका उपन्यासमा नारी पात्र रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकि तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली विषयको दसौं पत्रको प्रयोजनको निम्ति प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

साहित्यकार ध्रुवचन्द्र गौतम (वि.सं. २०००) नेपाली सहित्यका क्षेत्रमा कथाकार, गीतकार, कवि, नाटककार, निबन्धकार र उपन्यासकारका रूपमा परिचित रहेका छन् । यसमध्ये उपन्यास विधामा उनको विशिष्टता रहेको छ । उनका प्रकाशित उपन्यासहरू **अन्त्यपछि** (२०२४), **वालुवामाथि** (२०२८), **डापी** (२०३३), **कट्टेल सरको चोटपटक** (२०३७), **अलिखित** (२०४०), **निमित्त नायक** (२०४३), **स्व. हीरादेवीको खोज** (२०४५), **एक सहरमा एक कोठा** (२०४६), **उपसंहार अर्थात् चौथो अन्त्य** (२०४८), **दुविधा** (२०५२), **अग्निदत्त + अग्निदत्त** (२०५३) **फूलको आतङ्क** (२०५५), **बाढी** (२०५६), **सहस्राब्दीको अन्तिम प्रेम कथा** (२०५७), **मौन** (२०५८), **भीमसेन ४ को खोजी** (२०६१), **तथाकथित** (२०५९), **घुर्मी** (२०६१), **जेलिएको** (२०६२), **एक असफल आख्यानको आरम्भ** (२०६५) र

**अप्रिय (२०६७)** जस्ता एक्काईस वटा रहेका छन् । यसका साथै उनका प्रकाशित सहलेखनका औपन्यासिक कृतिहरू **आकाश विभाजित छ** (२०३२), **देहमुक्त** (२०४४) **अवतार विघटन** (२०४५) र **ज्यागा** (२०५०) रहेका छन् । यिनै दुई दर्जनभन्दा बढी उपन्यासका सर्जक गौतम आधुनिक नेपाली उपन्यास परम्परामा विसङ्गतिवादी अस्तित्ववादी धाराका उपन्यासकार हुन् । उनको उपन्यासमा पुरुषवादी प्रवृत्ति अग्रपङ्क्तिमा रहेको छ । उनका उपन्यासका नारी पात्रहरू नारी मुक्तिका लागि कहिल्यै पनि सङ्घर्षशील रहेका छैनन् । नारी अस्मितामाथि अन्याय गर्ने पुरुष समाजलाई औंला नठड्याउने यी नारीहरू यस शोध कार्यका विषय बनेका छन् । यी नारी पात्रका कार्यले ध्रुवचन्द्र गौतमलाई विसङ्गतिवादी अस्तित्ववादी लेखकका रूपमा  समेत परिचित गराएका छन् ।

## १.४ समस्याकथन

नपाली साहित्यमा आख्यान अन्तर्गतको उपन्यास विधामा विशिष्टता हासिल गरेका ध्रुवचन्द्र गौतमको दुई दर्जनभन्दा बढी उपन्यासका नारी पात्रको अध्ययनलाई नै मूल समस्याका रूपमा हेरिएको छ । यस सन्दर्भमा प्रस्तुत शोधकार्यसँग सम्बन्धित मुख्य-मुख्य समस्याहरू यस प्रकार रहेका छन् :-

क) ध्रुवचन्द्र गौतमको जीवनीगत एवंम् साहित्यिक चिनारी, उपन्यासका विशेषता र औपन्यासिक यात्रा के-कस्ता रहेका छन् ?

ख) ध्रुवचन्द्र गौतमको उपन्यासमा के कति नारी पात्रहरू रहेका छन् ?

ग) चरित्रचित्रणको सैद्धान्तिक प्रारूपका आधारमा ध्रुवचन्द्र गौतमका उपन्यासका नारी पात्रहरू कस्ता छन् ?

घ) ध्रुवचन्द्र गौतमको उपन्यासका नारी पात्रप्रति के-कस्तो दृष्टिकोण रहेको छ ?

## १.५ शोधपत्रको उद्देश्य

ध्रुवचन्द्र गौतमका उपन्यासका नारी पात्रहरूको विश्लेषण गर्ने मूल समस्या लिई गरिएको प्रस्तुत शोधकार्यको उद्देश्य निम्नानुसार रहेको छ ।

(क) ध्रुवचन्द्र गौतमको जीवनीगत एवम् साहित्यिक चिनारी, उपन्यासका विशेषता र औपन्यासिक यात्राको सङ्क्षिप्त आलेखन गर्ने ।

(ख) ध्रुवचन्द्र गौतमका उपन्यासहरूमा रहेका नारी पात्रहरूको विश्लेषण गर्ने ।

(ग) चरित्रचित्रणको सैद्धान्तिक प्रारूपका आधारमा ध्रुवचन्द्र गौतमका उपन्यासहरूका नारी पात्रहरूको मूल्याङ्कन गर्ने ।

घ) ध्रुवचन्द्र गौतमको उपन्यासका नारी पात्रप्रतिको दृष्टिकोणको मूल्याङ्कन गर्ने ।

## १.६ पूर्वकार्यको समीक्षा

विभिन्न विद्वानहरूले उपन्यासकार ध्रुवचन्द्र गौतमद्वारा लिखित र प्रकाशित दुई दर्जन जति उपन्यासहरूको अध्ययन गरेको पाइन्छ । ध्रुवचन्द्रद्वारा लिखित उपन्यासहरूका सम्बन्धमा विभिन्न समालोचक तथा साहित्यकारहरूले विभिन्न पुस्तक तथा पत्रिकाहरूमा टिप्पणी र चर्चा गरेका छन् तापनि यी सबै उपन्यासहरूको नारी पात्रहरूको विशेष अध्ययन यही विषयलाई केन्द्र बनाएर गरिएको पाइँदैन तर नारी चित्रण सम्बन्धमा विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा विभिन्न समालोचकहरूका केही टिप्पणी तथा समीक्षाहरू पाइन्छन् । विभिन्न विद्वान्हरूले गरेको टिप्पणी र चर्चा कालक्रमिक रूपमा यसरी  प्रस्तुत गरिन्छ ।

क) कुमारराज दाहालले साहित्यकार **डा. ध्रुवचन्द्र गौतमका कृतिहरूको अध्ययन** शीर्षकको स्नातकोत्तर शोधपत्र त्रि. वि. नेपाली केन्द्रीय विभाग (२०४७) मा नेपाली उपन्यास परम्परामा उपन्यासको नयाँ स्वरूप र ढाँचा लिएर देखापरेका छन् भन्ने कुरा उल्लेख गरेका छन् ।

ख) कृष्णचन्द्र सिह प्रधानले **नेपाली उपन्यास र उपन्यासकार** (२०५३)मा गौतमका उपन्यास मनुष्यको निरर्थकता र निःसहाय अस्तित्वमा व्याप्त पीडाको गहिरो अनुभूति साँच्ने गर्छन् भनेका छन् । उनले यसवाट पृथक मनुष्य अकल्पनीय छ तापनि अस्तित्वका लागि गरिने सङ्घर्ष निरर्थक प्रयत्नसरि प्रतीत हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् ।

ग) डा. गोविन्दराज भट्टराईले भूमिका खण्ड **सहस्राब्दीको अन्तिम प्रेमकथा** (२०६४)मा लामो सिर्जनात्मक विशिष्टता भिन्न र मौलिक जीवनदर्शन वा दृष्टिकोण बोकेर हिँड्ने डा. गौतमभित्र उनको सिर्जनाभित्र देखिने विविधता पनि आश्चर्य लाग्दो छ भन्ने कुरा उल्लेख गरेका छन् ।

घ) प्रा. मोहनराज शर्माले भूमिका खण्ड **दुविधा** (२०६४) मा ध्रुवचन्द्र गौतमको सिर्जनशील प्रतिभा, सामर्थ्य र कलाले नेपाली आख्यान जगत्मा नयाँ क्षितिज उघारेको छ र त्यसलाई नयाँ इन्द्रेनीको छटाले झलमल्ल पारेको छ भन्ने कुरा उल्लेख गरेका छन् ।

ङ) राजेन्द्र सुवेदीले **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (२०६४) मा ध्रुवचन्द्र गौतमको उपन्यास लेखनले विषम स्थिति भोग्नुपरेको यस समयका जीवनलाई तीक्ष्ण दृष्टिले र स्वैरकल्पनात्मक पाराले प्रस्तुत गर्ने एवम् अतिरञ्जनात्मक तत्त्व र प्रतीकका माध्यमले जीवनलाई बिम्वन गर्ने काम गरिएको छ भनेर उल्लेख गरेका छन् ।

यसप्रकार ध्रुवचन्द्र गौतमका उपन्यासहरूको विभिन्न पक्षको अध्ययन विश्लेषण भएका छन् । उनका उपन्यासहरूको अध्ययन, उपन्यासको इतिहास, विकासक्रम र प्रवृत्तिका आधारमा भएका छन् ।

## १.७ शोधपत्रको औचित्य महत्त्व र उपयोगिता

ध्रुवचन्द्र गौतमका उपन्यासका बारेमा विभिन्न विद्वान्हरूले आ-आफ्नो तरिकाले विश्लेषण गरेका छन् । उपन्यासकारका रूपमा परिचित गराउने उनका दुई दर्जन जति उपन्यासहरूको केही कृतिपरक अध्ययन भइसकेको छ, भने केहीको अध्ययन हुन बाँकी रहेको छ । पूर्वकार्यको रूपमा रहेका अध्ययनहरूले गौतमका सबै नारी पात्रहरूको पात्रकेन्द्री गहिरो अध्ययन गर्न सकेका छैनन् किनभने ती सबै पूर्वकार्यको उद्वेश्य गौतमका उपन्यासका नारी पात्रहरूको मात्र मूल्याङ्कन गर्ने थिएन् । विसङ्गतिवादी, अस्तित्ववादी धारालाई आत्मसात गरी प्रगतिवादको समकक्षीमा समेत पुगेका यी उपन्यास नारीवादी दृष्टिकोणले सशक्त रहेका छन् । नारी केन्द्रीयतामा अघि बढेका गौतमका उपन्यासमा प्रयुक्त नारी पात्रहरूको सामान्य रूपमा समालोचनात्मक टिप्पणी भए पनि गहन अध्ययन हुन बाँकी नै रहेको हुँदा यस शोधपत्र उक्त विषयमा केन्द्रित हुनु औचित्यपूर्ण देखिएको छ । उपन्यासकार ध्रुवचन्द्र गौतमका उपन्यासको अध्ययन गर्न चाहने जो सुकै व्यक्तिलाई पनि यस शोधकार्यले थप जानकारी प्रदान गर्ने हुँदा यो शोधपत्र महत्त्वपूर्ण र उपयोगी रहेको छ ।

## १.८ अध्ययनको सीमाङ्कन

साहित्यकार ध्रुवचन्द्र गौतमले नेपाली साहित्य जगतमा कथा, गीत, कविता, नाटक, निबन्ध, उपन्यासजस्ता विविध विधामा कलम चलाएका छन् । उनका धेरै कृतिहरू प्रकाशनमा आए पनि अन्य कृतिहरूलाई थाती राखेर उनको जीवनी एवम् व्यक्तित्वको परिचय र उनका उपन्यासहरूमा प्रयुक्त नारी पात्रहरूको विभिन्न कोणबाट अध्ययन गर्नुमा सीमित रहेको छ ।

## १.९ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्र ध्रुवचन्द्र गौतमका उपन्यासहरूका नारी पात्रहरूको अध्ययनमा केन्द्रित रहेकाले प्राथमिक स्रोतका रूपमा उनका उपन्यासहरूलाई सामग्री सङ्कलनको आधार बनाइएको छ । यसका साथै सामग्रीहरूका सङ्कलन गर्दा शोधनिर्देशक, प्राध्यापक, विषय विशेषज्ञ तथा समीक्षकहरूवाट पनि मौखिक जानकारी लिइएको छ । त्यसै गरी पुस्तक, पत्रपत्रिका, लेख, शोधनिर्देशक र समालोचकका विचारलाई पनि शोध अध्ययनका क्रममा समेटिएको छ । शोधविधिका रूपमा भने बर्णनात्मक र विश्लेषणात्मक विधिलाई प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

यस शोधपत्रलाई महत्त्वपूर्ण पाँच परिच्छेदमा विभाजन गरिएको छ । यी पाँच परिच्छेदलाई मुख्य आधार बनाइए पनि आवश्यकता अनुसार यी परिच्छेदभित्र अन्य उपशीर्षकहरू पनि राखिएका छन् । शोधपत्रको महत्त्वपूर्ण परिच्छेद निम्न अनुसार रहेका छन् ।

प्रथम परिच्छेद : शोध परिचय ।

दोस्रो परिच्छेद : उपन्यासकार ध्रुवचन्द्र गौतमको जीवनी, व्यक्तित्वको परिचय, चरित्र चित्रण, चरण र योगदान ।

तेस्रो परिच्छेद : उपन्यासकार ध्रुवचन्द्र गौतमको नारी पात्रहरूको विश्लेषण र अध्ययन ।

चैथो परिच्छेद :नारी पात्रप्रतिको दृष्टिकोण

पाँचौ परिच्छेद : उपसंहार

सन्दर्भग्रन्थसूची

दोस्रो परिच्छेद

# ध्रुवचन्द्र गौतम र उनको औपन्यासिक यात्रा

## २.१ ध्रुवचन्द्र गौतमको जीवनी

### २.१.१ जन्म

ध्रुवचन्द्र गौतमको जन्ममितिको सम्बन्धमा विभिन्न मत रहेका छन् । नेपाली साहित्यका विभिन्न सामग्रीहरूमा वि.सं. २००१[१] र २०००[२] लेखेको पाइन्छ । यसप्रकार जन्ममिति सम्बन्धी विभिन्न सामग्रीहरूमा आएका भिन्न-भिन्न मतहरूलाई आधार मान्दा २००० साल पौष २ गते विहीबार (बेलुका ०७:२५) भएको हो भन्ने कुरालाई बढी प्रामाणिक मान्न सकिन्छ ।[३] उनका पिता गोविन्दचन्द्र गौतम र माता दीपवती देवी हुन् ।[४] उनी काहिँला छोराको रूपमा वीरगञ्जमा जन्मिएका चेतचन्द्र गौतम नै अहिलेका ध्रुवचन्द्र गौतम हुन् ।[५] उनको जन्मस्थान वीरगञ्जको बेतौना[६] भन्ने गाँउ भनिए पनि

---

[१]क) तारानाथ शर्मा, **नेपाली सहित्यको इतिहास,** ते.सं. (काठमाडौंः नवीन प्रकाशन २०५१), पृ. १२७ ।

ख) राजेन्द्र सुवेदी, **सृजनविधाका परिधिभित्र ध्रुवचन्द्र गौतम,** (ललितपुर : शाझा प्रकाशन, २०५४), पृ.१ ।

[२] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** दो.सं. (ललितपुर : साझा प्रकाशन, २०५८), पृ.२६४ ।

[३] गणेश मरासिनि **"अलिखित उपन्यासको परिवेश विधान"**, अप्रकाशित शोधपत्र, ने.के.वि., त्रि.वि., २०६६, पृ.६ ।

[४] खगेन्द्र प्रसाद लुइँटेल, **"नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान"** आख्यानपुरूष डा.ध्रुवचन्द्र गौतम ( सम्पा.) खुमनारायण पौडेल, (चितवन : चि.वा.प.,२०६०), पृ.८ ।

[५] ऐजन ।

[६] ज्ञानु पाण्डे **"उपन्यासकार ध्रुवचन्द्र गौतम : विषयमाथिका एक अध्ययन"** आख्यानपुरूष डा.ध्रुवचन्द्र गौतम, पृ.२५ ।

भारतको रक्सौलमा उनको जन्म भएको र पछि उनी आफ्नो परिवारसहित २००१ सालमा स्थायी बसोबासका लागि वीरगञ्ज आएका हुन्[७] भन्ने भनाई बढी प्रामाणिक देखिन्छ ।

### २.१.२ बाल्यकाल

ध्रुवचन्द्रका पिता गोविन्दचन्द सरकारी जागिरे थिए । जागिरका क्रममा पितासँगै बाहिर डेरा लिएर बस्ने क्रममा कहिले वीरगञ्ज सहर र कहिले बेतौना गाउँमा बस्नु परेको थियो । उनले यस क्रममा आफ्ना पिताले बसाएको गौतमपुरमा आफ्नो सम्पूर्ण बाल्यकाल र किशोरकाल व्यतीत गरेका थिए ।[८] मध्यम वर्गीय परिवारमा बाल्यकाल बिताउने क्रममा सात बर्षको कलिलै उमेरमा आफ्नै जन्म दिने आमाको मृत्युपश्चात् उनको बाल्यकालीन केही अवधि निकै दुःखद र केही अवधि सामान्य ढङ्गमा गुज्रिएको देखिन्छ ।[९]

### २.१.३ शिक्षा दीक्षा

ध्रुवचन्द्र गौतमले आफ्नै पिताजीको समिप्यमा अक्षरारम्भ गरेका हुन् । उनले आफ्ना गुरूका रूपमा केशवप्रसाद आचार्य र दशरथलाई मानेका छन् ।[१०] उनले प्रारम्भिक शिक्षा वीरगञ्जकै परिवेशमा गाउँको साधारण विद्यालयवाट सुरूवात गरेका हुन् । उनले वीरगञ्जकै परिवेशमा प्राथमिक र माध्यमिक तहसम्मको शिक्षा प्राप्त गरेका थिए । उनले

---

[७] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ.२६४ ।

[८] ज्ञानु पाण्डे, पूर्ववत् ।

[९] खगेन्द्र लुईंटेल, पूर्ववत् ।

[१०] कुमारराज दाहाल, **साहित्यकार डा. ध्रुवचन्द्र गौतमका कृतिहरूको अध्ययन**, अप्रकाशित शोधपत्र, वि.वि. नेपाली केन्द्रीय विभाग, २०४७, पृ.६९ ।

२०१६ सालमा त्रिजुद्ध मा.वि.बाट एस.एल.सी. पुरक परीक्षा उत्तीर्ण गरेका हुन् ।[११] २०१७ सालमा काठमाडौं आई आई. ए. पास गरेका थिए । वि.सं. २०१८ मा तत्कालीन राजा महेन्द्रसँगको भेटपश्चात् राजा खुशी भई २०१९ सालदेखि छात्रावृत्ति प्रदान गरेकाले उनलाई थप शिक्षा प्राप्त गर्न सहज भयो ।[१२] उनले त्रिचन्द्र क्याम्पसबाट २०२० मा बी.ए. र त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट २०२२ सालमा एम. ए. उत्तीर्ण गरेको देखिन्छ । उनले पुना विश्वविद्यालय भारतबाट २०३६ सालमा A descriptive study of Terai Nepali विषयमा विद्यावारिधि उपाधि हासिल गरेका छन् ।[१३] त्यसपछिको समय स्वअध्ययन मार्फत् आफ्नो बौद्धिक क्षमतालाई विस्तार गरेका छन् ।

## २.१.४ प्रेरणा र प्रभाव

मानिसले ज्ञान आर्जनका लागि कसैको प्रभाव प्रेरणा वा व्यक्ति स्वयम्को अध्ययनको प्रयत्न द्वारा कुनै पनि क्षेत्रमा प्रवेश गरेको हुन्छ । ऊ हुर्केको अनुभव गरेको तथा सामाजिक पारिवारिक वातावरणले व्यक्ति र उसको विचारलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यस सन्दर्भमा व्यक्ति कुन परिवेशमा बाँचेको हुन्छ भन्ने कुरा सर्वाधिक महत्त्वपूर्ण हुन जान्छ । गौतमले पिताकै सानिध्यमा शिक्षा आरम्भ गरेर माध्यमिक विद्यालय पढ्दादेखि गीत गाउने, नाटक लेख्ने र पुरस्कृत[१४] भएवाट उनको लेखन कार्यमा प्रेरणा जागृत भएको हो । आफ्नो पिता र दाजु धनुश्चन्द्र गौतमको पारिवारिक प्रेरणाबाट साहित्यमा प्रवेश गरेका हुन् । यसै सन्दर्भमा उनले गीतबाट २०१८ सालमा राजा महेन्द्र प्रभावित भई भा.रू. १००।- दिए पछि लेखन कार्यमा थप प्रेरणा मिल्यो । दाजुको सामिप्य र अन्य साहित्यिक व्यक्तिको प्रेरणा एवम् देशभित्र र बाहिरका साहित्यकारहरू वी.पी कोइराला,

---

[११] ध्रुवचन्द्र गौतम, **बाल्यकाल**, (काठमाडौं : अभिव्यक्ति प्रकाशन, २०५०), पृ.१५१ ।

[१२] ध्रुवचन्द्र गौतम, **बाढी अनुभवन्यास,** (काठमाडौं : नेपाल लेखक सङ्घ, २०५९), पृ.१४९ ।

[१३] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ.२६४ ।

[१४] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ.१ ।

पारिजात, इन्द्रवहादुर राई, गोविन्द गोठाले, सार्त्र, कामु, काफ्का, रविन्द्रनाथ, ताराशङ्कर अज्ञेय, गिरिराज किशोर, राजेन्द्र यादब आदिको लेखनबाट प्रभावित भएर[१५] लेखनकार्य शुरु गरेका हुन । प्रभावलाई सकेसम्म प्रेरणाको स्तरसम्म ग्रहण गरेर आफूले पनि उत्तिकै मुग्ध पार्ने लेख रचना गर्ने प्रेरणा प्राप्त गरेका छन् ।

## २.१.५ साहित्यमा प्रवेश

ध्रुवचन्द्र गौतम महाकवि लक्ष्मीप्रसाद देवकोटाको आशु कवित्व र **मुनामदन** खण्डकाव्यबाट अति नै प्रभावित भएका थिए । गौतमले माध्यमिक विद्यालयदेखि नै गीत, कविता, लेख्ने गरे तापनि २०१४ सालमा **जुनेली** नामक हस्तलिखित पत्रिकामा **नेपाल** शीर्षकको कवितासँगै साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् ।[१६] २०१८ सालमा राजाबाट गीतका लागि पुरस्कार पाएपछि उनले साहित्यमा केही गर्नुपर्छ भन्ने धारणा जागृत भयो र साहित्यको विविध विधामा कलम चलाउन थाले ।

## १.१.६ सामाजिक सेवा

उच्च शिक्षा आर्जनका लागि काठमाडौं प्रवेश गरेका गौतम २०१६ सालमा संसद्को क्यान्टिनमा सामान्य जागिरे हुन पुग्दछन् । अध्ययनकै क्रममा २०१९ मा पुस्तक विक्रेता, **गोरखापत्र**मा प्रुफरिडर समेत बनेका देखिन्छन् ।[१७] स्नातकोत्तर गरेर त्रिचन्द्र कलेजमा अध्यापन गर्न थालेपछि विभिन्न सामाजिक सङ्घसंस्थामा रहेर जिम्मेवारी बहन गरेका हुन् । उनले त्रि.वि.मा २०३९ देखि २०५१ सम्म अध्यापन गर्दा त्रि.वि. सूचना शाखाको सहयोगी, नेपाल टेलिभिजनमा निर्देशक समेत बनेका थिए । २०४० साल पछिका वर्षहरूमा प्राध्यापनका तुलनामा प्रसारण र लेखन क्षेत्रमा महत्त्वपूर्ण व्यक्तिको रूपमा

---

[१५] ध्रुव सापकोटा, **गरिमा** (वर्ष ४, अङ्क १२, पूर्णाङ्क ४८, २०४३), पृ.८४-८५ ।

[१६] ज्ञानु पाण्डे, पूर्ववत्, पृ.२५ ।

[१७] खगेन्द्र प्रसाद लुइँटेल, पूर्ववत्, पृ.८ ।

देखापरेका छन् । यस समयमा उनले विभिन्न सङ्घसस्था सांस्कृतिक संस्थानमा कतै प्रत्यक्ष त कतै अप्रत्यक्ष सल्लाहकार हुँदै तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव बनेका थिए । त्यसपछिको समयमा स्वतन्त्र लेखनमा सक्रिय रहेका छन् ।[१८]

## २.१.७ साहित्यिक योगदान

बाल्यावास्थादेखि नै साहित्यतर्फ प्रेरित भएका गौतमले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएर नेपाली भाषा साहित्यका लागि महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । **जुनेली** पत्रिकामार्फत् **नेपाल** कविता २०१४ मा लेखेपनि २०२० सालमा प्रकाशित **यात्रानुभूति**[१९] **एक यात्रानुभूति**, **रूपरेखा** पत्रिकामा प्रकाशित कविताबाट औपचारिक रूपमा साहित्यमा प्रवेश गरेका हुन् । उनको पहिलो उपन्यास २०२४ सालको **रूपरेखा**मा प्रकाशित **अन्त्यपछि**[२०] र **त्यो एउटा कुरा** पूर्णाङ्की नाटक २०३० प्रकाशित गरी साहित्यका विविध क्षेत्रमा हात हालेका हुन ।[२१]

यसरी साहित्यका विविध क्षेत्रमा योगदान पुऱ्याउन उनी प्रयत्नरत रहेका देखिन्छन् । उनका साहित्यिक विधागत योगदान वस्तुगत रूपमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ ।

[१८] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ.१-२ ।

[१९] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ.२ ।

[२०] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, दोस्रो.सं.(ललितपुर : साझा प्रकाशन, २०६४), पृ. ३१७ ।

[२१] केशव प्रसाद उपाध्याय, "**नेपाली नाट्य क्षेत्रमा ध्रुवचन्द्र गौतमको योगदान**" आख्यान पुरूष डा.ध्रुवचन्द्र गौतम, पूर्ववत्, पृ.१६८ ।

### २.१.७.१ उपन्यासकार

ध्रुवचन्द्र गौतमले २०२४ सालको बैशाख अङ्कको **रूपरेखा** पत्रिकामा **अन्त्यपछि** प्रकाशित[२२] भएपछि नेपाली उपन्यास जगत्मा नौलो छाप छोड्न सफल देखिन्छन् । सङ्ख्यात्मक र गुणात्मक दुवै रूपले उत्कृष्ट भएको उनका उपन्यासहरूले पाठकलाई केही न केही नयाँ नवीन पक्षको उद्घाटन गर्न खोजेका छन् । आख्यान विधामा सर्वोत्कृष्ट उपन्यास दिएर नेपाली साहित्य भण्डारलाई उचाईमा पुऱ्याउन सफल भएका छन् । गौतमका प्रकाशित उपन्यासहरू एकल र सहलेखन गरी हालसम्म दुई दर्जन भन्दा बढी छन् ।

- उनका प्रकाशित एकल औपन्यासिक कृतिहरू **अन्त्यपछि** (२०२४), **बालुवामाथि** (२०२८), **डापी** (२०३३), **कट्टेल सरको चोटपटक** (२०३७), **अलिखित** (२०४०), **निमित्त नायक** (२०४३), **स्व. हीरादेवीको खोज** (२०४५), **एक शहरमा एक कोठा** (२०४६), **उपसंहार अर्थात् चौथो अन्त्य** (२०४८), **दुविधा** (२०५२), **अग्निदत्त + अग्निदत्त** (२०५३), **फूलको आतङ्क** (२०५५), **बाढी** (२०५६), **सहस्राब्दीको अन्तिम प्रेमकथा** (२०५७), **मौन** (२०५८), **भीमसेन ४ को खोजी** (२०६१), **तथाकथित** ( २०५९), **घुर्मी** (२०६१), **जेलिएको** (२०६२)[२३] **एक असफल आख्यानको आरम्भ** ( २०६५)[२४] र **अप्रिय** (२०६७) हुन् ।

---

[२२] राजेन्द्र सवेदी, पूर्ववत्, पृ.३५८ ।

[२३] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ.२ ।

[२४] हरि प्रसाद खरेल, **ध्रुवचन्द्र गौतमका उपन्यास प्रयुक्त भाषाशैली**, अप्र. शोधपत्र, त्रि.वि.ने.के.वि.२०६५, पृ.८ ।

- उनका प्रकाशित सहलेखनका औपन्यासिक कृतिहरू **आकाश विभाजित छ** (२०३२), **देहमुक्त** (२०४४), **अवतार विघटन** (२०४५), **ज्यागा** (२०५०) हुन् ।[२५]

उनका उपन्यासहरूमा भाषिक नवीनता, विसङ्गतिवादी, अस्तित्ववादी आलोचनात्मक यथार्थवादको सँगसँगै भय, आतङ्क र सन्त्रासको नाङ्गो प्रस्तुति पाइन्छ । उनले आफ्ना उपन्यासहरूमा आञ्चलिक परिवेशलाई लिएर प्रयोगवादी स्वैरकल्पना, मिथकीय र चेतनप्रवाह शैलीको रोचक व्यङ्ग्यात्मक ढङ्गले प्रयोग गरेका छन् । उनका उपन्यासमा विभिन्न प्रतीक र बिम्बको सहायताबाट असित व्यङ्ग्य गर्नु औपन्यासिक प्रवृत्ति छन् ।[२६] आफ्नै प्रकारको भाषा शैलीलाई अँगालेर नेपाली उपन्यास परम्परामा सूत्रउपन्यास, अनुभवन्यास जस्ता नवीन संरचनामा उपन्यासको सिर्जना गरेका छन् ।

### २.१.७.२ कथाकार

ध्रुवचन्द्र गौतमको उपन्यासपछि सफल साहित्यिक विधा कथा हो । २० सालमा **रूपरेखा** पत्रिकामा प्रकाशित **एक यात्रानुभूति** उनको पहिले प्रकाशित कथा हो ।[२७] उनीद्वारा प्रकाशित रचनाहरूमा **अँध्यारो द्वीपमा** (२०३५), **गौतमका केही प्रतिनिधि कथाहरू** (२०४४), **संरक्षक** (२०४८), **ध्रुवचन्द्र गौतमका एकाउन्न कथा** (२०५८), **साठी वर्षका हृदयघात तथा कथा दृष्टिकोण** (२०६०), **पहिलो प्रेमको संस्मरण** (२०६६) हुन् । स्वैरकल्पना, श्यामव्यङ्ग्य, अनेकबिम्ब, प्रतीक र मिथकको प्रयोग गर्दै परिष्कृत, परिमार्जित भाषा शैलीमा सामाजिक समस्या रहस्यात्मकता, सहरिया दुष्प्रवृत्ति, यौनजन्य

---

[२५] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ.३५९ ।

[२६] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ.२६६ ।

[२७] गोविन्द गिरी प्रेरणा **"कथाकर ध्रुवचन्द्र गोतमको कथा-यात्रा"** आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम, पूर्ववत्, पृ.१५१ ।

क्रियाकलापको यथार्थ रूप उनका कथामा पाइन्छ ।[२८] उनका कथाहरूमा यौन मनोविज्ञानका अतिरिक्त विसङ्गति र अस्तित्व चेतना घोलिएका पाइन्छन ।[२९]

### २.१.७.३ नाटककार

ध्रुवचन्द्र गौतमका आख्यान विधापछिको सफल विधा नाटक हो । २०१८ सालमा **पिकनिक** नाटक लेखन र मञ्चनबाट नाट्य क्षेत्रमा प्रवेश गरेका हुन् । उनको प्रकाशित पहिलो नाटक **त्यो एउटा कुरा** (२०३०) हो ।[३०] उनीद्वारा रचना गरिएको नाटकहरूमा **त्यो एउटा कुरा** (२०३०), **भस्मासुरको नली हाड** (२०३७), **समानान्तर** (२०३९), **द्वन्द्व** (२०४०) हुन् । उनका **श्रीकृष्ण लीला** (२०४१) गीति नाटक र **दुर्गा अवतार** (२०४२), नृत्यनाटिका २०२० तिर रचना भएको मानिन्छ । उनको पछिल्लो समयमा रचना गरिएका नाटकहरूमा **नाटक कसरी थाल्ने हो ?** (२०५२) र **कीर्तिमान** (२०५३) रहेका हुन । **श्रीकृष्ण लीला** र **दुर्गा अवतार** बाहेक अन्य नाटकहरू एकत्रित गरी **भस्मासुरको नली हाड** र **अरू नाटकहरू** (२०५६)मा प्रकाशित भएका छन् ।[३१] गौतमले नाटकमा नेपाली समाजमा आएका विसङ्गत धारणा, राजनीतिक र प्रशासनिक विकृतिलाई जिउँदो रूपमा उतारेका छन् । सम्वाद र अभिनयको कौतूहलपूर्ण प्रस्तुति नेपाली जनजीवनको इतिवृतात्मक आचरणका साथै समाजका अस्वस्थ र विसङ्गत स्वभावलाई पनि उनका नाटकले प्रतिपादन गरेको छ ।[३२]

---

[२८] खगेन्द्र लुइँटेल, पूर्ववत्, पृ.१७, १८ ।

[२९] राजेन्द्र सुवेदी, **सृजनविधाका परिधिभित्र ध्रुवचन्द्र गौतम**, पूर्ववत्, पृ.४ ।

[३०] केशवप्रसाद उपध्याय, पूर्ववत्, पृ.१६७ ।

[३१] ऐजन, पृ.१६८ ।

[३२] राजेन्द्र सुवेदी, पूर्ववत, पृ.७ ।

### २.१.७.४ कवि तथा गीतकार

गौतमको साहित्यिक यात्रा कविताबाट नै सुरु भएको हो । फुटकर कविता र गीतका स्रष्टा गौतम २०१५ देखि २०२० का बिचमा वर्षहरूमा पूर्णरूपमा कवितामा केन्द्रित थिए ।[३३] २०२० सालमा **रूपरेखा** पत्रिकामा **तटस्थता : असफलता** प्रकाशन गरी औपचारिक रूपमा साहित्यमा प्रवेश गरेका हुन् । उनका अन्य फुटकर कविताहरूमा **अन्त्यहीन क्रम** (रूपरेखा ५/६, २०२१), **रानी पोखरीको किनारमा (रूपरेखा** ६/१, २०२३) **अवशेष नगर एक परिचय (रूपरेखा**, ८/२, २०२४) **दिन : टुक्राहरूमा (रत्न श्री** १०/६, २०३०), **नबवर्ष** (**मधुपर्क** (५,२२६,२०३६) आदि हुन् ।[३४] उनको कवितामा जीवनको निस्सारता, विसङ्गति विकृति एवम् मानवीय आत्मिक प्रेमको आभिव्यक्तिका साथै प्रकृतिको मानवीकरण गर्दै अभाव सन्त्रास, मानवीय इच्छा-आकांक्षालाई मुक्त छन्दमा प्रस्तुत गर्दछन् ।

### २.१.७.५ निबन्धकार

साहित्यका विविध क्षेत्रमा कलम चलाएका गौतम निबन्धकारका रूपमा पनि परिचित भएका छन् । उनले सिर्जना गरेको संस्मरणात्मक निबन्ध **बाल्यकाल** (२०५०), **मेरो जापान भ्रमण** (२०६३), **जर्मनी** (२०६५) आदि महत्त्वपूर्ण छन् ।[३५]

### २.१.७.६ स्तम्भकार/चिन्तक

ध्रुवचन्द्र गौतम तत्कालीन अवस्थामा निस्किएका पत्रिकाहरूमा विभिन्न नामका स्तम्भ राखेर लेख्ने कार्यमा संलग्न रहेका छन् । पञ्चायती राजनीतिमा देखिएका विकृति र असन्तुष्टिका भावनालाई व्यक्त गर्न उनले साहित्य, संस्कृति, राजनीति र आर्थिक क्षेत्रमा

---

[३३] ऐजन, पृ.३ ।

[३४] खगेन्द्र लुइँटेल, पूर्ववत्, पृ.१२ ।

[३५] हरिप्रराद खरेल, पूर्ववत, पृ.९ ।

देखिएका विसङ्गतिलाई प्रस्तुत गर्ने लेखनमा सक्कली-नक्कली नाममा सामयिक लेख लिएर देखिएका छन् ।[३६] विश्व साहित्यमा देखापरेका नवीन मान्यतामा आधारित भएर नेपाली समाजका परम्परागत मूल्यहरूमा विसङ्गति देख्ने र विचारमा अमूर्तता प्रतिपादन गर्न, भग्न-भाषा विकीर्ण भाव र विच्छिन्न मान्यताका वीचमा जीवनलाई मूल्य दिन खोज्ने दिशामा क्रियाशील वनेका छन् । गौतमले आफ्ना चिन्तनमूलक रचना **गोरखापत्र, मघुपर्क, जनज्योति**, **देशान्तर, नेपाली आवाज, समकालिन साहित्य, समीक्षा, साप्ताहिक मञ्च, हिमालय टाइम्स** आदि विभिन्न पत्रिकामा प्रकाशित गरेका छन् ।[३७]

## २.१.८ पुरस्कार

नेपाली साहित्यका विभिन्न विधामा कुशलतापूर्वक कलम चलाउने गौतमले आफ्नो साहित्यिक यात्राका क्रममा विविध पुरस्कार र सम्मानद्वारा पुरस्कृत र सम्मानित भएका छन । २०१८ सालमा राम्रो गीत लेखेर र गाएबापत राजा महेन्द्रबाट भा.रू.१००,[३८] राजा महेन्द्रबाट उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान (२०१९), महेन्द्र विद्याभूषण 'क' श्रेणी (२०३७), मदन पुरस्कार (२०४०), नोबेल पुरस्कारका लागि पेन नेपालबाट संस्थागत रूपमा  प्रथम मनोनयन (२०४५), नारायणी बाङ्मय पुरस्कार (२०४५), गँकी वसुन्धरा पुरस्कार (२०५०), वीरगञ्ज उपमहानगरपालिका पुरस्कार (२०५६), गरिमा पुरस्कार ( २०५६), मधुपर्क पुरस्कार (२०५९), साझा पुरस्कार (२०५९), नारी साहित्य प्रतिष्ठानद्वारा सम्मान (२०६०), आख्यानपुरुष उपाधि (२०६०), भूमिपुत्र सम्मान (२०६०)[३९] र राष्ट्रिय प्रतिभा पुरस्कार (२०६७) आदि । यसका अतिरिक्त अनेक सङ्घसंस्थाबाट सम्मानित र

---

[३६] रानेन्द्र सुवेदी, पूर्ववत्, पृ.८ ।

[३७] खगेन्द्र लुइँटेल, पूर्ववत् ।

[३८] ध्रुवचन्द्र गौतम, **बाढी** (काठमाडौं : नेपाल लेखक सङ्घ, २०५९) पृ.१३० ।

[३९] खगेन्द्र लुइँटेल, **नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान**, पूर्ववत् पृ.११ ।

अभिनन्दित भएका छन् । उनले पाएका यी सबै पुरस्कार सम्मान एवम् अभिनन्दन साहित्यिक एवम् सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानका लागि गरिएको कदर हो ।

यसरी २०२० सालदेखि औपचारिक रूपमा  नेपाली साहित्यका विभिन्न फाँटमा चम्किएका ध्रुवचन्द्रको लेखन प्रक्रिया हालसम्म पनि निरन्तर रहेको छ । अन्य विधामा भन्दा आख्यानका उपन्यास र कथा विधामा बढी सक्रिय रहेका गौतम अन्य विधामा भन्दा उपन्यासमा अद्वितीय र अमर नै रहेका छन् । सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले उनका उपन्यासहरू सफल रहेका छन् । लेखनको क्षेत्रमा केही न केही नवीन प्रयोग गर्ने गौतम हालसम्म पनि लेखन कार्यमै निरन्तर लागिरहेकोले अझ स्तरीय र नवीन ढाँचामा अन्य कृति जन्माउलान् भन्ने आशा गर्न सकिन्छ ।

## २.२ ध्रुवचन्द्र गौतमको उपन्यास यात्रा

ध्रुवचन्द्र गौतमले वि.सं. २०२४ बाट नवीन मूल्य र मान्यतालाई स्थापित गर्दै आरम्भ भएको उपन्यास यात्राले बर्तमान समयसम्म आउँदा विभिन्न मोड र प्रवृत्तिहरू पार गर्दै निरन्तर रूपमा  नेपाली उपन्यास जगतमा भिन्न धुरी कायम गरेको छ । उनको औपन्यासिक यात्राको आरम्भ विन्दु **अन्त्यपछि** देखि नै नेपाली उपन्यासमा प्रयोगवादी प्रवृत्ति भित्राउँदै त्यस पछिका आफ्नो लेखनमा विभिन्न नवप्रयोग गर्दै त्यसलाई हुर्काउने काम निरन्तर विस्तार, विकास र सम्बर्द्धन गरेका छन् । यो परम्परा २०६७ मा प्रकाशित **अप्रिय** सम्म एवम् अझ रहेको छ ।

परम्पराभन्दा भिन्न प्रवृत्ति लिएर वि.सं. २०२४मा **अन्त्यपछि** उपन्यास प्रकाशित भयो । यसमा नवचेतनाकासाथ विसङ्गति र अस्तित्वको द्वन्द्वमा अल्झिएका गौतम विस्तारै अस्तित्वमा विसङ्गति र विसङ्गतिमा मनोविज्ञान सामेल गर्न थाले । उनको दोस्रो उपन्यास **वालुवामाथि** (२०२८)ले मानिसको जीवन अत्यन्त निरर्थक छ र जीवनलाई नियतिको हतियारको रूपमा  स्वीकार गर्नुपर्ने स्थितिलाई अभिव्यञ्जित गर्न खोजेको छ ।

मानवीय जीवनको एक्लोपनको विषाद एवम् न्यासोपन र निरर्थकताको अनन्य पीडालाई मूल रूपमा व्यक्त गरेको छ ।

गौतमको अर्को उपन्यास **डापी** (२०३३)ले नवचेतना मूलक उपन्यासको पहिलो प्रयोगको रूपमा  प्रकाशित भयो । तत्कालीन समयका यथार्थ रूपलाई दिंदै मान्छे स्वतन्त्र निर्णय गर्न नसक्ने भएको छ भन्ने कुरालाई देखाउन स्वैरकल्पनाको सहारा लिएका छन । प्रतीकात्मक रूपमा देखिएको उपन्यासले समाजमा देखिएको क्रुर, विकृति, विसङ्गतिलाई कलात्मक प्रयोगबाट देखाउन खोजेको छ । नेपाली शैक्षिक र आर्थिक जीवनमा व्याप्त भएका विकृति र विसङ्गतिलाई आलोचनात्मक दृष्टिले हेर्ने काम **कट्टेल सरको चोटपटक** (२०३७)मा देखापरेको छ । स्वैरकल्पनात्मक रूपमा यथार्थको चित्रण गर्दै मिश्रित दृष्टिविन्दुको प्रयोग गरिएको उपन्यासले जीवन्तता प्राप्त गरेको छ । यस उपन्यासमा आधारित भएर **वासुदेव** चलचित्र निर्माण भएको छ ।[४०]

**अलिखित** (२०४०)मा राणाशासन पछिको चार दशक अवधिलाई लिएर लेखिएको वहुनायकत्व र एक बर्षको समय सीमामा बाँधिएको उत्खनन टोलीको चित्रण मार्फत् तत्कालीन नेपाली समाजको र लेखक स्वयमकै उत्खनन् गर्ने काम भएको छ । स्वैर कल्पनामा आधारित मिथकीय प्रयोगले अलिखित रूपमा रहेको गाउँको अवस्थालाई अन्त्यमा कतै पनि नभएको किम्वदन्तीमा मात्र जीवित रहेको बिरहिनपुर वरेवाको इतिवृत्तान्त प्रस्तुत गरिएको छ । मिश्रित दृष्टिबिन्दुको प्रयोग र समाजवाद यथार्थवादी र आलोचनात्मक यथार्थवादको नमुनाको रूपमा **अलिखित** रहेको छ । २०४३ सालमा प्रकाशित **निमित्त नायक** उपन्यासले समाजका विकृति, विसङ्गतिलाई उजागर गर्दै पञ्चायती कालमा नेपाली जनता निमित्त नायक भन्दा माथि पुग्न नपाएको कुरालाई देखाउन खोजेको छ । विकृति र विसङ्गतिलाई व्यङ्ग्य र प्रतीकमार्फत् देखाउन खोजेका छन् ।

---

[४०] राजेन्द्र सुवेदी, **सृजनविधाको परिधिभित्र ध्रुवचन्द्र गौतम**, (ललितपुर : साझा प्रकाशन, २०४४), पृ.७ ।

स्वैरकल्पनात्मक प्रयोगको अर्को उपन्यास **स्वर्गीय हीरादेवीको खोज** (२०४५) हो । यसमा समकालीन युगजीवनका विसङ्गति तथा त्रासदीलाई गहन तलामा पुगेर चुम्ने प्रयत्न गरिएको छ । यसद्वारा राणाकालीन शासनको यौन भोगवादी प्रचलनमाथि व्यङ्ग्य गरिएको छ । चेतनप्रवाह शैलीद्वारा विसङ्गतिमूलक एक्लोपनको अभिव्यक्ति **एक शहरमा एक कोठा** (२०४६) ले गरेको छ । नेपाली समाज र जीवनका निम्न आय हुने कर्मचारीहरूको जीवनपद्धति र उनीहरूले बाँच्नुको बाध्यतालाई सचेततापूर्वक प्रस्तुत गरिएको छ । स्वैरकल्पनाको माध्यमबाट अवैध र भ्रष्ट आचरणलाई उदाङ्गो पार्ने काम गरिएको छ । मनोविज्ञान र अस्तित्वको समन्वयात्मक रूप पाउन सकिन्छ ।

**उपसंहार अर्थात् चौथो अन्त्य** (२०४८) पुनस्थापित प्रजातन्त्र र त्यसका लागि सङ्घर्ष गर्ने आस्थावान प्रजातन्त्रप्रेमीहरूप्रति विश्वासघात गर्ने जोखिमपूर्ण अवस्थाको द्योतक हो ।[४१] २०४६ सालको जनआन्दोलनपछि पनि आन्दोलनकै विरोध गरिरहने शासकद्वारा नै नेपाल आमाको अस्मिताको हत्या र बलात्कार तथा आम नेपाली जनताले गरेको आशा भरोसा माथिको तुषारापातलाई असली प्रजातन्त्रवादीहरू बसेर टुलुटुलु हेर्नु सिवाय अरू केही गर्न नसकेको अवस्थालाई यथार्थ रूपले प्रस्तुत गरिएको छ । प्राप्त प्रजातन्त्रको पुनः हत्या हुन सक्ने आशङ्कालाई स्वैरकल्पनात्मक रूपमा  प्रस्तुत गरिएको छ । अस्तित्व, विसङ्गति, स्वैरकल्पना, सूत्रात्मकता यौनको यथार्थ रूप प्रस्तुत गर्दै नवीन प्रयोगवादी आत्मन्यासात्मकता आदि प्रवृत्तिको समीकरण गरिएको छ । **दुविधा** (२०५२) स्वैरकल्पनाका साथै नवीन कथ्यको उद्घाटन गरिएको उपन्यास हो । **दुविधा** अनेक अनुकूल र प्रतिकूल मानवीय सम्बन्धको द्वन्द्वबाट रङ्गिएको मानवीय दुविधाको यथार्थवादी र ज्वलन्त प्रस्तुति हो ।[४२]

---

[४१] कृष्णचन्द्रसिंह प्रधान, **"ध्रुवचन्द्र गौतमको उपन्यासकारिता"**,  आख्यानपुरुष डा.ध्रुवचन्द्र गौतम पूर्ववत्, पृ.४ ।

[४२] मोहनराज शर्मा, **भूमिका खण्ड दुविधा** (ललितपुर : साझा प्रकाशन, २०५२)

प्रथम नेपाली उपन्यास **वीरचरित्र**को एक पात्रलाई लिएर (२०५३) मा प्रकाशित **अग्निदत्त+अग्निदत्तमा** विम्वात्मकता पाउन सकिन्छ । ऐतिहासिक मिथक, पौराणिक मिथक र वर्तमानको पनि मिथकीकरण यसमा गरिएको छ ।[४३] **बाढी** (२०५६) आफ्नै जीवनको अनुभवलाई लिएर लेखिएको अनुभवन्यास हो । यसमा जन्मेदेखिका २०३० साल पूर्वका सबै घटनालाई चेतचन्द्रका माध्यमबाट प्रस्तुत गरिएको छ । नेपाली उपन्यास परम्परामा नौलो प्रयोग गर्ने कार्य **बाढी**मा पनि देखिएको छ । अनुभवन्यास ५ खण्डमा विभाजित विधा भञ्जन गरिएको नवप्रयोग हो ।

सूत्र उपन्यासमा कुनै पनि परिच्छेद उपन्यासको आदि, मध्य र अन्त्य भाग हुने सामर्थ्यको साथ संरचित भएको हुन्छ । एउटा परिच्छेदलाई जुन क्रममा राखे पनि सूत्र भङ्ग हुदैन र संरचनामा पनि क्षति हुँदैन । प्रत्येक परिच्छेद सूत्र वा धागो झैं निर्मित भएका हुन्छन् र अर्को परिच्छेदलाई सँगै सजिलै धागाको गाह्रो जस्तै बाध्न सकिन्छ । कुनै पनि सूत्रलाई अगाडि र पछाडि बनाउन सकिन्छ । यसो गर्दा उपन्यासको स्वाद, प्रभाव, अनुभव र अर्थ एवम् उपन्यास सबै पाइन्छ । कुनै पनि एक सूत्र आफैमा पूर्ण भएको परिच्छेद हो । अगाडि र पछाडिको सम्बन्ध हुँदैन त्यसैले पनि सूत्रलाई जहाँ राखेपनि अर्थ र संरचना भिन्न हुदैन । सूत्रउपन्यासको पहिलो नमुनाको रूपमा  पनि स्वैरकल्पनात्मक उपन्यास **फूलको आतङ्क** (२०५५) हो । यसमा २०५५ सालभरि घटेका घट्नाहरूलाई सूत्रात्मक रूपमा  स्वतन्त्र पाठ र पठन गर्न पाठकीय स्वतन्त्रता निर्माण गरी सिर्जिएको उपन्यास हो । यसमा १२६ सूत्रमा देश, काल, पात्र, घटनाको रोचक-घोचक, यथार्थ विङ्गतिपूर्ण चरणहरू रहेका छन् । यसैगरी **मौन** (२०५८) अर्को सूत्र उपन्यास हो । १८३ सूत्रमा रचना गरिएको उपन्यासमा वर्तमानका विकृति र विसङ्गतिहरू विस्फोट भएका

[४३] राजेन्द्र सुवेदी, पूर्ववत् ।

छन् । यसमा सूत्रात्मकताको विशेष भूमिका विषय, शैली, भाषा प्रस्तुति आदि सबै क्षेत्रमा नयाँ ढप र ढाँचा थपेको छ ।[४४]

निषेधले घेरिएका युवा पुस्ताका प्रणयात्मक अनुबन्धनलाई गहकिलो गरी जनाउने प्रयास **सहस्राब्दीको आन्तिम प्रेमकथा** (२०५७)मा पाइन्छ । यस उपन्यासमा वर्तमानका विकृत मांसल प्रेमको शल्यक्रिया गरिएको पाइन्छ । मिथकले भरिपूर्ण उपन्यास **भीमसेन ४ को खोजी** (२०५८)मा महाभारतको मिथकद्वारा वर्तमान समयको वस्तुस्थिति वा देशलाई अन्योलको स्थितिबाट जोगाउन तीन वटा भीमसेन अनुपयुक्त भएको हुँदा चौंथो भीमसेनको खोजी भइरहेको छ । यो यथार्थ भित्र त्रास अडेका जनताको मुक्तिका लागि सामर्थ्यवान छ । त्यस्तो भीमसेन अझै देशमा उपलव्ध भएको छैन । यो उपन्यास पनि नव प्रयोगको एक नमुना हो ।

स्वैरकल्पना र सयसामयिकतामा जोड दिएर लेखिएको अर्को उपन्यास **तथाकथित** (२०५९) हो । यसमा समकालीन समाज र जनजीवनका यावत् विकृति विसङ्गतिलाई बिम्ब संयोजन, मिथकहरूको प्रयोग एवम् प्रतीकात्मक प्रस्तुतिले उजागर गरी समाजलाई सचेतताको सङ्केत गरेका छन् । २०४६ साल पछिका राजनीतिक सामाजिक व्यवस्थाप्रति व्याङ्ग्य गरिएको छ । अनुभवन्यासको रूपमा आएको नौलो उपन्यास **बाढी**को दोस्रो भागको रूपमा **घुर्मी** (२०६१) आएको छ । **घुर्मी** अस्तित्ववादी र विसङ्गतिवादी चिन्तनले भरिएको उपन्यास हो । मानिसको जीवन मियोमा बाँधिएको गोरू जस्तै एकै ठाउँमा फनफनी घुम्दो रहेछ भन्ने कुराको चर्चा गरिएको छ ।

**अलिखित** उपन्यासको झैँ परिवेश र भोजपुरीनेपाली भाषामा लेखिएको स्वैर कल्पनात्मक उपन्यास **जेलिएको** (२०६२) हो । सहलेखन जस्तो देखिएपनि लेखक र त्यस भित्रको एक पात्र राम उपाध्याय हो । यसमा अपरम्परित तथ्यहरू जेलिएका छन् । एक वस्तु वा घटनाको स्वरूप अर्कोसँग नछुट्टिने गरी मिलित भएपछि त्यो जेलिन्छ । यसमा

[४४] मोहनराज शर्मा, **भूमिका खण्ड**, मौन (काठमाडौं : प्रतिभा प्रकाशन, २०५८), पृ.च ।

लेखन प्रक्रिया यस्तै भएको नव प्रयोग गरिएको स्वैरकल्पनामा आधारित छ । उनको अर्को उपन्यास **एक असफल आख्यानको आरम्भ** (२०६५) प्रकाशित भएको छ । यसमा उनी विशुद्ध उपन्यासकारका रूपमा देखिएका छन् ।[४५] यसमा विषयवस्तुको रूपमा राजनैतिक, सामाजिक र शैक्षिक आदि क्षेत्रमा देखिएका विकृति विसङ्गति व्यङ्ग्य प्रस्तुत गरिएको छ । उनको हालसम्मको अन्तिम उपन्यास **अप्रिय** (२०६७) प्रकाशित भएको छ । यसमा स्वैरकल्पनाको प्रयोगले तत्कालीन समयका यथार्थ रुपलाई देखाएका छन् ।

यसप्रकार नेपाली उपन्यास परम्परामा परम्परा भन्दा भिन्न पहिचान देखाउन रूचाउने गौतमले परम्परित औपन्यासिक रूपरचना र सिद्धान्त भन्दा फरक नवीन कथ्य, संरचना शिल्पमा संरचित उपन्यासहरूको रचना गरिरहेका छन् । प्रयोगधर्मीताको **अन्त्यपछि** (२०२४)बाट सुरूवात भएको औपन्यासिक यात्रो **अप्रिय** (२०६५) सम्म आउँदा विभिन्न नवीन बान्कीका उपन्यासहरू लिएर नेपाली उपन्यास फाटमा देखापरेका छन् । उनको उपन्यासको सापेक्ष सम्बन्ध आफ्नै वस्तु स्थितिसित छ । जो मानवीय अवमूल्यन र बेथिति दिग्दर्शित गर्ने प्रक्रियामा पूर्णतया देशीकृत भएर समसामयिक जीवन तथा यहाँको विसङ्गतिहरूलाई परिलक्षित गर्छ ।[४६] गौतमका यिनै उपन्यासहरू र तिनीहरूका लेखन क्रमका आधारमा उनमा देखापरेका शैलीगत, प्रवृत्तिगत र रूप रचनागत विविधताका आधारमा उनको उपन्यास यात्रालाई तीन चरणमा विभाजन गर्न सकिन्छ :

- पहिलो चरण : वि.सं. २०२४ देखि २०२८ सम्म
- दोस्रो चरण : वि.सं. २०२९ देखि २०४७ सम्म
- तेस्रो चरण : वि.सं. २०४८ देखि वर्तमानसम्म

---

[४५] हरिप्रसाद खरेल, **ध्रुवचन्द्र गौतमका उपन्यासमा प्रयुक्त भाषिक प्रयोग**, अप्रकाशित शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, २०६५), पृ.१२ ।

[४६] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत, पृ. ५ ।

## पहिलो चरण

उपन्यासकार ध्रुवचन्द्र गौतमको औपन्यासिक यात्राको प्रथम चरणको समयको रूपमा २०२४ देखि २०२८ सालसम्मको समयवधिलाई लिन सकिन्छ । उपन्यास परम्परामा नै नौलो प्रवृति लिएर देखापरेका छन् । गौतमको उपन्यास लेखनको आरम्भ आस्तित्विक विसङ्गतिवादी प्रयोगवादी धरातलबाट गरेका छन् । अग्रज उपन्यासकार इन्द्रबहादुर राई, वि.पी. र पारिजातद्वारा प्रयुक्त विसङ्गतिवादी र अस्तित्ववादी धारालाई मान्यतालाई मलजल प्रदान गर्दै फराकिलो बनाउने काम गौतमबाटै भएको छ ।

आधुनिक नेपाली उपन्यास परम्परामा देखापरेको विसङ्गतिवादी अस्तित्ववादी लेखनलाई **अन्त्यपछि** (२०२४)ले निकै दरिलो भएको छ । समयका रूपमा  छोटो अवधि ( पाँच वर्ष) भए पनि त्यस अवधिमा नेपाली उपन्यास परम्परामा विभिन्न नव प्रयोगलाई अगाडि बढाएका छन् । विसङ्गतिवादी अस्तित्ववादी विचार धारालाई शिखरमा पुऱ्याउन सफल देखिन्छन् । परम्परा भिन्न प्रयोगवादी प्रवृत्तिलाई अँगाल्दै पहिलो उपन्यास लेखेका छन् । **अन्त्यपछि**मा कल्पित परिवेश, अनामिक परिवेशमा घटित घटनाहरूलाई प्रस्तुत गरेका छन् । क्षीण कथानक, अनामपात्र,अनिश्चित परिवेश, निर्वाशित मानशिकता बोकेका पात्रहरुको कारुणिक र दयनिय स्थिति **अन्त्यपछि**मा देखापरेको छ । समाजमा व्याप्त असुरक्षा अभाव उत्पीडन, नैराश्य, असद्वृत्ति र दुराचार आदिका आक्रमणबाट त्रस्त मानव मनोविज्ञानको उद्घाटन गरेको छ । मान्छे विभिन्न परिणतिलाई भोग्न विवश छ भन्ने कुरा नै यसको मूल आशय रहेको छ ।[४७] यस चरणको अर्को उपन्यास **बालुवामाथि**  (२०२८) हो । यसमा मानवीय एक्लोपनको विषाद् तथा न्यास्रोपन र निरर्थकताको पीडालाई मूल

[४७] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,** दो.स.(ललितपुर : साझा प्रकाशन, २०६४), पृ.३६१ ।

रूपमा प्रयुक्त गर्न सक्षम रहेको छ ।[४८] 'म' पात्रको केन्द्रीयतामा लेखिएको उपन्यासमा भविता र शून्यताका बीचको घर्षणमा आफ्नो अस्तित्व पहिल्याउने काम गरिरहेछ ।[४९]

यसरी गौतमको प्रथम चरणमा आएका दुई उपन्यासको प्राप्ति भनेको मानिसले आफ्नो अस्तित्वका लागि सङ्घर्ष गर्नुपर्दछ र सङ्घर्ष गर्दा गर्दै अन्त्यमा शून्यता बोध गरी विसङ्गतिमा समाप्त हुन्छ भन्ने कुरा देखाउनु हो । समाजमा देखापरेका धार्मिक, राजनैतिक, आर्थिक, साँस्कृतिक आदि क्षेत्रमा देखिएका विकृतिहरूलाई लेखनको मूल आधार बनाएका छन् । यी दुई उपन्यासपश्चात् उनको लेखनमा अस्तित्ववादी विङ्गितिवादी हुँदाहुँदै पनि आलोचनातर्फ मोडिएर नयाँ चरण देखापरेको छ ।

**दोस्रो चरण**

उपन्यासकार गौतमको उपन्यास लेखनको करिब दुई दशकको समयावधिलाई यस चरणले समेटेको छ । यो चरण उनको उपन्यास यात्राको दृष्टिले सङ्ख्यात्मक एवम् गुणात्मक दुवै रूपले उर्वर र महत्त्वपूर्ण रहेको छ । अस्तित्व र विसङ्गतिलाई समान रूपमा अङ्गीकार गर्दै अगाडि बढाएका छन् । यस चरणमा मौलिक सीपको नौलो प्रयोग र चिन्तनगत भिन्नता देखिन्छ । २०३३ सालमा प्रकाशित **डापी** उपन्यास गौतमको उपन्यास सृजनपरम्परामा स्वैरकल्पना प्रयोगका दृष्टिले नयाँ मोड आरम्भ गर्ने आस्तित्विक प्रबलतालाई चरमोत्कर्ष प्रदान गर्ने उपन्यास भएर देखापरेको छ ।[५०] अस्तित्व विसङ्गतिबाट आरम्भ गरेका उपन्यासको दोस्रो चरणमा आउँदा स्वैरकल्पना, मिथकीयता, प्रतीकात्मकता, असित व्यङ्ग्य हुँदै आलोचनात्मक यथार्थवादतर्फ अग्रसर भएको छ । **डापी**बाट मूल्यान्तरण प्रक्रियाको आरम्भ भएको र **कट्टेल सरको चोटपटक**बाट भने मूर्त

[४८] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, दो.सं. (ललितपुर : साझा प्रकाशन, २०५८), पृ.२६५ ।

[४९] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, पूर्ववत्, पृ.३६२ ।

[५०] ऐजन, पृ. ३६५ ।

रूपमा  प्रकट भएको छ ।[५१] यसै चरणमा उनका अन्य उपन्यास **कट्टेल सरको चोटपटक** (२०३७), **अलिखित** (२०४०), **निमित्त नायक** (२०४३), **स्वर्गीय हीरादेवीको खोज** (२०४५), र **एक सहरमा एक कोठा** (२०४६) गरी जम्मा छ वटा रहेका छन् । आरम्भिक चरणको प्रयोगगत जटिलता र बौद्धिकताबाट पन्छिँदै उनले उपन्यासलाई सामाजिकतासँग जोड्ने प्रयास यस चरणमा गरेका छन् । यसको निरन्तरता **उपसंहार अर्थात् चौथो अन्त्य** (२०४८) सम्म पाउन सकिन्छ । वर्तमान अवस्थामा शिक्षक जीवनको अभाव, शैक्षिक संस्थाहरूमा भइरहेका र हुन सक्ने भ्रष्टाचारका साथै अन्य क्षेत्रमा देखिने चाकडी भन्दा योग्यता कमजोर, हाजिरी भन्दा कार्य सम्पादन कमजोर र चाप्लुसीभन्दा इमानदारी कमजोर हुँदै गएको तथ्यलाई उजागर गर्दै समाजका विकृति र विसङ्गतिलाई मात्र देखाँउदैनन् त्यसप्रति **कट्टेल सरको चोटपटक**का माध्यमबाट व्यङ्ग्य पनि गरेका छन् ।[५२] २०४० सालमा प्रकाशित **अलिखित** समसामयिक परिप्रेक्ष्यमा मिथकीय प्रतीकात्मकता अर्थ्याएको अस्तित्वविहीन जीवनको यथार्थतम प्रतिकृति हो ।[५३] विभक्त नायकत्वमा केन्द्रित **अलिखित** उपन्यास एक वर्षको समय सीमामा बाँधिएको छ । बिरहिनपुर बरेवाको ऐतिहासिक किंवदन्तीलाई कथावस्तु बनाएर लेखिएको प्राचीन सभ्यता र पुरातात्विक मूल्यको उत्खनन गर्नका निम्ति आएका एघार जना र स्थानीय जिम्दार समेतको नायकको भूमिकामा चेतनप्रवाह शैलीमा लेखिएको उपन्यास हो । स्वैरकल्पनात्मक गाउँको माध्यमबाट समाजमा देखिएका विकृति, विसङ्गति, हत्या, बलात्कार, शोषण आदिलाई देखाइएको  छ । पतनतिर उन्मुख भएको सामाजिक व्यवस्था, नैतिक र मानवीय मूल्यको ह्रास भएको कुरा स्पष्ट पारेको छ । **निमित्त नायक** (२०४३) हामी केवल निमित्त नायक मात्र हौं आफै कोही होइन भन्ने अर्थमा आएको छ । यथास्थितिको कटु आलोचना,

---

[५१] ऐजन, पृ.३६७ ।

[५२] राजेन्द्र सुवेदी, **सृजनंविधाका परिधिभित्र ध्रुवचन्द्र गौतम**, पूर्ववत्, पृ.५६ ।

[५३] कृष्णचन्द्र सिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार**, चौ.सं.(ललितपुर : साझा प्रकाशन, २०६१), पृ.४१८ ।

विसङ्गतिको प्रस्तुति र थोरै सुधारको मौन सन्देश यस मार्फत् आएको छ । तत्कालीन पञ्चायती अवस्थाको सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक विसङ्गति एवम् सहरी सभ्यताको विकृतिलाई उजागर गरेको छ ।

**स्वर्गीय हीरादेवीको खोज**ले खस्किदै गएको अभिजात वर्गको संस्कार र अभिजात्य संस्कृतिको अवशेषलाई समेटेर तयार भएको छ । काठमाडौंको कार्यपीठिकामा अभिजातवर्गको जीवनपद्धतिलाई पुस्ता द्वन्द्वको विसङ्गतिलाई स्पस्ट पारेको छ ।[५४] शासकका अमानवीय विशृङ्खलित क्रियाकलापलाई स्वैरकल्पनात्मक रहस्यका साथ आफ्नै देशका जनताले शरणार्थीको जीवन भोग्न बाध्य छन्। **एक सहरमा एक कोठा** (२०४६) २०४६ साल पूर्वको राजनैतिक व्यवस्थाले उब्जाएको दिशाहीन समाजको वस्तुस्थितिलाई उजागर गरेर आर्थिक दुरावस्थाले उत्पन्न गरेका अप्ठ्यारा र बिब्ल्याँटाहरूको चित्रण मार्मिक र जीवन्त ढङ्गले प्रस्तुत गरिएको यस उपन्यासमा असङ्गतिका कुरालाई उजागर गरिएको छ ।[५५] चेतनाप्रवाह शैलीमा विसङ्गतिमूलक एक्लोपनको अभिव्यक्ति यसमा भएको छ ।

यसप्रकार **डापी**बाट सुरू भएको दोस्रो चरणको यात्रा **एक शहरमा एक कोठा**सम्म आइपुग्दा सङ्ख्यात्मक गुणात्मक दुवै दृष्टिले उत्कृष्टता प्राप्त गेरेको छ । यस अवधिमा स्वैरकल्पना, मिथक, असित व्यङ्ग्यमा आधारित भएर विसङ्गति र अस्तित्व पनि जोडिएर आएका छन् । उनी यस चरणका अन्तिम उपन्यासमा आउँदा आलोचनात्मक यथार्थवादी दिशातर्फ उन्मुख भइसकेका छन् ।

---

[५४] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, पूर्ववत्, पृ.३७१ ।

[५५] कृष्ण पौडेल, "**अभाव र विसङ्गतिको कथा : एक सहरमा एक कोठा**", आख्यानपुरुष डा.ध्रुवचन्द्र गौतम, पूर्ववत्, पृ.८० ।

### तेस्रो चरण

उपन्यासकार गौतमको उपन्यासयात्राको २०४८ पछिको वर्तमानसम्मको अवधिलाई तेस्रो चरण मानिएको छ । सिर्जनात्मक र प्रयोगात्मक दृष्टिले अत्यन्त महत्त्वपूर्ण चरण यसलाई मानिन्छ । आलोचनात्मक यथार्थवादलाई उपन्यास विधामा भित्राउदै **उपंसहार अर्थात चौथो अन्त्य** (२०४८) उपन्यास आएको छ । अमूर्त लेखन, रूपवादी चिन्तन स्वैरकल्पना, मनोविज्ञान, प्रकृतवाद, सूत्रात्मकता र आत्मन्यासात्मक जस्ता बहुलबादी प्रवृत्तिको समन्वयले उनको औपन्यासिक धरातल छुट्टै बन्न पुगेको छ ।[५६] नेपाली समाजमा देखिएको विकारग्रस्त यथार्थलाई प्रस्तुत गर्न प्रयत्नरत प्रस्तुत उपन्यास आलोचनात्मक यथार्थ र स्वैरकल्पनात्मक पक्षको सबभन्दा सबल उदाहरण बन्न पुगेको छ । नेपाली समाजमा आएका राजनैतिक परिवर्तनले विसङ्गतिलाई उन्मूलन गर्न सकिरहेको छैन भन्ने तथ्य उनको यस उपन्यासमा समाजको आलोचनात्मक यथार्थ भएर प्रकट भएको छ ।[५७] **दुविधा** (२०५२)मा समकालीन पीडा र देशमा देखापरेका अनेकौं विसङ्गतिमाथि कठोर आलेचनात्मक प्रहार गरेको पाइन्छ ।[५८] यसले एक पुस्ता र अर्को पुस्ताबिचको वैचारिक भिन्नता दर्शाउँदै प्रौढवयतिर लम्किरहेकाहरूको मानसिक अन्तर्द्वन्द्व र यथार्थ भोगाइलाई सजीव रूपमा  प्रस्तुत गरेको छ ।

प्रथम नेपाली उपन्यास **वीरचरित्र**को एक पात्र अग्निदत्तलाई लिएर लेखिएको **अग्निदत्त + अग्निदत्त**  उपन्यास उत्तरआधुनिकको एक तत्त्व विनिर्माण गरेर लेखिएको उपन्यास हो । यसमा नेपालको ब्रह्मलुट र नैतिकताको ह्रास प्रस्तुत गर्दा असित व्यङ्ग्य,

---

[५६] टङ्क भट्टराई, **"प्रकृतवादी उपन्यासकारूपमा उपसंहार अर्थात, चौथो अन्त्य"**, **कुञ्जिनी** (वर्ष ९, अङ्क ६, २०५८), पृ.८२ ।

[५७] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, पूर्ववत्, पृ.३२२ ।

[५८] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ.२६८ ।

स्वैरकल्पनात्मक राज्य, पौराणिक मिथकको प्रेरणा अभिव्यक्तिहरू प्रकट भएका छन् ।[५९] जसका माध्यमबाट प्रजातन्त्रोत्तर नेपालमा व्याप्त विकृति, विसङ्गतिको नग्न चित्रण गरिएको छ । उपन्यासका मानक तत्त्वहरूलाई बेवास्ता गर्दै गौतमले **फूलको आतङ्क** (२०५५), **मौन** (२०५८) सूत्र उपन्यास र **बाढी**लाई अनुभवन्यास भनेका छन् । उपन्यासकार गौतमले जन्मदेखि २०३० सम्मका जीवानुभूतिलाई शृङ्खलाबद्ध रूपमा उपन्यासमा लिपिवद्ध गरेका छन् । यसका घट्ना, पात्र, परिवेश आदि सबै कुराहरू आत्मकथा संस्मरणका रूपमा वास्तविक हुन् भने औपन्यासिक रूपमा काल्पनिक हुन् ।[६०] **तथाकथित** (२०५९)ले नेपालको सामाजिक, राजनीतिक र सांस्कृतिक पर्यावरण निकै विकारग्रस्त बन्दै गएको सत्यलाई रहस्य र स्वैरकल्पनामूलक स्वरूप प्रदान गरेको छ ।[६१] अति भौतिकतावादी र यान्त्रिकतावादी हुँदै गइरहेको मानिस अब प्रकृतिकै कोमल सिर्जना फूलदेखि पनि त्रस्त हुनुपरेको बिडम्बनालाई १२६ सूत्रमा **फूलको आतङ्क**ले समेटेको छ । सूत्रको अर्को रूप **मौन**मा पाइन्छ । १८३ सूत्रमा वर्तमानका विकृति र विसङ्गतिहरूलाई उजागर गर्ने काम गौतमले गरेका छन् । निषेधले घेरिएको युवा पुस्ताका प्रणयात्मक भावनालाई देखाउँदै राजनीतिक र आर्थिक कमजोरीका कारण मानिस सबैतिर निरीह साबित हुनुपर्ने कुरालाई **सहस्राव्दीको अन्तिम प्रेमकथा** (२०५६)ले प्रस्टाएको छ । सूत्र उपन्यासकै क्रममा मिथकीय नव प्रयोगको अर्को नमुना **भीमसेन ४ को खोजी** (२०६१) आएको छ । सामाजिक आर्थिक र राजनीतिक अन्यायबाट मुक्ति पाउन चौंथो भीमसेन खोजी गरिएको छ । अनुभवन्यास **बाढी**को निरन्तरतामै आएको अर्को उपन्यास **घुर्मी** (२०६१) हो । यसमा अस्तित्ववादी विसङ्गतिवादी चिन्तन परम्परामै आएको छ । बाहिरी रूपमा  सहलेखन जस्तो देखिने **जेलिएको** (२०६२) उपन्यास उपन्यासविधाको नवप्रयोगको

---

[५९] ऐजन, पृ.२७१ ।

[६०] लक्ष्मणप्रसाद गौतम, **"औपन्यासिक नवप्रयुक्तिको रूपमा बाढी र यसको आनुभवन्यासिक विश्लेषण"**, आख्यानपुरुष डा.ध्रुवचन्द्र गौतम, पूर्ववत् पृ.१२३ ।

[६१] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ.३७९ ।

अर्को नमूना हो । पात्रलाई नै सहलेखकको रूपमा प्रस्तुत गरिएको उपन्यासमा स्वैरकल्पनात्मक एवम् भोजपुरी नेपाली भाषाको प्रयोगलाई **अलिखित**मा झैं निरन्तरता दिइएको देखिन्छ । गौतमको उपन्यासका रूपमा **एक असफल आख्यानको आरम्भ** (२०६५) प्रकाशित भएको छ । उनले यसमा विशुद्ध साहित्यकारका रूपमा  उपस्थित भएर देशको समसामयिक क्षेत्रमा देखिएका समग्र पक्षका विकृति विसङ्गतिलाई व्यङ्ग्य मार्फत प्रस्तुत गरेका छन् । हालसम्मको अन्तिम उपन्यासका रुपमा **अप्रिय** (२०६७) प्रकाशित भएको छ । नेपाली समाजमा भएको विकारलाई यथार्थ रुपमा प्रस्तुत गर्ने प्रयत्न गरेका छन् ।

यसप्रकार गौतमको उपन्यास यात्राको अन्तिम चरणमा पूर्व प्रवृत्तिलाई निरन्तरता दिंदै मनोविज्ञान, स्वैरकल्पनाको उडानमा उच्चतम विन्दुमा पुगेर सहलेखन गर्ने नयाँ तरिका समेत रहेको देखिन्छ । उत्तरआधुनिक समयमा देखापरेका विभिन्न प्रवृत्तिहरूलाई आत्मसात गर्दै आख्यानपुरुष (२०६०) उपाधि प्राप्त गर्ने सफल आख्यानकार हुन् ।

**निष्कर्ष**

ध्रुवचन्द्र गौतम (२०००)ले नेपाली साहित्यका विविध विधाहरूमा कलम चलाए तापनि आख्यानमा महत्त्वपूर्ण योगदान दिएका छन् । आख्यानअन्तर्गत कथा र उपन्यास विधामध्ये उपन्यास अत्यन्त सफल विधा मानिन्छ । २०२४ सालको **रूपरेखा**मार्फत् **अन्त्यपछि** उपन्यास लिएर देखापरेका छन् । नवीन मूल्य र मान्यताका साथ एकपछि अर्को उपन्यास लेख्ने क्रममा **अप्रिय** (२०६७) सम्म निरन्तर रूपमा  लागेका छन् । आख्यान विधामै उत्कृष्टता प्राप्त गरेका हुनाले आख्यानपुरुष (२०६०) जस्तो गरिमामय उपाधि प्राप्त गरिसकेका छन् र उत्कृष्ट आख्यानकारका रूपमा स्थापित भएका छन् ।

गौतमले अस्तित्ववादी विसङ्गतिवादी मान्यतामा आधारित भएर औपन्यासिक यात्रा प्रारम्भ गरेका छन् । नयाँ-नयाँ प्रयोग र शैलीका माध्यमबाट नेपाली उपन्यासलाई विश्वसाहित्यका उपन्याससँग प्रतिस्पर्धा गर्न सक्ने सफल उपन्यास दिएका छन् । समाजमा देखिएका विकृति विसङ्गतिलाई स्वैरकल्पनात्मक रूपमा प्रस्तुत गर्दै आलोचनात्मक दृष्टिले

हेर्ने काम गरेका छन् । गौतम आफ्ना उपन्यासहरूमा समकालीन युग जीवनका विभिन्न कथा व्यथाहरूलाई प्रस्तुत गर्न पुराना मूल्य र मान्यताका विरूद्ध उभिएका छन् । उनले नायक नायिकाविहीन, सूत्र र अनुभव उपन्यास जस्ता नवीन प्रवृतिहरूको खोजी गर्दै उपन्यासहरू रचना गरेका छन् । स्वैरकल्पनात्मक प्रस्तुतिका माध्यमबाट विभिन्न मिथकहरूको प्रयोग गरेर समाजमा देखिएका यथार्थ प्रवृत्तिलाई उजागर गर्न सफल भएका देखिन्छन् । कथ्य भाषामा सरल र सहज एवम् अनौपचारिक शैलीमा असित व्यङ्ग्य प्रहार गर्दै निरन्तर रूपमा उपन्यासहरू सिर्जनामा लागि परेकाले आफ्नै प्रकारको औपन्यासिक शिल्पले गर्दा नेपाली साहित्यमा अतुलनीय स्रष्टा बनेर रहेका छन् ।

## २.३ चरित्र चित्रण

नेपाली साहित्यमा पात्रको समानार्थी रूपमा चरित्र शब्द प्रचलित रहेको देखिन्छ । आख्यानात्मक कृतिहरूमा अभिनय गर्ने व्यक्ति चरित्र हो । चरित्रको शाब्दिक अर्थ व्यवहार, आदत, चालचलन, अभ्यास, कृत्य, कर्म, प्रकृति, स्वभाव, कर्तव्य आदि हुन्छ ।[६२] कोशीय कार्यलाई दृष्टिगत गर्दा पात्र शब्दले व्यक्तिलाई र चरित्र शब्दले व्यक्तिका स्वभाव, प्रकृति, आदत, व्यवहार, चालचलन भन्ने बुझिन्छ ।

उपन्यासका महत्त्वपूर्ण तत्त्वहरूमध्ये चरित्र पनि एक महत्त्वपूर्ण तत्त्व हो । उपन्यासको सफलतामा यसले महत्त्वपूर्ण भूमिका खेल्दछ । चरित्रलाई कतै पात्र र कतै क्रियाकलाप र कार्यव्यापार आदिका नामबाट पनि चिनाउने प्रयास गरिन्छ । मानव जीवनको व्यापक भाष्य उतार्ने तत्त्व नै चरित्र हो । सामाजिक संरचनाको चित्र पनि चरित्रले नै उतार्ने गर्दछ । इतिहास र समाज, प्रान्त र देशान्तर, प्रवृत्ति र पुस्ता, जाती र सभ्यता परिस्थिति अनुसार चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछ । आ आफ्ना प्राकृतिक र भौगोलिक प्रभावबाट निर्मित प्रवृत्तिले मान्छे मान्छेमा विविध स्वभावहरू निर्मित हुन्छन् र

[६२] शिवराम, वामन, आप्टे, **संस्कृत हिन्दीकोश**, दो.सं. (दिल्ली) मोतीलाल बनासीदास पब्लिसर्स प्रा.लि. १९६९ पृ. २७४ ।

तिनको क्रियात्मक अभिव्यक्ति नै चरित्र भएर देखापर्छ ।[६३] उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्त्वपूर्ण जिम्मेवारी चरित्रको हुन्छ ।[६४] मानवको सभ्यता र समाजलाई बुझ्ने प्रमुख आधार पनि चरित्र नै हो । उपन्यासको आयतनभित्र सिङ्गो मानवसभ्यता चरित्रचित्रणकै आधारमा परिभाषित भएको हुन्छ । विगतलाई र अनागतलाई वर्तमानसम्म तानेर ल्याउने तत्त्व चरित्र हो । यसरी तानेर ल्याएको वस्तु पाठकसम्म सम्प्रेषण गर्न जाँगर देखाउने वस्तु पनि उपन्यासभित्र चरित्र नै प्रमुख भएर रहेको हुन्छ । उपन्यासमा प्रयुक्त पात्रको चरित्र पुरै युग र परिवेशको संवाहक भएर उपस्थित भएको हुन्छ ।[६५]

संस्कृत साहित्यमा प्राचीन कालदेखि नै नाटकका सन्दर्भमा पात्रको विवेचना गरिएको पाइन्छ । भरतमुनिले नायक, नायिकासम्बन्धी विस्तृत विवेचना प्रस्तुत गरेको छन् । धनञ्जयले नाटकका प्रमुख तत्त्वहरूमा वस्तु, नेता र रसलाई मान्दै चरित्रलाई नेता भनेका छन् ।[६६]

यसप्रकार कथानकमा अभिनय गर्ने व्यक्ति नै चरित्र हो । कोश अनुसार यस पात्र वा चरित्र शब्दको विभिन्न अर्थ लाग्ने भए पनि साहित्यको सन्दर्भमा नाटकको अभिनेता तथा काव्य, कथा, उपन्यास आदिका नायक, नायिका तथा अन्य व्यक्तिहरू भन्ने अर्थ नै उपयुक्त देखिन्छ ।

## २.३.१ चरित्र वर्गीकरणका आधारहरू

चरित्र सबै एकै प्रकारका हुदैनन् । कार्यव्यापारका आधारमा पात्रहरूको वर्गीकरण गर्ने गरिन्छ । उपन्यासमा प्रयोग गरिने चरित्रहरू जीवनका विभिन्न सन्दर्भबाट टिपिने हुँदा

---

[६३] राजेन्द्र सुवेदी, **नेपाली उपन्यासःपरम्परा र प्रवृत्ति**, दो.सं. (ललितपुरः साझा प्रकाशन, २०६४, पृ. २३ ।

[६४] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, दो.सं., (ललितपुरः साझा प्रकाशन, २०५८, पृ. ३० ।

[६५] राजेन्द्र सुवेदी, **नेपाली उपन्यासःपरम्परा र प्रवृत्ति**, पूर्ववत, पृ २३ ।

[६६] धनञ्जय , **दशरुपकम व्याख्या**, दो.स. (वराणसीः चौखम्बा विद्याभवन, २०१९) , पृ. ७ ।

तिनमा पनि विभिन्नताको आरोपण गरिएको हुन्छ ।[६७] वास्तवमा मान्छे जति किसिमका हुन्छन् पात्र पनि त्यति नै किसिमका हुन्छन् । त्यसैले पात्र यति नै हुन्छन भनेर वर्गीकरण गर्न एकदमै कठिन छ । त्यसो भएपनि प्राचीनकाल देखि नै चरित्रको वर्गीकरण हुँदै आएबाट चरित्रलाई वर्गीकरण गर्ने विभिन्न आधार प्राप्त गर्न सकिन्छ । चरित्र वर्गीकरणका आधारका सन्दर्भमा धेरै नेपाली विद्वानहरूले आफ्नो विचार प्रस्तुत गरेका छन् । उनीहरूका अनुसार चरित्र वर्गीकरणका आधार निम्नानुसार हुन सक्दछन् ।

टङ्कप्रसाद न्यौपानेले कथावस्तुका दृष्टिले प्रधान र गौण, चरित्रचित्रणका दृष्टिले स्थिर र गतिशीलपात्र, भूमिकाका दृष्टिले वर्गीय र वैयक्तिक पात्र भनी वर्गीकरण गरेका छन् ।[६८]

ऋषिराज बरालले पात्रको वर्गीकरण गतिशील पात्र र स्थिर पात्र, गोला पात्र र चेप्टा पात्र, प्रतिनिधि पात्र र व्यक्तिपरक पात्र, अन्तर्मुखी र बहुर्मुखी पात्र भनी वर्गीकरण गरिएको पाइन्छ ।[६९]

कृष्णहरि बराल र नेत्र एटमले गतिशील र गतिहीन, यथार्थ र आदर्श, अनुमुर्खी र बहिमुर्खी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक भनी पात्रहरको वर्गीकरण गरेको पाइन्छ ।[७०]

मोहनराज शर्माले पात्रको वर्गीकरण लिङ्गका आधारमा पुलिङ्ग र स्त्रीलिङ्ग, कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र गतिहीन, जीवनचेतनाका आधारमा वर्गगत र व्यक्तिगत, आसन्नताका आधारमा नेपथ्यपात्र र मञ्च पात्र, आवद्धताका आधारमा बद्धपात्र र मुक्तपात्र

---

[६७] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** पूर्ववत, पृ ३० ।

[६८] टङ्क प्रसाद न्यौपाने, **नेपाली साहित्यको रुपरेखा,** दो.सं., (नेपाली साहित्य प्रचार समिति, २०३८), पृ. १८८-१९३ ।

[६९] ऋषिराज बराल, **उपन्यासको सौन्दर्यशास्त्र**, दो.सं.(काठमाडौंः साझा प्रकाशन, २०६३), पृ. ३४ ।

[७०] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, पूर्ववत, पृ. ३० ।

भनी वर्गीकरण गरेका छन् र यही आधारमा पात्रको अध्ययन गर्दा उपयुक्त हुने कुरा बताएका छन् ।[७१]

यसप्रकार चरित्र वर्गीकरणका आधारहरूका सन्दर्भमा धेरै नेपाली विद्वानहरूले चर्चा गरेका छन् र आफ्नो वर्गीकरणका मतसमेत अगाडि सारेका छन् । यी आधारहरूमध्ये पनि मोहनराज शर्माले प्रस्तुत गरेको मत बढी बैज्ञानिक रहेको र सम्पूर्ण कुराहरू समेटिएको हुँदा यही आधारमा चरित्र वर्गीकरण गरिन्छ ।

**क) लिङ्गका आधार**

लिङ्गका आधारमा चरित्र पुलिङ्गी र स्त्रीलिङ्गी गरी दुई प्रकारका हुन्छन् । लिङ्गले पात्रहरूको जात छुट्याउने कार्य गर्दछ । पात्रको बाह्य वर्णन तथा शरीर, नामकरण आदि कुराहरूले लिङ्ग छुट्याउने गरिन्छ ।

**ख) कार्यका आधार**

कार्यका आधारमा चरित्रहरू प्रमुख, सहायक र गौण गरी तीन प्रकारका हुन्छन् । उपन्यासमा सबैपात्रको समान भूमिका रहँदैन् । सबैभन्दा बढी काम गर्ने वा कार्य मूल्य भएको पात्र प्रमुख, त्यसभन्दा कम कार्य मूल्य भएको पात्र सहायक र ज्यादै थोरै कार्य मूल्य भएको पात्र गौण हुन्छ । अन्य पात्रको तुलनामा यी पात्रहरू बीचमा झुलुक्क झुल्किने र बीचबाटै हराउने गर्दछन् । प्रमुख पात्रहरू भने आदिदेखि अन्त्यसम्म नै उपस्थित रहने गर्दछन् ।

[७१] मोहनराज शर्मा, **शैली विज्ञान**, (काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४८), पृ.१७४-१७६ ।

**ग) प्रवृत्तिको आधार**

यस आधारमा पात्रहरू अनुकूल र प्रतिकूल गरी दुई प्रकारका हुन्छन् । उपन्यासका पात्रहरूले सकारात्मक वा नकारात्मक दुवै प्रकारका भूमिका निर्वाह गरेका हुन्छन् । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल अर्थात सत्य हुन्छन् भने नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल वा असत्य हुन्छन् ।

**घ) स्वभावको आधार**

यस आधारमा चरित्रहरू गतिशील र गतिहीन गरी दुई प्रकारका हुन्छन् । कुनै परिस्थितिअनुसार आफ्नो चरित्र बदल्ने पात्र गतिशील हुन्छ जो आफ्नो विचार, सिद्धान्त र जीवनधारा बदलेर स्थिति सुहाउँदो बन्छ । परिस्थिति बद्लिए पनि आद्यान्त उस्तै जीवन विताउने पात्र गतिहीन हुन्छ ।

**ङ) जीवनचेतनाको आधार**

यस आधारमा पात्रहरू वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । समाजिक वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय हुन्छ भने आफ्नो वैयक्तिकताको प्रतिनिधित्व गर्ने पात्र व्यक्तिगत हुन्छ ।

**च) आसन्नताको आधार**

उपन्यासको कथानकमा हुने पात्रको उपस्थितिलाई आसन्नता भनिन्छ । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा उपस्थित भएर संवाद वा कार्य प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिता वा अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ ।

### छ)आबद्धताको आधार

यसका आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्ध पात्रलाई झिक्दा कथानकको संरचना भत्किन्छ, तर मुक्त पात्रलाई झिक्दा कथानकमा त्यति असर पर्दैन किनभने यस्ता पात्रहरूलाई उपन्यासमा कम महत्त्व दिइएको हुन्छ ।

यसप्रकार चरित्र वर्गीकरणका उपयुक्त आधारहरू यिनै हुन् । यी आधारहरूले चरित्रका सबै पक्षलाई समेटेका छन् । चरित्र वर्गीकरणका अन्य आधारहरू छुटपुट रूपमा देखिए पनि त्यति महत्त्वपूर्ण भने छैनन् ।

परिच्छेद तीन

# ध्रुवचन्द्र गौतमका उपन्यासका नारी पात्रहरू

## ३.१ ‘अन्त्यपछि’ उपन्यासका नारी पात्रहरु

### ३.१.१ नारी पात्रहरू

यो उपन्यास २०२४ सालको **रूपरेखा** पत्रिकामा प्रकाशित ध्रुवचन्द्र गौतमको पहिलो उपन्यास हो । यसले २०५० सालमा आएर मात्र पुस्तकाकार रूप ग्रहण गरेको हो । यो कथावस्तुविहीन, नायक-नायिका तथा सहायक पात्रको पनि प्रयोगबिना तयार भएको उपन्यास हो । यहाँ कुनै पनि पात्रको नाम छैन । एउटा समूहलाई नै पात्रको रूपमा लिएको छ । उपन्यासमा बूढोको ऊ, त्यो र को प्रसङ्ग उपन्यासमा जहाँ तही आउँछ भने उनी र तिनीको प्रयोग ठाउँ ठाउँमा आउँछ । उनी तिनीको प्रसङ्ग आए पनि भूमिका कमजोर रहेको छ । उनी र तिनीको प्रयोग ठाउँ-ठाउँमा गरेका भए तापनि स्पष्ट रुपमा नारी पात्रको नाम उल्लेख गरेका छैनन् । त्यसकारण यस उपन्यासमा नारी पात्रको भूमिका एकदम शून्य रुपमा रहेको छ ।

## ३.२ ‘बालुवामाथि’ उपन्यासका नारी पात्रहरु

### ३.२.१ कमला

कमला **बालुवामाथि** उपन्यासकी प्रमुख नारी पात्र हो । ऊ कमलको श्रीमती हो । कमलाका चारवटा छोराछोरी छन् । ऊ उपन्यासको सुरुमा एक कुशल गृहिणीको भूमिका निर्वाह गर्दै श्रीमान्को हरेक काममा सरिक भएकी छे । ऊ घरको सम्पूर्ण काम धन्दा गर्नु, श्रीमान्लाई साथ दिन, रमाउन र सन्तुष्ट पार्ने काममा तल्लिन देखिन्छे । उसले फुर्सदको समयमा स्विटर बुन्ने गरेकी छ । उसले समय समयमा खाना पकाउने खुवाउने र घरमा आउने पाहुनाहरूलाई चिया पकाएर सत्कार गर्छे । उपन्यासको मध्य भागमा ऊ

बिवाहभन्दा पहिलेको साथी बलरामसँग लहसिएकी छ । उसले बलराम आउँदा आफ्नो श्रीमान्को अगाडि चिया खान जाउ भनेर श्रीमान्को हेला गर्छे । साँझमा श्रीमान् घर आउँदा पनि नआउने ऊ आउँदा श्रीमान् आइसकेको हुँदा हतपत स्वीच खोलेर डर लाग्दैन भनेर ठिक पार्छे । आफ्नो श्रीमान्कै अगाडि बलरामसँग कारमा डुल्न जाने गरेकी ऊ बलरामसँग लहसिए पनि श्रीमान् बिरामी हुँदा औषधि उपचारमा तल्लिन देखिन्छे । ऊ बलरामसँग हिड्दा, बस्दा श्रीमान्लाई देखाउन चाहन्छे कि आफूहरूमा कुनै अरू सम्बन्ध छैन, सजिलो स्पष्ट नाता, बलरामसँग नबोलेर जोगिने गर्छे । अन्त्यमा बलराम हिँडेपछि ऊ पनि श्रीमान्लाई छोडेर हिड्छे । ऊ पछि क्यान्सरको बिरामी भएर फर्कन्छे र बिरामी भएपछि अस्पतालमा भर्ना भए पनि उपचार हुन नसकेपछि अस्पतालमा नै उसको मृत्यु हुन्छ ।

यसरी ऊ सुरुमा राम्रो काम गरे पनि धेरै नराम्रो काम गरेकाले यस उपन्यासको असत्, प्रतिकूल र स्वभावको आधारमा गतिशील नारी पात्र हो । श्रीमान्, छोराछोरीको स्याहार सुसार, साथ दिनुपर्ने बेलामा बलरामसँग रमाएकी, घर छाडेर हिडेकी ऊ मञ्चीय र बद्ध पात्र हो ।

## ३.२.२ सरिता

सरिता यस उपन्यासकी सहायक नारी पात्र हो । ऊ विवाहित र दुई छोराछोरीकी आमा हो । ऊ दुब्ली भए पनि एकदम सुन्दर छे । ऊ आफ्नो श्रीमान्लाई बेवास्ता गरी बिहेपूर्वको साथी कमलसँग लहसिएकी छ । ऊ कमललाई चिठी लखेर भेट्ने समय दिई पार्क र शहिदगेटमा बोलाउँछे । ऊ सेतो सारी पातलो ब्लाउजबाट भित्रको ब्रेसियर देखाएर कपडा लगाउँछे । ऊ कमलसँग नाटक हेर्न जाने, बार जाने र रसरङ्गमा रमाउने प्रतिकूल पात्र हो । ऊ आफ्नो श्रीमान्लाई बेवास्ता गर्नु, कमललाई आफ्नै घर बोलाउनु, कार चढेर गएर विभिन्न ठाउँ घुम्नु, बस्नु गर्ने  एक असत्, गतिशील, मञ्चीय र बद्ध पात्र हो ।

### ३.२.३ अन्य नारी पात्रहरू

उपन्यासको विषयवस्तुलाई अगाडि बढाउन उपन्यासमा मुख्य र सहायक भूमिकामा मात्र नभई गौण र सूच्य रूपमा पनि पात्रहरू प्रस्तुत भएका हुन्छन् । यस उपन्यासमा आएका गौण र सूच्य नारी पात्रहरू केटी, रमेशको दिदी, आइमाई, माया, प्रमिला र शान्ति जस्ता धेरै रहेका छन् । यी नारी पात्रहरू कथावस्तुलाई गति दिनका लागि आएका भए पनि तिनको भूमिका उल्लेख्य रूपमा नभएको देखिन्छ ।

### ३.२.४ निष्कर्ष

**बालुवामाथि** उपन्यासमा कमला, सरिता, केटी, रमेशकी दिदी, आइमाई, माया, प्रमिला र शान्ति नामका नारी पात्रहरू रहेका छन् । यी पात्रहरूमध्ये यस उपन्यासमा केन्द्रीय भूमिका भएकी नारी पात्र कमला हो । ऊ छोराछोरीकी आमा र एक कुशल गृहिणीको भूमिका निर्वाह गरेर उपन्यासको सुरूमा देखापरेपनि विवाहभन्दा पहिलेको साथी बलरामसँग लहसिएर असत् पात्रको भूमिका निर्वाह गरेकी छ । अन्त्यमा श्रीमान्लाई छाडेर हिडेकी क्यान्सर लागेर मृत्युको मुखमा पुगेकी छ । समग्रमा कमला यस उपन्यासमा खराब चरित्रको भूमिका निर्वाह गरेकी पात्र हो । बालुवामाथि उपन्यासमा सहायक नारी पात्र सरिता हो । सरिता पनि कमला जस्तै श्रीमान्लाई बेवास्ता गर्ने, विवाहपूर्वको साथी कमलसँग लहसिएकी खराब आचरण भएकी पात्र हो । बालुवामाथि उपन्यासमा नारी पात्र कमला र सरिता वेश्या र भोगवादी पात्रका रूपमा देखिएका खराब प्रवृत्तिका पात्र हुन् । उनीहरू परपुरूषसँग रमाउने, हिँड्ने, आफ्नो श्रीमान्लाई बेवास्ता गर्ने पात्र हुन् । उनीहरू आफ्नो घरपरिवार, श्रीमान्, छोराछोरीका बारेमा केही पनि नसोच्ने अवसरवादी पात्र हुन । गौण र सूच्य पात्र केटी, रमेशको दिदी, आइमाई, माया, प्रमिला र शान्ति रहेका छन् । यी पात्रहरू कथावस्तुलाई गति दिन आएका छन् ।

## ३.३ 'डापी' उपन्यासका नारी पात्रहरु

### ३.३.१ वीनू

वीनू **डापी** उपन्यासकी प्रमुख नारी पात्र हो । ऊ यस उपन्यासको नायक विक्रमकी श्रीमती हो । ऊ विक्रमलाई चिठी लेख्ने, डुल्ने घुम्ने गरेकी, चिठीमा भए नभएको कुराहरू लेख्ने, मनपरी माया गर्ने र जतातातै घुम्ने गर्छे । विक्रम आफ्नो घर आउँदा आफ्नो कोठामा लगेर बस्ने, अँगालो संगालो हाली म्वाइँ खाने गरेकी विक्रम बिरामी भएको बेला हेर्न जान्छे । वीनू बी.ए.को परीक्षा दिएकी शिक्षित पात्रको रूपमा देखिएकी छे । ऊ प्रेमलाई निरन्तरता दिई विक्रमसँग रसरङ्गमा भुले पनि विक्रमसँगै वैवाहिक जीवन बाध्न सफल भएकी छे । ऊ विवाह पश्चात् पैसा नहुँदा खुत्रुके फोरेर पनि सिनेमा हेर्ने र बजारमा किनमेल गर्न जाने गर्छे । सबै व्यवहार गर्ने, आफ्नो क्षमतामाथि निकै गर्व गर्ने ऊ आफ्नो छोरालाई राम्रो व्यवहार सिकाउँछे । अङ्ग्रेजीमा कमजोर भएकाले गोरखसँग पढ्न जाँदा रसरङ्गमा भुल्छे र पछि विक्रमसँग माफ माग्छे । घरमा पैसा छ भनेर क,ख,ग लाई गोप्य कुरा खोल्दा क,ख,ग ले तीन हजार रूपैयाँ लगेर जग्गा दिन्छौं भन्दा पैसा लगेपछि जग्गा नदिएपछि खिन्न हुन्छे । विक्रमले उसलाई जिस्काउदा साँच्चै मानेर रूने गरेकी छे । पछि घरव्यवहारमा विक्रमलाई साथ दिएकी र ऊ बहिनीको बिहे गर्नुपर्छ भनेर विक्रमसँग सरसल्लाह गर्ने एक गृहिणीको रूपमा देखापरेकी छे ।

यसरी ऊ उपन्यासमा सच्चा प्रेमिका भएर देखापरेको प्रतिकूल र गतिशील पात्र हो । अर्कोसँग रसरङ्गमा डुबेकी, गोप्य कुरा खोलेर केही असत् प्रवृत्तिको काम गरे पनि पछि घर व्यवहारमा साथ दिने ऊ मञ्चीय र वद्ध पात्र हो ।

### ३.३.२ अन्य नारी पात्रहरू

उपन्यासको विषयवस्तुलाई अगाडि बढाउन उपन्यासमा मुख्य र सहायक भूमिका मात्र नभई गौण र सूच्य रूपमा पनि पात्रहरू प्रस्तुत भएका हुन्छन् । यस उपन्यासमा

आएका गौण र सूच्य नारी पात्रहरू ललिता, निर्मला, रेनु, सुनीता, हर्केकी आमा, हर्केकी श्रीमती, शीला र शान्ति जस्ता धेरै रहेको छन् । यी नारी पात्रहरूले कथावस्तुलाई गति दिनका लागि आएका भए पनि तिनको भूमिका उल्लेख्य रूपमा नभएको देखिन्छ ।

### ३.३.३ निष्कर्ष

**डापी** उपन्यासमा प्रयुक्त नारी पात्रहरू वीनू, ललिता, निर्मला, रेनु , सुनीता, हर्केकी आमा, हर्केकी श्रीमती, शीला र शान्ति रहेका छन् । यी पात्रहरू मध्ये यस उपन्यासमा केन्द्रीय भूमिका भएकी नारी पात्र वीनू हो । वीनू शिक्षित पात्र हो । वीनू गोरखसँग रसरङ्गमा भुलेकीले असत् पात्र हो । ऊ श्रीमान्लाई उपन्यासको सुरू र अन्त्यमा साथ दिएर केही सत् पात्रको रूपमा पनि उभिएकी छे । वीनू यस उपन्यासमा सत्, असत् दुवै पात्रको रूपमा देखिएकी छे । **डापी** उपन्यासको नारी पात्र वीनू शिक्षित भएर पनि समयानुकूल चल्न नसक्ने पात्र हो । ऊ यस उपन्यासमा हिन्दू नारीको परिचय दिन खोजे पनि असफल भएकी छे । वीनूले गोरखसँग रसरङ्गमा रमाएर आफ्नो सतीत्व रक्षा नगर्ने, गोप्य कुरा खोलेर आर्थिक सङ्कटमा पार्ने पात्र हो । वीनूमा सत् प्रवृत्तिभन्दा असत् प्रवृत्ति बढी रहेको छ । गौण र सूच्य पात्र ललिता, निर्मला, रेनु, सुनीता, हर्केकी आमा, हर्केकी श्रीमती, शीला र शान्ति रहेका छन् । यी पात्रहरू कथावस्तुलाई गति दिन आएका छन् ।

## ३.४ 'कट्टेल सरको चोटपटक' उपन्यासका नारी पात्रहरु

### ३.४.१ सावित्री

सावित्री **कट्टेल सरको चोटपटक** उपन्यासकी प्रमुख नारी पात्र हो । ऊ वासुदेव कट्टेलकी श्रीमती हो । ऊ घर व्यवहारमा कट्टेललाई साथ दिन्छे । घरमा उपभोग्य वस्तु सकिंदा किनेर ल्याउँछे साथै अन्य सामानहरू पनि किन्छे । एक दिन दुधवाला पैसा लिन आउँदा पैसा नहुँदा कट्टेल चुप लागेर बस्दा उसले अगिल्लो दिन किनेको व्याग फर्काएर

पैसा दिएर राम्रो व्यवहार गरेकी छे । कट्टेल विरामी हुँदा चिन्ताग्रस्त भई सेवाटहल गरी डाक्टर कहाँ जाउँ भन्छे । ऊ पैसा जसरी भए पनि कमाए हुन्छ, कमाएपछि जुन पैसाले पनि इज्जत बढाउँछ भन्छे । कट्टेल जागिरबाट राजीनामा दिन पत्र देखाउँछ तर ऊ त्यस पत्रलाई धरधरी च्यातिदी र भोलि क्याम्पस जानुभएन भने 'म' मारीहत्ते भनेर किरिया खाई नोकरी जोगाउन सफल भएकी छे । कट्टेल भट्टीबाट आधा रातमा आउँदा पनि आदरभाव देखाउँछे । आफ्नो श्रीमानको नोकरी भए पनि आर्थिक अभावले दु:खको जीवन बितेको महसुस गर्ने व्यवहार चलाउन गाह्रो भयो भने बाबुको औषधि खर्च भनेर बाबुको सिरान मूनि राखेको पैसा निकालेर चलाउँछे । कसैले बुबा रोगी र औषधि के गरिएको छ भनेर सोध्दा औषधि गराउँदा गराउँदा थकित भैसकियो हजुर खै फाइदा हुँदैन भनेर इज्जत जोगाएकी छे । ऊ सरसामान किन्न जाँदा अवत सस्तो केही रहेन सास फेर्न मात्र सस्तो भयो भन्छे । कट्टेलसँग उसको साथी कुमार कहाँ भोज खान जाँदा कुमारकी श्रीमती अञ्जनाले काम गर्न सघाउन बोलाएको खाजा खुवाएर पठाउने र नानीले फोहोर गर्दा, अञ्जनाले यस्तो असभ्य नानी भनेपछि ज्यादै दुखीत भएकी छे । एउटा टिनिक्क लुगा लगाएकी केटी घरमा आएर कट्टेलको धेरै कुरा गर्दा उसलाई कट्टेलसँग शङ्का हुन्छ । घरबेटीसँग नराम्रो हुँदा हामी डेरा नपाएर पो नसरेको नत्र सरी हाल्थे भनेर जवाफ दिन्छे । घरवेटीहरूको पैसा सिक्री बन्धक राखेर तिर्नुपर्छ र अन्तै सर्नुपर्छ भनेर श्रीमान्सँग भन्छे, अन्त डेरा सरेपछि अव यिनीहरूको मुख हेर्न नपर्नु नै आनन्द भो भन्छे ।

उसले जेठी छोरी रंजुले घरमा विभिन्न सामानहरू ल्याँउदा शङ्काले हेर्दै छोरीको कपाल लुछ्ने छोरीको चाल बाबूलाई रूँदै सुनाउँदै गर्छे । जेठो छोरो प्रेमले बाबूको एक महिनाको तलब लिएर हिड्दा रूने कराउने गरेर चिन्तित भएकी छे । ऊ कट्टेलको नोकरी हटेपछि ज्यादै रून्छे र चाहिनेभन्दा बढी इमान्दार भएर यस्तो भएको हो भन्ने ऊ अनुकूल र गतिशील पात्र हो । कान्छो छोरो बिरामी हुँदा आर्थिक अवस्थाले सताएकाले गर्दा ऊ दुखीत बन्छे । कान्छो छोराको मृत्युले भावविव्ह्ल बनेकी मञ्चीय र बद्ध पात्र हो ।

### ३.४.२ अन्य नारी पात्रहरू

उपन्यासको विषयवस्तुलाई अगाडि बढाउन उपन्यासमा मुख्य र सहायक भूमिका मात्र नभई गौण र सूच्य रूपमा पनि पात्रहरू प्रस्तुत भएका हुन्छन् । यस उपन्यासमा रंजु, अञ्जना, मंजु जस्ता गौण र सुच्य नारी पात्रहरू रहेका छन् । यी नारी पात्रहरू कथावस्तुलाई गति दिनका लागि आएका भए पनि तिनको भूमिका उल्लेख्य रूपमा नभएको देखिन्छ ।

### ३.४.३ निष्कर्ष

**कट्टेल सरको चोटपटक** उपन्यासमा सावित्री, रंजु, अञ्जना र मंजु नामका नारी पात्रहरू रहेका छन् । यी पात्रहरूमध्ये यस उपन्यासमा केन्द्रीय भूमिका भएकी नारी पात्र सावित्री हो । सावित्री यस उपन्यासमा सत् पात्रको रूपमा देखिएकी छे । सावित्रीले यस उपन्यासमा नारी मुक्तिको कुनै आवाज उठाएकी छैन । तसर्थ यिनी परम्परावादी तथा हिन्दू पतिव्रता नारीका रूपमा रहेकी छ । अन्यायका लागि कुनै आवाज नउठाएकाले यिनलाई सहनशीलताकी प्रतिमूर्ति मान्न सकिन्छ । गौण र सूच्य पात्र रंजु, अञ्जना र मञ्जु रहेका छन् । यी पात्रहरू कथावस्तुलाई गति दिन आएका छन् ।

## ३.५ 'अलिखित' उपन्यासका नारी पात्रहरु

### ३.५.१ मतिया

मतिया **अलिखित** उपन्यासकी प्रमुख नारी पात्र हो । ऊ अबला नारी पात्र हो । थोरै मात्रामा भने पनि उसले नायिकाको भूमिका निर्वाह गरेकी छ । उसको उपस्थिति उपन्यासको दोस्रो परिच्छेदको मङ्सिर महिनामा भएको छ । नायक ऋषिरामलाई खाना बनाएर खुवाउने मतिया विवाह भएर पनि गौनादोङ्गको अभावमा माइतमा बसेकी छ । शारीरिक रूपले हृष्टपुष्ट, तन्दुरूस्त थोरै काली तर प्रशस्त हिस्सी परेकी यस केटीको उमेर १८-२० वर्षको छ । उसले इनारबाट पानी ल्याउँदा चौथाइ चुहिनुले उनीहरूको

गरिबी झल्कन्छ । दैनिक खाना बनाउनु मढुवा र ढसरोको रोटी तथा घुङीको तरकारी बनाई खानु उसको नित्य कर्म हो । मङ्सिर महिनामा ज्याला मजदुरीमा काम पाउने आशामा यी केटी खुशी हुने र अरू केटाकेटी जस्तै धान थन्क्याउने काममा संलग्न हुन्छे । नायक ऋषिराम आफूप्रति आकर्षित हुँदा कुनै अप्ठेरो प्रकट गर्ने क्षमता देखाउँदिन । यसबाट उसको सरलता र अवोधता देखिन्छ । आमा पालेर बसेकी मतिया साहुको घरमा बुलाकी बन्धकी राखेर भए पनि घरको समस्या टार्ने गर्दछे । ए मतिया ! तिमीले श्रीमान् देखेकी छ्यौ ? ऋषिरामले सोध्यो 'उहु' मतियाले जवाफ दिई उपरोक्त संवादबाट मतियाको सरलता र सोझोपना देखिन्छ । नेपाली भाषा नबुझ्ने मतिया नायकका भाषा र शब्दहरू नबुझेर कहिले हाँस्छे, कहिले अल्मलिन्छे ।

यसपछि मतियाको उपस्थिति असार महिनाको पृष्ठ १४३ मा हुन्छ । यहाँ डाँकुहरूले गाउँमा हाहाकार मच्चाएका हुन्छन् । उसको नाकबाट बुलाकी धुतिन्छ । पीडा र क्षतिका कारण मतिया रूदै भन्दछे -'हो शङ्कर भाई , हम वडा गरिब बानी तोहरा न दोसरा जगत मिल जाइ, हमरा कहाँ मिली ?

अव अन्त्यमा मतिया भदौ महिनाका नायक शरदकुमारसँग देखिन्छे । यहाँ पनि नायक उसलाई जिस्क्याउने क्रममा "तोहरा गौना कहिया होई मतिया ?" भन्दछ । मतिया उत्तरमा भन्छे अव कहियो ना हो, मालिक ।

ग्रामीण अनपढ सोझी मतियाको उत्तरमा जति सरलता छ, उत्तिकै कारूणिकता पनि छ । ऊ श्रीमान्ले दोस्रो विवाह गरिसक्यो भनेर सजिलै भन्दछे जबकि महिलाका लागि सौता भनेको ठूलो समस्या हो । मतिया अब 'म' आमासँग बस्छु भन्छे ।उसको बाबु सिपी भट्टीमा काम गर्दागर्दै रगत छादेर मरेको हुन्छ । दाजु गरिबीका कारण ससुरालीमा बसेको छ । यी सबै परिस्थितिले गर्दा उसलाई आमासँग बस्नु नै उचित हुन्छ ।

यसरी मतिया नारी पात्र नायिकाका भूमिका पुरा गरेकी सरल पात्रको रूपमा उपन्यासमा देखिन्छे । उसको भूमिका गतिशील चरित्रका रूपमा देखिन्छ ।

### ३.५.२ मतियाके माई

मतियाकी आमा मतियाके माईले उपन्यासमा चिनिन्छे । उसको उपन्यासमा सहायक भूमिका तथा स्थिर चरित्रका रूपमा  रहेको छ । अति नै गरिबी झेल्न विवश यी पात्र आफ्नो शरीर ढाक्न एउटा पातलो सुतीको धोती बेरिने क्रममा धोती फाट्दै जाँदा पिंडालुका गाँठा जस्तो हुन्छ । छाती ढाक्ने समस्या बच्चा बोकेर टार्दछे । आफ्नो श्रीमान्को मृत्युपछि बढी जिम्मेवारी र गरिबी थपिएको महसुस गर्ने मतियाके माई छोरी मतियालाई विवाह गरेर पनि दाइजोको अभावका कारण माइतमा नै राख्न विवश छे । ज्याला मजदुरी गरेर साससम्म धान्न विवश मतियाके माई सरल एवम् कोमल हृदय भएकी अतिथि सत्कारमा समर्पित नारी हो ।

### ३.५.३ फुलवा

मामाको घरमा फुलवाले पनि नायिकाको भूमिका पुरा गरेकी छ, जसको उपस्थिति चौथो  परिच्छेदको माघ महिनाको पृष्ठ ५९ मा भएको छ ।  दिव्य रूपकी धनी स्त्री पात्र फुलवालाई श्रीमान्ले छाडिदिएको छ । नायक कर्णबहादुर आफूप्रति आकर्षित हुन्छ । पैसा दिएर फकाउन खोज्छ तर फुलवा पैसा चाहिँदैन र 'म' पनि आउँदिन भन्दै आत्म स्वाभिमानको परिचय दिन्छे । नायकले फुलवालाई फसाउन सक्दैन । यसबाट फुलवाको चरित्र बलियो देखिन्छ । फुलवाले मामाको घरमा जिम्मेवार भूमिका बहन गरेकी छ । घर, गोठ सबैतिर काम धन्दा उसैको पेवा जस्तै छ । गोठमा एउटा थोत्रो कम्मलका भरमा रात काट्ने फुलवा चुरोट विँडी पनि सेवन गर्दछे  । ऊ खेतमा मामाहरूलाई खाना पुर्‍याउन जान्छे । त्यसपछि घाँस, पानी, नुवाइ, धुवाइ जस्ता कार्यमा माटाको डल्लालाई साबुनका रूपमा  प्रयोग गर्ने गर्दछे । एकजोर मात्र कपडा हुनाले नाङ्गै नुहाउनु पर्ने विवशता उसमा देखिन्छ ।

पछि फुलवाको उपस्थिति तेर्‍हौं महिनामा अनुकल्पित गाउँ बिरहिनपुर बरेवामा आएर हुन्छ । ऊ एउटा कुनामा बसेर रोइरहेकी हुन्छे । उसको सतीत्व आफ्ना दुई

मामाहरूद्वारा लुटिएको छ । ऊ गर्भवती छे । अन्त्यमा जोघवा भन्ने एक रोगी र वृद्धसँग भित्रिन विवश फुलवा करूणाकी पात्र बनेकी छ । यसमा खाली त्यस समाज र त्यहाँका अनुशासनहीन व्यक्तिहरूद्वारा शोषित हुनुपरेकोमा उसको दोष छैन । फुलवा अलिखित उपन्यासको अनुकूल, बद्ध, मञ्चीय, गतिशील पात्र हो ।

### ३.५.४ कथनी बूढिया

कथनी बूढियालाई देखेर भन्न सकिन्थ्यो कि यो संसारमा ऊ भन्दा गरिब कोही छैन । दैलोदैलोमा कथा भन्दै आफ्नो छाक टार्ने बूढियासँग एउटा लोटा थियो । पानी पर्दा छप्परको जुन भागमा कम पानी चुहिएको छ त्यतैपट्टि बसेर रात काट्दथी । पानीका धारा छाप्रोभित्रै खस्दथे । त्यही लोटा थापेर आफ्नो तिर्खा मेट्दथी । गरिबीको प्रतिमूर्ति मानिने यो बूढिया एकैपल्ट अन्त्यमा लाटी, बहिरी र अन्धी हुन्छे । केही बोल्न नसक्ने बूढिया उत्खनन् टोलीबाट खाना प्राप्त गरेपछि एउटै वाक्य बोल्न सफल हुन्छे -“हमरा दोरहन्तल पोखरामा विग छे” । दोरहन्तल पोखरा वा तलाउबाट मुक्ति पाउने अन्धविश्वासमा अल्झेकी ऊ करूणाकी प्रतिमूर्ति छ । कथनी बूढिया स्त्री पात्र हो र ऊ गौण भूमिकामा स्थिर चरित्रकी देखिन्छे ।

### ३.५.५ सावित्री

सावित्री **अलिखित** उपन्यासकी नारी पात्र हो । जिम्दार विश्वनाथप्रसाद सिंहकी भतिजी यो ३० वर्षको उमेरमा नै विधवा हुन पुगेकी छ । घरमा काम गर्न निकै छिटो छरितो मानिने, कसिएको शरीर हिस्सी परेकी सावित्री जुनसुकै कठिन कार्य पनि हाँसेर हल्का नै महसुस गर्दथी । ऊ नायक अङ्गुरमानसिंहलाई खाना खुवाउँछे । उसको कसिलो शरीर र हिस्सी परेको अनुहार नायकको आकर्षणको केन्द्र बनेको छ तर ऊ आकर्षित हुन चाहन्नथी । अन्त्यमा कृषि विकासका हाकिमको यौन तृप्तिको साधन बन्न विवश अबला नारी पात्र सहायक रूपमा रहेकी छ । उसको चर्चा साउन महिनामा मात्र भएको हुँदा

गौणचरित्र हो । ऊ लुकेर विँडी खान्थी । धर्मकर्ममा दत्त चित्त रहने सावित्री व्रत, उपवास, पूजा आदि गर्ने गर्दथी ।

सामान्यतया सावित्री एउटी आज्ञाकारी र दुःखलाई जीवनमा हाँसेर झेल्ने खालकी थिई । यसले गर्दा व्यङ्ग्यमा, निराशामा र निद्रामा समेत हाँस्ने अभ्यास गरेकी थिई र धान तौलिने कार्यमा पनि अग्रसर देखिने सावित्री कर्तव्यपरायण पनि थिई ।

### ३.५.६ पर्वतीया

शिवगुलामकी दोस्री पत्नी पर्वतीया फागुन महिनामा देखिन्छे । ऊ आफ्नो श्रीमान्ले आफूलाई राम्रोसँग पाल्न नसकेकोमा उसलाई नामर्दको संज्ञा दिइरहन्छे । फागू पर्वले यिनीहरूलाई सङ्कटमा पारेको छ । ऊ गौण पात्र हो । स्त्री अनि स्थिर चरित्र भएकी पर्वतीयाको उपन्यासमा खासै भूमिका देखिदैन तर पनि फागुन महिनाको नायक भीम वाग्लेलाई खाना बनाएर खुवाउने कार्य भने उसले कुशलतापूर्वक गरेकी छे ।

### ३.५.७ अन्य नारी पात्रहरू

उपन्यासको विषयवस्तुलाई अगाडि बढाउन उपन्यासमा मुख्य र सहायक भूमिका मात्र नभई गौण र सूच्य रूपमा पनि पात्रहरू प्रस्तुत भएका हुन्छन् । यस उपन्यासमा आएका गौण र सूच्य नारी पात्रहरू बीननी रजकलिया, विधुवी, लजकलिया र जयकलिया जस्ता धेरै रहेका छन् । यी नारी पात्रहरू कथावस्तुलाई गति दिनका लागि आएका भए पनि तिनको भूमिका भने उल्लेख्य रूपमा नभएको देखिन्छ ।

### ३.५.८ निष्कर्ष

**अलिखित** उपन्यासमा मतिया, मतियाके माई, फुलवा, कथनी बूढीया, सावित्री, पर्वतीया, बीननी, रजकलिया, विधुवी, लजकलिया र जयकलिया नामक नारी पात्रहरु रहेका छन् । यी मध्ये मतियाले नायिकाको कार्याशं पुरा गरेकी छे । यस उपन्यासको

प्रमुख, सहायक, गौण कुनै पनि पात्रले आफू माथिको अन्याय र शोणणका विरूद्ध कुनै आवाज उठाएका छैनन् । सबै पात्रहरू प्रायः एकै प्रकारका देखिन्छन् । उनीहरू परम्परावादी तथा हिन्दू पतिव्रता नारीका रूपमा रहेका छन् । यिनीहरूको वैचारिक धरातल भनेको अध्यात्मवाद रहेको छ । यिनीहरूको विचार आदर्शवादी रहेको छ । अन्यायका लागि कुनै आवाज नउठाएकाले यिनलाई सहनशीलताकी प्रतिमूर्ति मान्न सकिन्छ । गरिबीले गर्दा सबै पात्रहरूको अवस्था कारुणिक देखिन्छ । उनीहरूमा गरिबीको कारणले कसरी जीवन धान्ने भन्ने चिन्ता बाहेक केही पनि भेटिदैन ।

## ३.६ 'निमित्त नायक' उपन्यासका नारी पात्रहरु

### ३.६.१ सरिता

सरिता यस उपन्यासको प्रमुख नारी पात्र हो । ऊ सुन्दरी, अविवाहित, पच्चिस वरपरको उमेर लिएर अफिसमा काम गर्ने पात्रको रूपमा  देखिएकी छे । ऊ प्रत्येक दिन नुहाउने घरको काम गर्ने, घरको भान्छामा काम गर्दा अफिस जान ढिलो हुन्छ भनेर अनुहारको शृङ्गार बाहेकको शृङ्गार गर्ने, अफिस टाढा भए पनि हिँडेर जानुपर्ने थियो । उ हिडेर जान्थी, सबैलाई साइनो लगाएर बोल्ने मिजासिली स्वभावकी, कमाएको पैसा घर व्यवहार चलाउन दिने, अफिसबाट घर आएपछि चिया बनाएर खाने खुवाउने गरेकी छे । एक दिन चिम फुटेको बेला राती रमेशले हात समाउँदा मुखमा थुकिदिएकी छे । ऊ बसेको घरको  बाथरूममा ढोकामा चुकुल थिएन, भित्र नुहाउन जाँदा बाहिर संकेतको रूपमा आफ्नो ओढ्ने झुन्ड्याएर गए पनि रमेश पानीको खोजमा गयो र भन्यो ...'रण्डी' र लातले बेस्सरी हिर्काएर ढोका उघारी दिँदा भित्र पेटीकोट र ब्रा मात्र फेरेर भिजेको लुगा पछार्न लागेकी, उसलाई रमेशले दुवै छाती समात्यो र बाहिर निकाल्यो, ऊ ढोकामा अल्झेर पछारिई र उसले दारा किट्दै 'म्या...रण्डी अहिले तेरो पेटीकोट फर्काएर...पछारेर छाडिदिएँ । मसँग जोरी खोज्ने, दुनियासँग चाहि... हिड्ने...? भन्दा मुन्टो घोप्ट्याएर बसिरहेकी छे । ऊ कति सोझी र हेपिएकी छे भन्ने कुरा प्रष्ट हुन्छ । तीस छेउछाउ पुग्दा

पनि विवाहको कुरा घरमा नगर्ने गर्दा निराश भएकी छे । ऊ विपन्न परिवारको भएकाले दाजुले भिडियो किनेर ल्याउनुपर्छ भन्दा खुसी हुँदै गहना फुकालेर दिन्छे तर दाजुले भिडियो ल्याउनुको सट्टा विहे गरेर भाउजु ल्याउँछ । त्यसबेला उसलाई नरमाइलो लाग्छ । उसको साथी लक्ष्मीले उसलाई तेरो विहे किन गरिदिँदैनन् भनेर भन्दा कुन्नि भन्दै गरे पनि नगरे पनि भाइ बहिनी छन्, आमाबाबु छन् भनेर भन्छे । ऊ भाउजुसँग झगडा भएपछि अफिसबाट घर फर्किएकी छैन । ऊ त्यही घृणा गर्ने रमेशसँग गएकी छे । ऊ त्यससँग जाने कल्पना नै नगरेको भन्दै उसलाई गरेको घृणा र घरसँगको घृणाको सतह बराबर भएपछि हिड्ने निर्णय गरेको हो भनेर भाइ विनयसँग भन्छे । भाइलाई भन्ने क्रममा ऊ उसमा कुनै परिवर्तन नआई ममा परिवर्तन आएको र तिनीले त २-४ महिनापछि मलाई घडीको चेन जस्तै फेर्न थाले पनि एकजना ठूला मान्छेले बेस्सरी भनिदिएपछि केही गरेनन् भनेर भन्छे ।

उसको घर थापाथलीमा रहेको छ र ऊ पहिले हामी दुःखी थियौ, अहिले हामी सबै खुसी छौ भनेर भन्छे । ऊ पछि माइत आउँदा दाजु भाउजु सबैले राम्रो गरेको हुँदा खुसी हुन्छे र भाइ विनयसँग भन्छे घरमा मलाई सबैले मान्छन् ।मैले गर्दा तिनले धेरै लाभ पाएका हुन् । हामी सम्पन्न भएका छौं, हामीसँग के छैन, भिडियो कि कार कि सुन जे पनि भयो भनेर माइतिको पनि बखान गरेकी छे । उसले भाइ विनयलाई आफ्नो कारमा राखेर ज्योतिको घर देखाएकी छे । उसले विनयलाई ज्योति र दाइको सम्पन्नतामा अलिकति अप्रत्यक्ष हात तेरो पनि छ भन्दै एकताका एम एक्स खुकुरी तँसँग छ, भन्दा उनीहरूले खुकुरी छैन र तँलाई छोयो भने केही पनि हुँदैन भन्ने सूचना यिनीहरूले दिएको हो भन्ने ऊ यस उपन्यासकी प्रमुख प्रतिकूल र गतिशील पात्र हो । ज्योतिले त्यति ठूलो घर र दाइले ठेक्काहरू र इम्पोर्ट लाइसेन्सहरू तेरो सूचना गरे बापत पाएका हुन् भनेर भाइ विनयलाई भन्छे । ऊ यस उपन्यासमा धेरै प्रकारको दुःख खेप्दै अन्त्यमा सुखी भएकी मञ्चीय र बद्ध पात्र हो ।

### ३.६.२ उर्मिलादेवी

उर्मिलादेवी यस उपन्यासको सहायक नारी पात्र हो । ऊ उस उपन्यासमा बूढीको नामले चर्चित छे । काठमाडौंमा चारतला घर भएकी श्रीमान् मरेको एउटा छोरो पनि मरेको ऊ एक्ली बुहारीसँग बसेकी छे । ऊ बुहारीलाई यो मृत छोराको श्रीमती हो भनेर सोच्दछे । ऊ कोठा स्याहारसुसार गर्न, सुरक्षित राख्न खर्च नगर्ने निकै कंजूस स्वभावकी छे । उसले घरमा हैकम चलाएकी हुनाले सबै महिला-पुरुष डराउँथे । ऊ कोठाको भाडा बढे पनि मर्ने बेलामा श्रीमान्ले १०० लिनु भनेको हुनाले १०० मात्र लिने गरेकी, पैसा पनि १०० को नोट मात्रै लिने गरेकी छे । उसले बेलाबखतमा आफ्नो खेतवारीको चामल तरकारी अन्य वस्तुहरू ल्याउँथी र वजार भाउ भन्दा सस्तो दिने गरेकी छे । वुहारीलाई शान्त पार्न अर्थात् आध्यात्मिक अर्तीद्वारा चञ्चलता शान्त पार्न एउटा अधवैशे पूजापाठ गर्ने प्रशस्त चन्दन घस्ने, रूद्राक्षको माला जप्ने महात्मालाई बोलाएर राख्ने पनि गरेकी छे । विहानै उठ्ने, गाउँ जाने बुहारीमा शंका हुने भए पनि कराएर राख्ने गरेकी छे । घरमा शौचालयमा नुहाउने कोठामा चुकुल लगाउन नदिने ऊ मेरो घर यस्तै रहोस भनेर भन्छे । उसको घरमा कोठा लिएर बस्ने जयवहादुर र राम औतारको तरकारी चोरी हुँदा चुकुल हामी आफैले किनेर ल्याएका छौ भन्दा छोडेर जाउ भनेर भनेकी छे । उ कोठा छोडेर जाने बेलामा जयवहादुरले 'त फुडी होस् बुझ्किस' भनेर हिड्दा हेरी रहन वाध्य भएकी छे । घर बलियो र आधुनिक बनाउनासाथ आफू कमजोर हुने, सुविधा, नियम र प्रासङ्गिकता समाप्त हुन्छ भन्ने सोचाई भएकी, ऊ घर मर्मत आदिको अभावमा जीर्ण हुदै गए पनि मर्मत गर्न नमान्ने, घरको चिन्ता भन्दा केवल आफ्नै हैकम र सुविधाको चिन्ता भएकी पात्र हो । ऊ खानदानियाँ, बढी मानवीय र उसलाई सुख दुःखमा सहयोग गर्ने खालका मानिसहरूलाई तेस्रो तलामा र अन्य मानिसहरूलाई पहिलो र दोस्रो तलाका कोठामा परिवर्तन गरिरहने गरेकी छे । ऊ केही कोठाको मानिससित भाडा नलिने, अनुशासनमा बस्नेलाई मात्र कोठा दिने, काम अऱ्हाउने कतै जानुपर्दा लाने र वस नचढ्ने गरेकी छे । उसको बेलावखतमा काम गर्ने गोल्डेनले एक दिन वुहारीसँग भात मागेर खाँदा

झिसमिसमा उठेर गोल्डेनलाई पिटेकी बुहारीलाई निस्केर जा भनेकी र पछि गोल्डेनले माफ मागेपछि माफ दिएर सामन्ती चलन देखाएपनि राति निःशुल्क र प्राकृतिक सेवामा र गोल्डेनलाई राति बुहारीसँग पनि जा भन्ने गरेकी खराब आचरणको ऊ यस उपन्यासको सहायक गतिशील र प्रतिकूल पात्र हो । उसको खराब आचरण सबले थाहा पाएपछि लाजले  २४ दिन बाहिर ननिस्केकी, महिना पुगेपनि लाजले भाडा नमागेकी ऊ एकदिन बिहान ओछ्यानमा मृत अवस्थामा फेला परेकी वद्ध पात्रका रूपमा रहेकी छे ।

### ३.६.३ ज्योति

ज्योति यस उपन्यासमा सहायक भूमिका निर्वाह गर्ने नारी पात्र हो । ऊ यस उपन्यासको नायक विनयको प्रेमिका, उच्च ओहदाको जागिर खाएको बाबुको छोरीको रूपमा देखिएकी छे । ऊ राम्री, सुन्दरी र लज्जालु स्वभावकी विनय जाँदा दिदीहरूसँग मिलेर हाँस्ने गरेकी भित्रभित्रै विनयलाई मनपराएको कुरा यसबाट प्रष्ट हुन्छ ।

तिम्रो प्रतिक्षा गर्दा गर्दा
मुटु नै चल्न छाडिसक्यो
आउ अबत, यो आँखाले
तिम्रो दर्शन मागिसक्यो

विनयले दिएको चिठी लिएर विनयको कोठाको झ्याल उघारेर चिठी फ्यालिदिएर झ्याल बन्द गरी हिँडेर प्रेममा बाधिन सफल भएकी छे । उसले विनयसँग सिनेमा हेर्न जाने र टिकट भने आफैं लिने गरेकी छे । विनय हुँदा उसको सामुन्ने मुख छोपेर वा निहुरिएर बस्ने र एकान्त लाभ हुनासाथ विनयका कतिपय मूर्खताहरू देखाउँदै झपार्ने गरेकी छे । उसले कति सफा प्रेम गरेकी छ भन्ने कुरा तिमीले मलाई छाडिदियौं भने पनि 'म' तिमीलाई छाड्न सक्तिन । बलजफ्ती तिम्रो घरमा गएर बसिदिन्छु । प्राण त्यागे पनि, अन्त बाहिरफेर होइन, तिम्रै घरमा त्याग्छु भन्ने भनाइबाट प्रस्ट हुन्छ । विनयले चिठी लेखेर पठाउँदा कुनै अरू केटीलाई लेखेको चिठीको रफ त मलाई पठाएको होइन त भनेर

शंकालु भावनाले पनि हेर्ने गरेकी छे । ऊ विनयलाई  चिठी पठाउँदा बेस्सरी ओठमा लिपिस्टिक देलेर चिठीको वीचमा एउटा सिङ्गो र सादा पाना हालेर पानाको वीचमा आफ्नो ओठको डाम बसाल्थी र पठाउने गरेकी छे । 'म' आत्महत्या गर्छु भनेर भन्ने  ऊ किन आत्महत्या गर्छौ भनेर विनयले सोध्दा कुन्नि किन, मलाई बाँच्न मन लागेन भनेर विनयको मन जितेकी छे । विनयमाथि केटीहरूले वहस गर्न थाले भने ऊ भाग नलिई बस्ने, विनयकी दिदी सरिता हराउँदा मानवीय नाताले साथ दिएकी छे । बुवाले प्रेमबारे थाहा पाएपछि ऊ केही टाढा रहन्छे र बाहिर जाँदा पनि बुबाको आदेश लिएर निस्कने गरेकी छे । विनयले एकदिन क्याम्पसबाट फर्कदै गर्दा उसलाई चिठीको कपी दिँदा लिन नमानेकी, देख्दा झस्केकी, विनयले बाटो छेकेर स्विटरको देब्रे खल्तीमा हालि दिँदा केही नभनी तेस्रो दिनदेखि प्रेम गर्न थालेकी छे । नवकृत प्रेममा चिठी र टेलिफोनको निकै भर गर्दै साढे तीन घण्टासम्म फोनमा गफ गर्ने गरेकी घुम्न बन्द गर्दै भेट्न कुनै साथीको घर छानेर, गोप्य र विश्वस्त शैलीमा गर्न थालेकी छे । विनयले बूढीको हत्या गरेको झुट्टो हल्ला चलेपछि ऊ रूने केही डराएकी त्यस कार्यमा जोगिगएकोमा ईश्वरलाई धन्यवाद दिँदै पुरानो प्रेमको वाचाले भए पनि छाड्ने छैन, छाडे पनि राजी खुसी गराएर छाड्ने स्थितिमा पुग्छे । फागुन एघार गते दिउँसो ३ वजे विनयलाई बोलाएर रूँदै तिमीसँग एमएक्स खुकुरी छ रे भन्दै त्यो एमएक्स खुकुरी देउ जेल बस एउटा अवधि तोक्छ, त्यसपछिको मुक्तिलाई सोच कति आनन्ददायी हुन्छ भन्दै त्यो एम एक्स खुकुरी अदभुत शक्तिको छ रे, तिमीलाई छुन नसक्ने र नसमातेको भनेर भन्छे, त्यसो भन्दा विनय मलाई समात भन्छ, समात्छे केही हुँदैन त्यसपछि दुवै एक अर्कामा पूर्ण विश्वास भई रसरङ्गमा डुवेका छन् । शिवरात्रीको बेलामा विनयले दुई वटा शङ्खको माला किनेर ल्याएको एउटा आफूले एउटा ज्योतिलाई दिएर एक अर्काले माला लगाइदिए र सानो पुरियाबाट सिंदुर झिकेर ज्योतिको सिउँदोमा हालिदियो र भन्यो अब तिम्रो अन्त बिहे भयो भने त्यो दोस्रो विहे हुनेछ भन्दा ज्योति तिमी मेरो अन्त विहे हुने कुरा नगर मेरो विहे भइसक्यो, तिमी कतै गयौ भने पनि 'म' तिमीलाई पर्खिन सक्तिन र भन्दै दुवैले माला साटेर मालालाई जीवनभरि चिनोको रूपमा राखि छाड्ने किरिया खाए । विनयसँग एमएक्स खुकुरी छैन, उसलाई छुँदा केही

हुँदैन भनेर पोल खोलेपछि विनय जेल पर्छ , जेल परेपछि एकदिन पनि भेट्न नजाने ऊ यस उपन्यासको गतिशील एवं प्रतिकूल पात्र हो, पछि प्रेममा धोका दिएर पुतलीसडकमा एउटा ठूलो घर भएको केटासँग विहे गरेकी ऊ साँचो प्रेम गर्दा गर्दै पनि अन्त्यमा विनयलाई फसाएकी मंञ्चीय  र बद्ध पात्र हो ।

### ३.६.४ बुहारी

बुहारी यस उपन्यासकी गौण नारी पात्र भए पनि उल्लेख्य चरित्र हो । ऊ यस उपन्यासमा उर्मिलादेवीकी बुहारी हो । ऊ पढेलेखेकी, श्रीमान् मरेर विधुवी भएकी, उसको एउटा सहारा उर्मिलादेवी मात्र छे । ऊ पतिको नाउँ लिएर रून्े गर्ने, सासूलाई मृत पतिको आमा सम्भने गरेकी छे । सासूले आइज मेरै कोठामा बसभन्दा मुमा 'म' उहाँको कोठाबाट मरेपछि मात्र निस्कन्छु भन्छे । सासूले बेलाबेलामा कराइरहने, सासूसँग केही वोलेमा मुखमुखै लागेको भन्दै छोरो खाइस, मलाई बाँकी राखेको मेरो इज्जत लिन र इज्जत फालेको देखाउन भनेर भन्दा ऊ चुप लागी शान्त भई कोठामा आएर रूने गरेकी छे । सासूले अनेक थरीको गालीगलौज गर्दा चुपचाप नै रहने गरेकी केही कुरामा सासूसँग बोल्न पछि नहट्ने गरेकी उसले व्रत गर्ने र सासूको मृत्युपछि राम्ररी किरीया गरेकी छे । सासू मरेको लगत्तै अव कोठा भाँडा दुइसय पचास तिर्नु पर्छ, नतिर्ने भए नबसे हुन्छ, अरू आइ हाल्छन्  भनेर कडा रूपमा देखिएकी छे । पछि सबैलाई घरबाट हटाएर राम्रो घर बनाएर गेट, बगैंचा लगाएर सुन्दर घर वनाएकी ऊ गतिशील एवं अनकूल पात्र हो । ऊ घरमा कालो चस्मा लगाएर बस्ने घर उदयराज र वीरमानलाई भाडामा दिएकी मञ्चीय र वद्ध पात्र हो ।

### ३.६.५ अन्य नारी पात्रहरू

उपन्यासको विषयवस्तुलाई अगाडि बढाउन उपन्यासमा मुख्य र सहायक भूमिका मात्र नभई गौण र सूच्य रूपमा  पनि पात्रहरू प्रस्तुत भएका हुन्छन् । यस उपन्यासमा आएका गौण र सूच्य नारी पात्रहरू - सुनिता, सरिताकी आमा, सरिताकी बहिनी, रश्मी,

प्रमिला वा मोनिका, प्रमिलाकी आमा, केटीहरू, शान्ति, कान्छाकी श्रीमती, किरण, सानी, केटी(१), केटी(२), आइमाई, काकीकी छोरी, पुष्पा, लक्ष्मी(१), र लक्ष्मी (२) जस्ता धेरै रहेका छन् । यी नारी पात्रहरू कथावस्तुलाई गति दिनका लागि आएका भए पनि तिनको भूमिका भने उल्लेख्य रूपमा नभएको देखिन्छ ।

### ३.६.६ निष्कर्ष

**निमित्त नायक** उपन्यासमा सरिता, उर्मिलादेवी, ज्योति, बुहारी, सुनिता, सरिताकी आमा, सरिताकी बहिनी, रश्मी, प्रमिला वा मोनिका, प्रमिलाकी आमा, केटीहरू, शान्ति, कान्छाको श्रीमती, किरण, सानी, कटी (१), केटी(२), आइमाई, काकीकी छोरी, पुण्य, लक्ष्मी(१), लक्ष्मी (२) नामक नारी पात्रहरू रहेका छन् । यी मध्ये यस उपन्यासमा केन्द्रीय भूमिका भएको नारी पात्र सरिता हो । सरिताले यस उपन्यासमा नारी मूक्तिको कुनै आवाज उठाएकी छैन् । रमेशले उसलाई गाली गलौज र हातहाल्दा पनि केही गर्न नसकेको , हेपिएर र पिल्सिएर बसेकी छे । परम्परावादी तथा हिन्दु पतिव्रता नारीका रूपमा  रहेकी छे । सरिता सङ्घर्ष गर्न नसकेरै भाउजुसँग झगडा हुँदा घरबाट निक्लेर हिड्नु परेको हो । यस उपन्यासमा सहायक भूमिका निभाएकी उर्मिलादेवी हैकमवादी प्रवृत्तिको छे । आफ्नो कुरा जसरी पनि माथि पर्नु पर्ने स्वभावको छे । नारी पात्र भएर पनि नारीलाई नै हेप्ने ऊ सामन्ती खालको पात्र हो । अर्को सहायक भूमिका निर्वाह गरेकी ज्योति नारी मुक्तिको आवाज नउठाउने, धोकेवाज पात्रको रूपमा रहेकी छे । गौण र सूच्य पात्र सुनिता, सरिताको आमा, सरिताको बहिनी, रश्मी, प्रमिला वा मोनिका, प्रमिलाको आमा, केटीहरू, शान्ति, कान्छाकी श्रीमती, किरण, सानी, केटी (१), केटी(२), आइमाई, काकीकी छोरी, पुण्य, लक्ष्मी(१), लक्ष्मी(२) रहेका छन् । यी पात्रहरू कथावस्तुलाई गति दिन आएका छन् ।

## ३.७ 'स्वर्गीय हीरादेवीको खोज' उपन्यासका नारी पात्रहरु

### ३.७.१ आशा

आशा **स्वर्गीय हीरादेवीको खोज** उपन्यासकी प्रमुख नारी पात्र हो । आशाले धेरै जनासँग प्रेम गरेकी छे । उसले आफूसँगै पढेको कुमारसँग पत्राचार गरेर प्रेम गरेकी छे । सुरुमा कुलीन लागेर प्रेम गरेकी पछि केही पनि नभएको भनेर आमा बुबाले कराएपछि जारजसन्तान रहेछ भनेर तीन महिनामै छोडिदिन्छे । घोक्नमा सिपालु भए पनि नेपालीमा कमजोर रहेकी, कुमारसँग नेपालीको नोट लिएकी पछि नोट पनि फिर्ता गर्न लाग्दा तिम्रै लागि बनाएको  नोट हो, लैजाउ भन्दा झोलामा नोट हालेर लैजान्छे । परीक्षाको समयमा पनि युवा निरिक्षकसँग लहसिने, मुसुक्क हाँस्ने गरेकी छे । जलस्रोत मन्त्रालयको हाकिमको प्रेमिका बनेकी, समाज सुधारको काम गर्न महिला हितको बारेमा बोलेकी उसले कुमारलाई नोकरीको आश्वासन दिएकी छे । सहायक मन्त्रीले आफ्नो बाबुआमाको हेरचाहको लागि श्रीमति काशी पठाइको छ । त्यसैबेला आशा मन्त्रीको घरमा मन्त्रीसँग भोगविलासमा डुबेकी छे । ऊ मन्त्रीसँग भ्रमणमा जाँदा सेठले दिएको पार्टीमा मन्त्रीले अँगालो हालेर किस गर्दा पनि केही नगर्ने पात्रको रूपमा प्रस्तुत भएकी छ । उसले कुमारलाई सानोतिनो नोकरी पनि मिलाई दिएकी छे । ऊ मन्त्री र कुमार दुवैसँग भोगमा रमाएकी छे । ऊ दुवैसँग प्रेम गर्दा पश्चातापमा परेर 'म' बलात्कारले बिग्रेको होइन स्वेच्छाले नै हो भन्छे । महत्त्वाकाङ्क्षा पूरा गर्न भनेर भन्छे । दुवैतिर प्रेम गर्दा दुवैविच विवाद गराएर मन्त्रीसँग विहे गरेकी छे ।

यसरी जस्तोसुकै ठूलो पदमा पुगेको व्यक्तिलाई पनि आफूप्रति आकर्षित गर्ने रूप र जवानीका कारण फाइदाका लागि आफ्नो देहको व्यापार गर्दै हिँड्ने आशा गतिशील र प्रतिकूल पात्र हो । आवद्धताका आधारमा बद्ध र आसन्नताका आधारमा मञ्चीय पात्र हो ।

### ३.७.२ सोना

सोना **स्वर्गीय  हीरादेवीको खोज** उपन्यासकी सहायक नारी पात्र हो । उपन्यासमा सोना, सानो माइजूले प्रख्यात छे । उसको सच्चा नाम हीरादेवी हो र ऊ लक्ष्मणकी श्रीमती हो । ऊ रूप र जवानीले भरिपूर्ण पढ्नमा सिपालु अर्थशास्त्रमा एम.ए. गरेकी शिक्षित स्त्री हो । आफ्नो श्रीमान्ले सुन र हीराको सेटहरू देखाउँदा सोनाले त्यो होइन हजुर माया गरिसिन्छ भने 'म' एक थोक माग्छु भनी उनले हजुरबाट आज्ञा भए पि. एच डी पुरा गर्थे इनरोलमेन्ट भइसकेको छ भनेर पढाइको चाहना गरेकी छे । फुर्सदको समयमा कविता लेख्ने गरेकी छे, कविता लेखेको श्रीमान् र घरपरिवार कसैलाई मन पर्दैन । कविता लेखेको कागज लक्ष्मणले च्यातचुत पारेर फाली सोनालाई कुट्दा सुरूमा मुख नलागीकन सहनु जति कुटाई खाएपनि गम्भीर कुनै क्षण नहुनु, निजी घटना मान्नु, मेरो नीचताले गर्दा हजुरको जीवन नर्क बनेको छ भने 'म' आफ्नो नीचता आफूसितै लिएर जान्छु नि त ? भनेर भनेकी छे । जति राम्रो काम गरेपनि लक्ष्मणले पिटेको पिटेकै गरेपछि ऊ माइत जान खोज्छे तर उसलाई सासूले प्यारो भाव देखाएर माइत जानबाट रोक्छे । लक्ष्मणले रक्सीको लतमा लागेर सोनालाई पिट्ने गरेपछि ऊ एकदिन कसैले थाहा नपाइकन भागेर माइत जान्छे र धेरै खबर पठाउँदा पनि आउँदिन । पछि कुमारलाई लिन पठाएपछि आउँछे । षड्यन्त्र गरेर डाक्टरले सर्टिफाइ गरिदिएको छ, नर्भस ब्रेक डाउन भएको भनी कैदीको रूपमा  हल कोठामा राखिएको छ र उसको त्यही मृत्यु भएको छ । ऊ अन्यायमा पिल्सिएकी, अनुकूल, गतिशील बद्ध र मञ्चीय पात्र हो ।

### ३.७.३ रोजी

रोजी **स्वर्गीय हीरादेवीको खोज** उपन्यासकी गौण नारी पात्र हो । ऊ उपन्यासमा खराब आचरण भएका पात्रका रूपमा  रहेकी छे । नाच्न सिपालु रहेकी ऊ मामाहरूकहाँ पनि जान्छे र बाहिरफेर प्रसिद्ध भएकी छे । डिस्को जाने नाच्ने गर्ने गरेकी छे । सोनालाई विहे गरेर ल्याएपछि घरको कुरा कुमारलाई सुनाउने गरेकी छे । महिनाको पाँच सय

रूपैयाँ पाएर हल कोठामा खानेकुरो, औषधी बोक्ने काम गर्छे । ऊ राती कुनै केटासँग रेस्टुराँमा खाना खान भनेर मामाहरूले थाहा नपाई निस्किन्छे । यस अर्थमा ऊ खराब प्रवृत्तिको गतिशील, गौण र व्यक्तिगत पात्र हो ।

## ३.७.४ अन्य नारी पात्रहरू

उपन्यासको विषयवस्तुलाई अगाडि वढाउन उपन्यासमा मुख्य र सहायक भूमिका मात्र नभई गौण र सूच्य रूपमा  पनि पात्रहरू प्रस्तुत भएका हुन्छन् । यस उपन्यासमा आएका गौण र सूच्य नारी पात्रहरू सानी, कमला, जुल्फी माइजु, रोहिणी माइजू, राम प्रसादकी श्रीमती, ठूली माइजू, बूढी, हीरादेवी (क), र हीरादेवी (ख) जस्ता धेरै रहेका छन् । यी नारी पात्रहरू कथावस्तुलाई गति दिनका लागि आएका भए पनि तिनको भूमिका उल्लेख्य रूपमा  नभएको देखिन्छ ।

## ३.७.५ निष्कर्ष

**स्वर्गीय हीरादेवीको खोज** उपन्यासमा आशा, सोना, रोजी सानी, कमला, जुल्फी माइजू, रोहिणी माइजू, रामप्रसादकी श्रीमती, ठूली माइजू, बूढी, हीरादेवी (१), हीरादेवी (२) नामका नारी पात्रहरू रहेका छन् । यी मध्ये यस उपन्यासमा केन्द्रीय भूमिका भएको नारी पात्र आशा हो । आशाले यस उपन्यासमा नारी मुक्तिको कुनै आवाज उठाएकी छैन । रसरङ्गमा रमाउने, स्वार्थ भावनाले ओतप्रेत भएकी खराब आचरण भएकी पात्र हो । ऊ फाइदाका लागि देहको व्यापार गर्न पनि पछि नहटेकी नारी अस्मिताको रक्षा नगर्ने नारीकै विरूद्धमा उभेकी असत् पात्र हो । यस उपन्यासमा सहायक भूमिका निभाएकी सोनाले नारी मुक्तिको सशक्त आवाज उठाएकी पात्र हो । अन्यायमाथि औला ठड्याउने गर्दा श्रीमान्को कुटाई खाँदा पनि पछि नहटेकी पात्र हो । ऊ सङ्घर्ष गर्दागर्दै मृत्यु समेत बरण गर्न पुगेकी शिक्षित पात्र हो । गौण र सूच्य पात्र सोना, सानी, कमला, जुल्फी माइजू, रोहिणी माइजू, रामप्रसादकी श्रीमती, ठूली माइजू, बूढी, हीरादेवी (१), हीरादेवी (२) रहेका छन् । यी पात्रहरू कथावस्तुलाई गति दिन आएका छन् ।

## ३.८ 'एक शहरमा एक कोठा' उपन्यासका नारी पात्रहरु

### ३.८.१ गीता

गीता **एक शहरमा एक कोठा** उपन्यासकी प्रमुख नारी पात्र हो । ऊ यस उपन्यासको 'म' पात्रकी श्रीमती हो । ऊ दाहिने स्तनभन्दा देब्रे स्तन सानो भएकी पात्र हो । ऊ आफ्नो श्रीमान्लाई रिफाउन हरक्षण हरेक कार्यमा संलग्न भई साथ दिन्छे । एउटा मात्र कोठा भएकाले पाहुना आउँदा ओछ्यानमा बस्ने, खाना पकाएको हेर्ने र लुगा फेर्न अप्ठ्यारो भएको कुरा श्रीमान्लाई भनेपछि श्रीमान्ले अर्को कोठा खोज्ने भनेपछि ऊ प्रफुल्ल हुन्छे । घरमा पाहुनालाई सत्कार गर्ने राम्रो बानी भएकी आफू भोको भए पनि केही सामान राख्ने गरेकी छे । जुनकुरा मट्टितेल पैचो गरेर ल्याएपनि आफूलाई प्रयोग नगरेर ठूलो मान्छे आउँछन् चिया बनाएर दिनुपर्छ भनेर राखेकीबाट प्रष्ट हुन्छ । समयमा खाना पकाउने खुवाउने, सेवा सत्कार गर्ने श्रीमान्लाई खुशी राख्ने, उसले कुशल गृहिणीको भूमिका निर्वाह गरेकी छे । ऊ गर्भवती हुँदा बेला बेलामा डाक्टरकहाँ जाने जँचाउने गरेकी छ र आफ्नो कोठामा टेलिभिजन नभएकोले माथिल्लो तलाबाट बोलाउने गरेकाले हेर्न जान्छे । श्रीमान् जाँड रक्सी खाएर आउँदापनि केही नभन्ने ऊ कोठामा सरसामान नहुँदा रूने अवस्थामा पुग्ने भए पनि केही खाँचो भयो भने खोजेर ल्याउने, ऋण गर्ने सबै व्यवहार चलाएकी राम्रो व्यवहार गरेकाले सबैको विश्वासी बनेकी छे । गर्भवती अवस्थामा नोकरी गर्छु भन्दा श्रीमान्ले यस्तो अवस्थामा नोकरी गर्नु हुँदैन भन्दा ऊ अफिसमा काम गर्ने महिलाहरू के बच्चा पाउँदैनन् ? गर्भवती हुँदैनन् भनेर निडर भएर बोल्छे । एउटा मात्र कोठा भएकाले सुत्केरी हुने बेला आमालाई यहाँ बोलाउनु भन्दा 'म' आफै माइत जान्छु भनेपछि श्रीमान्लाई रीस उठेर नोकरी लाई दिएन भनेर घर छाड्ने माइतीको धाक देखाउने भनेर यहाँ बस्नु पर्दैन , यहाँ जे-जे परेपनि पर्ला भनेपछि प्रतिवाद नगरेर रोएर बस्ने एक सरल महिलाको प्रतिनिधित्व गरेकी छे । ऊ सुत्केरी हुने समय र हुने बेलामा स्याहार सुसार गर्न आमालाई बोलाउने र आफ्नो गरिबी नदेखाउने हिसाबले पंखा रू १०००।- मा बेचेर दाल चामल किनेर ल्याएर राखेकी छे । उसको

छोरी जन्मेकी र न्वारानपछि आमासँग माइत गएर बसेकी छे । पछि फर्केर आउँदा श्रीमान् जेलमा बसेको हेर्न गएकी नोकरी गरू भन्दा श्रीमान्ले गर भनेकोले खुशी भएर फर्केकी छे ।

**गीता एक शहरमा एक कोठा** उपन्यासकी प्रमुख नारी चरित्र हो । ऊ बद्ध, मञ्चीय र गतिशील पात्र हो । विभिन्न घटना र प्रसङ्गवश आएका उसको भूमिका घटना परिवेश सुहाउँदा छन् ।

## ३.८.२ सावित्री

सावित्री **एक शहरमा एक कोठा** उपन्यासकी सहायक नारी पात्र हो । ऊ यस उपन्यासमा 'म' मात्रसँगै अफिसमा काम गर्ने पात्र हो । ऊ सधै अफिसमा जाँदा झोलामा पाउँ, सुपारी, तितौरा, बलगम, दुरख्वा मध्ये एक बोकेर लाने र 'म' पात्रलाई खान दिने गरेकी छे । ऊ राम्री हँसिलो मुहार भएकी असाधारण कोटिकी भावुक स्त्रीको रूपमा चित्रित छे । 'म' पात्रसँग प्रेममा डुब्न खोज्ने ऊ बढी रूने 'म' पात्रले हातले आँसु पुछ्दा हातले होइन यसले भनेर एउटा राम्रो रूमाल झिकेर दिएकी छे । मणिन्द्र ढकालले 'म' पात्रलाई उसले मसँग पनि प्रेम गरेकी एक नम्बरको धोकेवाज केटी हो, यसले धुतेर छाड्छे, मैले धेरै पैसा फुकिसकेको छु, त्यसको ऋण अझै उत्रेको छैन भनेर सुनाउँछ । ऊ अफिसमा धेरै समय नगएपछि किन अफिस नआएको भन्दा लिभरको विरामीले गर्दा नआएको  भन्छे । उसलाई अफिस नआउँदा अस्पताल गएर ६ महिनाको बच्चा फ्याँकेकी भनेर हल्ला चल्दछ । त्यसले गर्दा लजाएर बस्ने, हिड्ने गर्दछे । पछि हल्ला घरमा समेत पुग्छ, जुन हल्ला असत्य हुन्छ र त्यसैको निहुमा आत्महत्या गर्न पुगेकी ऊ पछि अफिसको हाकिमको पेट बोकेकी गतिशील पात्र हो । आत्महत्या गर्ने ठाउँमा एउटा चिठी लेखेर 'म' आफ्नो जीवनदेखि विरक्त भएर यसो गरेको भनी चिठीमा लेख्ने ऊ मञ्चीय र बद्ध पात्र हो ।

### ३.८.३ अन्य नारी पात्रहरू

उपन्यासको कथावस्तुलाई अगाडि बढाउन उपन्यासमा मुख्य र सहायक भूमिका मात्र नभई गौण र सूच्य पात्रहरू प्रस्तुत भएका हुन्छन् । यस उपन्यासमा आएका गौण र सूच्य नारी पात्रहरू शीला, नर्श, शंकरबहादुरकी श्रीमती, भाउजु, कर्णप्रसादकी श्रीमती, उर्मिला, उर्मिलाकी आमा, सविता, विमला, सानी, सानीकी सौतेनी आमा, गीताकी आमा, सुषमा र साथीकी ममी जस्ता धेरै रहेका छन् । यी नारी पात्रहरूले कथावस्तुलाई गति दिनका लागि आएका भए पनि भूमिका उल्लेख्य रूपमा नभएको देखिन्छ ।

### ३.८.४ निष्कर्ष

**एक शहरमा एक कोठा** उपन्यासमा गीता, सावित्री, शीला, नर्श, शंकरबहादुरकी श्रीमती, भाउजु, कर्णप्रसादकी श्रीमती, उर्मिला, उर्मिलाकी आमा, सविता, विमला, सानी, सानीकी सौतेनी आमा, गीताकी आमा, सुषमा र साथीकी आमा नामका नारी पात्रहरु रहेका छन् । यी मध्ये यस उपन्यासमा केन्द्रीय भूमिका भएको पात्र गीता हो । गीताले यस उपन्यासमा नारी उत्पीडन विरोधि र नारी अधिकारको खोजी गर्ने किसिमको आवाज उठाएकी छैन । गीता परम्परावादी तथा हिन्दू पतिव्रता नारीका रूपमा रहेकी छे । यिनको वैचारिक धरातल भनेको अध्यात्मवाद रहेको छ । साथै यिनको विचार आदर्शवादी रहेको छ । गीता यस उपन्यासमा कुशल गृहिणीको भूमिका निर्वाह गरेकी पात्र हो । यस उपन्यासको सहायक भूमिका निर्वाह गरेकी सावित्री नारी मुक्तिको आवाज उठाउनुको सट्टा नारी अस्मिताको खेलवाड गर्ने पात्र हो । ऊ आफ्नो कुमारीत्व गुमाउने, रसरङ्गमा भुल्ने असत् पात्र हो । गौण र सूच्य पात्र शीला, नर्स, शंकरबहादुरकी श्रीमती, भाउजु, कर्णप्रसादकी श्रीमती, उर्मिला, उर्मिलाकी आमा, सविता, विमला, सानी, सानीकी सौतेनी आमा, गीताकी आमा, सुषमा र साथीकी आमा रहेका छन् । यी पात्रहरू कथावस्तुलाई गति दिन आएका छन् ।

## ३.९ 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासका नारी पात्रहरु

### ३.९.१ रोजिना रानी

रोजिना रानी **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासकी प्रमुख नारी पात्र हो । रोजिना चन्द्रप्रसाद राजा जस्तो खलपात्रकी श्रीमती हो । श्रीमती भएर गृहस्थी धर्मभन्दा पनि चन्द्रप्रसादलाई भोग विलासमा साथ दिने तास खेल्ने र समाज सेवा गर्ने जस्ता क्रियाकलापमा संलग्न हुन्छे । चन्द्रप्रसाद मात्रै बहुस्त्री गमन गर्ने होइन उसकी श्रीमती रोजिनासमेत लक्ष्मीको गर्भ बोकेर बहुपुरुष समागममा रमाउने नारीहरूकी प्रतिनिधि पात्र भएकी छे । रोजिना चन्द्रप्रसादलाई साथ दिने प्रतिकूल प्रकृतिकी चरित्र हो । गीताको पाठले धर्मकर्ममा प्रभावित ऊ शृङ्गार गरेर समाज सेवामा जाने दुध खान नपाएकी बच्चालाई दुध दानी बाँड्ने र भोका बालिकालाई खेलौना दिएर यसैले भोक शान्त पार्न भन्ने ऊ समाज सेवामा गाँउ गाँउमा जाँदा समेत दलबल लैजाने र खसी काटेर भरौटेहरूलाई भोज खुवाउने कार्यमा लागि पर्छे । यसप्रकार रोजिना मार्फत माथिल्लो वर्गको देखावटी समाजसेवाको रूपलाई छर्लङ्ग पारिएको छ ।

सैद्धान्तिक दृष्टिले प्रमुख स्त्री पात्र रोजिना प्रतिकूल प्रवृत्तिकी पात्र भए पनि स्वभावका दृष्टिले गतिशील र सामन्त मिहला वर्गकी प्रतिनिधि चरित्र हो । उपन्यासमा महत्त्वपूर्ण भूमिका भएकी ऊ मञ्चीय पात्र हो र उपन्यासमा सानो भूमिका भएर पनि उल्लेख्य पात्र हो ।

### ३.९.२ रुक्मिणी

रुक्मिणी **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको गौण भएर पनि उल्लेख्य नारी पात्र हो । ऊ लक्ष्मी र रवीको डेरा नजिकै बस्ने गरिब नारी हो । उसका पाँच सन्तान छन् भने पति रक्सी खाएर मर्दछ । पतिको मृत्युपछि चुलो बाल्ने समस्याले ऊ भाडा माझ्ने र खाना पकाइदिने काम गर्छे तर ऊ लक्ष्मीबाट बलात्कृत भएपछि यो काम

छोडिदिन्छे । आर्थिक समस्या बढ्दै गएपछि ऊ लक्ष्मीको वासना पुरा गरिदिन्छे र पैसा लिन्छे । श्रम गरेर खान नसक्ने, शरीर बेचेर खाने रुक्मिणी विवश चरित्र हो । ऊ सुरुमा सोझी पात्र पछि शरीर बेचरे भए पनि परिवार चलाउने गतिशील पात्र हो । आसन्नताका आधारमा मञ्चीय पात्र हो  र उपन्यासमा सानो भूमिका भएर पनि उल्लेख्य पात्र हो ।

### ३.९.३ अमिता

अमिता **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासको गौण भएर पनि उल्लेख्य नारी पात्र हो । अमिता उपन्यासको प्रमुख पात्र रविकी प्रेमिका हो । लक्ष्मी र रोजिनालाई आन्दोलनको बेला आफ्नो घरमा लुकाएर राखेको वखत ऊ लक्ष्मीसँग रसरङ्गमा रमाउँछे र गर्भवती समेत बन्छे । यसबाट ऊ प्रतिकूल प्रवृत्तिकी पात्र हो । सुरुमा रविका कविताबाट प्रभावित अमिता पछि मौका मिलेका बेला परपुरूषसँग भोग गर्न पुग्छे । यस अर्थमा ऊ खराब प्रवृत्तिको गतिशील पात्र हो । जीवनचेतनानको आधारमा अमिता आफ्नो प्रेमिलाई समेत बिर्सने व्यक्तिगत पात्र हो । उसको उपन्यासमा मञ्चीय भूमिका भएर पनि कथावस्तु मुक्त पात्र हो ।

### ३.९.४ अन्य  नारी पात्रहरू

उपन्यासको विषयवस्तुलाई अगाडि बढाउन उपन्यासमा मुख्य र सहायक भूमिका मात्र नभई गौण र सूच्य रूपमा  पनि पात्रहरू प्रस्तुत भएका हुन्छन् । यस उपन्यासमा आएका गौण र सूच्य नारी पात्रहरू शिवरामकी पत्नी, छिमेकी परिवारका छोरीहरू, शीला, गीता, सीता, प्रतिभा, रुक्मिणी, सविता र दरबारका केटी जस्ता धेरै रहेका छन् । यी नारी पात्रहरू कथावस्तुलाई गति दिनका लागि आएका भए पनि तिनको भूमिका उलेख्य रूपमा नभएको देखिन्छ ।

### ३.९.७ निष्कर्ष

**उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा रोजिना रानी, रूक्मिणी, अमिता, शिवरामकी पत्नी, छिमेकी परिवारका छोरीहरू, शीला, गीता, सीता, प्रतिमा, सविता र दरबारका केटी रहेका छन् । यी मध्ये रोजिना रानीले नायिकाको कार्याशं पुरा गरेकी छे । यस उपन्यासमा नारी पात्रहरू रोजिना रानी, रूक्मिणी र अमिताले नारी मुक्तिको कुनै आवाज उठाएको छैनन् । यिनीहरू हिन्दू पतिव्रता नारीको रूपमा पनि रहेका छैनन् । यी पात्रहरू रसरङ्गमा रमाउने, वेश्याको रूपमा रहेका छन् । रोजिना रानी सामन्ती वर्गको प्रतिनिधि गर्ने पात्र पनि हो । रोजिना रानी, रुक्मिणी र अमिता नारी मुक्तिको आवाज उठाउनुको सट्टा नारी अस्मितालाई बेच्ने पात्र हुन् । यिनीहरु उपन्यासमा असत् वेश्या, भोगवादी पात्रका रुपमा रहेका छन् । छिमेकी परिवारका छोरीहरू सत् प्रवृत्तिका, धर्म, कर्म, मान, मर्यादा र नैतिकतामा विश्वास राख्ने नेपाली महिलाहरूको प्रतिनिधित्व गरेका छन् । गौण र सूच्य पात्र शिवरामकी पत्नी, छोरीहरू, शीला, गीता, सीता, प्रतिमा, सविता र दरबारका केटी रहेका छन् । यी पात्रहरू कथावस्तुलाई गति दिन आएका छन् ।

## ३.१० 'दुबिधा' उपन्यासका नारी पात्रहरु

### ३.१०.१ मञ्जुला

मञ्जुला **दुविधा** उपन्यासकी प्रमुख नारी चरित्र हो  ऊ अमरराज र शान्तिको छोरी हो । ऊ पढाइमा तेज भएकी एम. ए. पास गर्ने चाहना भएकी, एस. एल. सीं.मा प्रथम श्रेणीमा राम्रो अङ्क ल्याएर पास गरेकी, क्याम्पस पढ्ने र विवाहपश्चात् पनि पढ्ने इच्छा गरेकी पात्र हो । ऊ घरमा हजुरबाको राम्ररी रेखदेख गर्ने, अझ हजुरआमाको मृत्युपश्चात् हजुरबाको राम्रो सेवा टहल गर्ने, डाक्टर बोलाउने, पानी तताएर औषधी खुवाउने, राम्रो कुरा गर्नै, ओढ्ने ओडाइ दिने र झुट्टो नेबोल्ने गरेकी छे । ऊ कति सज्जन छे भने हजुरबाले बाकसको चावी राख्न दिएर मेरो मृत्युपश्चात् त्यस बाकसमा सुन छ, त्यो सुन अविवाहित छोरीहरूले बाडेर लिनु भन्दा उसले हजुरबाको मृत्युपछि २ तोलाको दरले

बाँडेको बाट प्रष्ट हुन्छ । ऊ यस उपन्यासमा शान्त, भावुक र शोभ्की प्रकारको दखिन्छे । सरल स्वभाव भएकी ऊ आफ्नो बाबू अमरराजलाई निकै माया गर्छे । ऊ कति इमान्दार छे भने कुनै पनि केटासँग नजिस्किने नबोल्ने क्याम्पस जाँदा एक दिन एउटा केटाले आइ लभ यू डार्लिङ्ग भन्दा रोएकोबाट थाहा हुन्छ । उसको बिहे इन्जिनियरसित भयो जुन आइ लभ यू डार्लिङ्ग भन्ने केटो रहेछ त्यो पनि उसलाई विवाहपश्चात् थाहा भएको हो ।

मञ्जुला यस उपन्यासमा मायालु, लज्जालु, शान्त भावुक, कर्मठ स्त्री चरित्र हो । उपन्यास भित्र उसको भूमिका अनुकूल, गतिशील, मञ्चीय र बद्ध छ । उ सत् चरित्रको पात्र हो ।

### ३.१०.२ नर्मदा

नर्मदा **दुविधा** उपन्यासकी गौण नारी भएर पनि उल्लेख्य चरित्र हो । उसलाई यस उपन्यासमा एउटा प्रेमीले काठमाडौं भगाएर ल्याएर अनेक थोक खुवाएर बेहोस बनाएर नाङ्गै बनाई पिपलको बोट मुनी छोडेका छन् । उसलाई एउटा रक्स्याहा हुल (भैरव, जीवन, माधव, शम्भु, अमरराज र बलराम ले पाइन्ट फुकालेर दिएर उद्धार गरेको छ । ऊ पछि तिनहरुसँग लहसिने गर्छे । ऊ कोठामा तिनीहरूलाई रक्सी खुवाउने, रसरङ्गमा रमाउने र पैसा धुत्ने गरेकी छे । ऊ यस उपन्यासमा असत् प्रवृत्तिको यौनकर्मीको रूपमा देखिएको प्रतिकूल, गतिशील, मञ्चीय र बद्ध पात्र हो ।

### ३.१०.३ अन्य नारी पात्रहरू

उपन्यासको विषयवस्तुलाई अगाडि बढाउन उपन्यासमा मुख्य र सहायक भूमिका मात्र नभई गौण र सूच्य रूपमा पनि पात्रहरू प्रस्तुत भएका हुन्छन् । यस उपन्यासमा आएका गौण र सूच्य नारी पात्रहरू तारा, मीना, उर्मिला, भगवति, मृदला, रीता, प्रतिमा, वीना, रोहिणी र सङ्गीता नामका नारी पात्रहरु रहेका छन् । यी नारी पात्रहरूले

कथावस्तुलाई गति दिनका लागि आएका भए पनि तिनको भूमिका उल्लेख्य रूपमा नभएको देखिन्छ ।

### ३.१०.४ निष्कर्ष

**दुविधा** उपन्यासमा मञ्जुला, नर्मदा, तारा, मीना, उर्मिला, भगवति, मृदुला, रीता, प्रतिमा, वीना, रोहिणी र सङ्गीता नामका नारी पात्रहरु रहेका छन् । यी मध्ये यस उपन्यासमा केन्द्रीय भूमिका भएको पात्र मञ्जुला हो । मञ्जुला यस उपन्यासमा हिन्दू पतिव्रता नारीको रूपमा  रहेकी छ । ऊ सरल, सोझी, इमान्दार, कर्मठ, सत् चरित्रको पात्र रहेकी छ । ऊ नेपाली नारीको प्रतिनिधित्व गर्ने पात्र हो । मञ्जुलाले नारी मुक्तिको आवाज नउठाएकी पात्र हो । ऊ शिक्षित नारी पात्र भएर पनि परम्परावादी रहेकी छ । ऊ यस उपन्यासमा हिन्दु पतिव्रता, कुशल गृहिणी र पत्नीको भूमिका निर्वाह गर्ने सत् पात्र हो । यस  उपन्यासको अर्को नारी पात्र नर्मदा असत् पात्रको रूपमा रहेकी छे । ऊ भागेर काठमाडौं गएर कुमारीत्व नष्ट गरेकी छ । ऊ रक्सिको व्यापार गर्ने र यौनकर्मीको रूपमा रहेकी छ ।नर्मदा नारी मुक्तिको आवाज उठाउनुको सट्टा नारीकै इज्जत बेच्ने पात्र हो । ऊ यस उपन्यासमा असत् वेश्या भोगवादी पात्रका रुपमा रहेकी छे । गौण र सूच्य पात्र तारा, मीना, उर्मिला, भगवति, मृदुला, रीता, प्रतिमा, बीना, रोहिणी र सङ्गीता रहेका छन् । यी पात्रहरु कथावस्तुलाई गति दिन आएका छन् ।

## ३.११ 'अग्निदत्त + अग्निदत्त' उपन्यासका नारी पात्रहरु

### ३.११.१ वृक्षा

वृक्षा **अग्निदत्त+ अग्निदत्त** उपन्यासकी प्रमुख नारी पात्र हो । ऊ बाल्यकाल हुँदा घरमा एउटी सन्यासिनी काँटकी स्त्री आएर बस्दा उसलाई पाँच रूपैयाको नोट  हातमा हालेर पाँचको अङ्क तिमीलाई शुभ हुन्छ, त्यो कहिल्यै नबिर्सनु भनेको हुदा त्यो नोट जन्तर बनाएर लगाउन खोज्दा सबैले कराएर लक्ष्मीलाई बाँध्नु हुँदैन भने पछि त्यो नोट

जीवनका अन्तिम क्षणसम्म राख्ने र मरेपछि चित्तामा हालिदिनु भने पछि आमाले मान्छे नश्वर छ तर नोट नश्वर छैन भनेपछि मेरो सन्तान कुनै पनि कालमा कोही पनि निसन्तान भएर मरे भने यो नोट पनि चित्तामा जलोस भनेर भन्छे । ऊ अध्यात्मवादी जस्तो देखिएकी छे । ऊ पूजापाठमा ज्यादै ध्यान दिने कालिका स्तोत्र र गीता पाठ गर्ने, जीवित वा निर्जीव पदार्थमा ईश्वरको बास हुन्छ भनेर भन्छे । ऊ एकदम सुन्दरी ज्यादै लामो केश भएकी विभिन्न सामग्रीहरूले शृङ्गार गरेर हिड्छे । ऊ नेइ भन्ने अफिसमा काम गर्छे । ऊ त्यस अफिसमा काम गर्ने कर्मचारीसँग लहसिने, मीठाइ खाने र रेष्टुरेन्ट जाने गरेकी छ । उसलाई शशीले सम्झाएपछि नक्कली रिपोर्ट बनाएर आफूलाई चिनी रोग छ भनि मिठाई नखाए पनि नुनिलो चिज खाएकी छे । ऊ तास खेल्ने, त्यसैमा रमाउने व्यागमा तास बोकेर हिड्ने तास खेल्न सिकाउने गरेकी छे । ज्ञानप्रसाद कहाँ तास खेल्न जाने हाकिम, मन्त्री, युवकहरू र कर्मचारीसँग तास खेल्ने र तास खेल्दा कसैले अश्लील शब्द बोले उठेर हिड्छे भने पुरूषको स्पर्शलाई स्पर्श नमानेर पप्लु र टिप्लु मान्दछे । सपनामा सन्यासिले एउटा पानको पञ्जा छोडेको बीपनामा पनि उसले पलङ्मूनि पाउँदा खुसी हुन्छे तर एक पटक आलिङ्गन र चुम्वन गर्नेछु भन्दा केही हच्किन्छे । ऊ शाखाबाट हेडशाखामा सरूवा भएकी त्यहाँ पनि मनोजसँग बस्ने, चिया खुवाउने, तास खेल्ने र पैसा दिने गरेकी छे । उसले आफ्नो वर्थडेमा पार्कर पेन उपहार लिएकी छ । उसँगै अफिसमा काम गर्ने गाउँको साथी हङकङ गएर म्यासेज दिन्छु, तिमीले घरमा गएर भन्दिनु भन्दा हुन्छ भन्छे तर फोन आउने बेला अफिसकै अर्के मान्छेलाई धन्य बनाउँदै फिल्म हेर्न गएकी छे । उसलाई छोरीले अती भएर गर्नु हुदैन भनेर भने पछि शशीसँग रिसाउँछे । ऊ दिदिहरुको जस्तो ढिलो विहे र ढिलो सन्तान होस भन्छे । मनोजले आफ्नो वर्थडेमा रिको घडी दिन्छ त्यसलाई नलिने, पछि भेट हुँदा मनोजले मैले भन्न खोजेको कुरा अर्कै छ, भन्दा उसले कुरा बुझेर पहिले किन भनेउन भनेर अव 'म' ब्रह्मण केटा अग्निदत्तसँग बचनबद्ध भइसके भनेर भन्छे ।

निर्देशकले अग्निदत्तलाई नोकरी दिनुपर्छ भनेर सल्लाह माग्दा वृक्षा पनि सहमत देखाउँछे । मनोजले ऊ सरूवा भएर जाने बेलामा आँखाभरि आशु पारेर तपाईको शरीरलाई एक पटक हलुकोसित स्पर्श गर्दै अँगालो हाल्न चाहन्छु भन्दा दोधारमा पर्दा पर्दै अंगालो हालेर टासी ओठमा ओठ पुऱ्याउन लाग्दा बेसरी घचटेर थुइक्क नीच यही हो । सभ्य बनेको भनेर सच्चा देखिएकी छे । ज्ञानप्रसादले आयोजना गरेको पिकनिकबाट फर्कदा गाडीभित्र हाकीमले उसको कानमा मुख लगेर बोल्ने, गालामा प्याट्ट कुट्ने र काधमा हात राख्ने गर्दा ड्राइभरलाई गाडी रोकाएर ओर्लेर ज्ञानप्रसाद भएको ठाउँमा गई र भनि तिमीजस्तो घृणित मान्छे तिमी बाहेक केही हुन सक्दैन भनेर निडर देखिएकी छे । ऊ त्यसपछि ज्ञानप्रसादकहाँ जान छोडेर नजरमा सबै बेठीक र अग्निदत्त मात्र ठीक लागेको व्यक्त गर्छे । उसले स्वप्नबाट प्राप्त गरेको पानको पञ्जा र सन्यासिद्वारा प्राप्त गरेको पाँच रूपैयाको नोट दुवै लगेर कालीको चरणमा राखेर नमस्कार गर्छे । ऊ अग्निदत्तको कोठामा जाने रसरङ्गमा रमाउने हुँदा गर्भवती हुन्छे र मन्दिरमा विहे गरेकी प्रमुख प्रतिकूल पात्र हो । उसले छोरो जन्माई अग्निदत्तसँग घर गएर ढोगभेट गरी रमाइलो अनुभव गरेकी छे । घरमा सासू ससूराले केही भने पनि सामान्य रूपमा लिने गरेकी गतिशील मञ्चीय र बद्ध पात्र हो ।

## ३.११.२ शशी

शशी **अग्निदत्त+अगग्निदत्त** उपन्यासकी सहायक नारी पात्र हो । ऊ पनि नेई अफिसमा काम गर्छे । ऊ त्यहाँका कर्मचारीसँग रेष्टुरेन्ट जाने गरेकी छे । ऊ पनि तास खेल्ने गरेकी छे । ऊ यौन उमङ्ग ज्यादै भएकी पात्र हो । वृक्षा केटाहरूसँग स्पर्श गर्ने, मीठाई खाने, तास खेल्न र घुम्ने गर्दा उसले हरेक कुराको सीमा हुन्छ, अती गर्नु हुँदैन भनेर सम्झाएकी प्रतिकूल सहायक पात्र हो । वृक्षा उसको कुरा सुनेर नबोल्ने भए पछि ऊ पनि भेट हुँदा नबोल्ने गतिशील मञ्चीय र बद्ध पात्र हो ।

### ३.११.३ अन्य नारी पात्रहरू

उपन्यासको विषयवस्तुलाई अगाडि बढाउन उपन्यासमा मुख्य र सहायक भूमिका मात्र नभई गौण र सूच्य रूपमा पनि पात्रहरू प्रस्तुत भएका हुन्छन् । यस उपन्यासमा आएका गौण र सूच्य नारी पात्रहरू वृक्षाकी आमा, वृक्षाकी भाउजु, ज्ञानप्रसादको श्रीमती, निशा, सञ्जना, गुलाफवदन, भूतकन्या, राजकुमारी, नागकन्या, रेवती, निधिनी र प्रतिभा जस्ता धेरै रहेका छन् । यी नारी पात्रहरूले कथावस्तुलाई गति दिनका लागि आएका भए पनि तिनको भूमिका उल्लेख्य रूपमा नभएको देखिन्छ ।

### ३.११.४ निष्कर्ष

**अग्निदत्त + अग्निदत्त** उपन्यासमा वृक्षा, शशी, वृक्षाकी आमा, वृक्षाकी भाउजु, ज्ञानप्रसादकी श्रीमती, निशा, सज्जना, गुलाफवदन, भूतकन्या, राजकुमारी, नागकन्या, रेवती, निधिनी र प्रतिभा नामक नारी पात्रहरु रहेका छन् । यी मध्ये यस उपन्यासमा केन्द्रीय भूमिका भएको पात्र वृक्षा हो । वृक्षाले यस उपन्यासमा नारी उत्पीडन विरोधी र अधिकारको खोजी गर्ने किसिमको आवाज उठाएकी छैन । वृक्षा तास खेल्ने, रेष्टुरां जाने, लहसिने गर्दा असत् प्रवृत्तिको पात्र हो । ऊ नेपाली नारीको प्रतिनिधित्व गर्नुपर्ने र नारी हक हितका लागि सङ्घर्ष गर्नुपर्ने ठाउँमा नारीलाई नै हेपिने ठाउँ बनाउन प्रवृत्त रहेकी छ । यस उसन्यासको सहायक नारी पात्र शशी पनि खराब आचरण भएको पात्र हो । तास खेल्ने, केटाहरूसँग स्पर्श गर्ने, यौन उमाङ्ग भएको पात्र हो । वृक्षा र शशी दुवै असत प्रवृत्तिका पात्र हुन् । यिनीहरु तास खेल्ने, रेष्टुराँ जाने, केटाहरुसँग स्पर्श गर्ने, यौन उमाङ्ग बढी भएकाले भोगवादी पात्रका रुपमा रहेका छन् । गौण र सूच्य नारी पात्र वृक्षाकी आमा, वृक्षाकी भाउजु, ज्ञानप्रसादकी श्रीमती, निशा, सज्जना, गुलाफवदन, भूतकन्या, राजकुमारी, नागकन्या, रेवती, निधिनी र प्रतिभा रहेका छन् । यी कथावस्तुलाई गति दिन आएका छन् ।

## ३.१२ 'फूलको आतङ्क' उपन्यासका नारी पात्रहरु

### ३.१२.१ नारी पात्रहरू

**फूलको आतङ्क** एक सय छब्बीस वटा छोटा सूत्रहरूको सङ्ग्रह हो । प्रत्येक सूत्रको बेग्लै शीर्षक छ । अन्तिम अर्थात १२६ औं सूत्रको शीर्षक **फूलको आतङ्क** रहेको छ । यही सूत्रको शीर्षकलाई उपन्यासको शीर्षक बनाइएको छ । **फूलको आतङ्क** उपन्यासमा एउटा पिङ्गला नामको स्त्री छ, जुन एउटा सूत्रको शीर्षक हो । यस भन्दा बाहेक यस उपन्यासमा श्रीमती एउटा सूत्रको र प्रेमिका दुइवटा सूत्रको शीर्षक रहेको भए तापनि यिनीहरूको भूमिका उल्लेख्य रूपमा देखा पर्दैन । यसका साथै **फूलको आतङ्क** उपन्यासमा कही झिनो रूपमा केटी, कन्या, श्रीमती, स्त्रीहरू र नवयौवना भनेर देखाइएको भए पनि भूमिका उल्लेख्य रूपमा  रहेको  छैन् । त्यसकारण यस उपन्यासमा नारी पात्रहरूको भूमिका एकदम शून्य रूपमा रहेको छ ।

## ३.१३ 'बाढी' उपन्यासका नारी पात्रहरु

### ३.१३.१ श

श **बाढी** उपन्यासकी प्रमुख नारी पात्र हो । ऊ चेतचन्द्रकी प्रेमिका हो । उसले चेतचन्द्रले लेखेको पिकनिक नाटक खेलेर त्यस बेलासम्म वीरगञ्जमा स्त्री पात्रले नाटक नखेल्ने  परम्परालाई  तोडेर विद्रोही भाव देखाएकी छे । ऊ समारोहमा गीत गाउने गरेकी छे । ऊ नाटक खेल्न मञ्चमा जाँदा चेतचन्द्रलाई आफ्नो घडी, सिक्री, मुन्द्री, फूकालेर राख्न दिएकी र भोजमा चेतचन्द्रलाई नबोलाए पछि भोजमा गएकी छैन् । उसलाई चेतन्द्रले साथीको बहिनी कहाँ बोलाएर चिठी दिदाँ लिएर अर्को चिठी पठाएकी छ । ऊ चेतचन्द्रलाई काठमाडौमा पनि चिठी पठाएकी प्रेम बन्धनमा बाधिएर चेतचन्द्रसँग फिल्म हेन जाने गरेकी छे । उसले प्रेमलाई गोप्य राख्न चेतचन्द्रले एकदम भेट गर्दा साथी अमृताले तलाई उसले मनपराउँछ भन्दा उसले मन पराए पनि 'म' मन पराउदिन भनेर

भन्छे । चेतचन्द्र काठमाडौंबाट फर्किएर त्रिजुद्धमा पढाउदा झ्यालबाट चियाएर हेर्ने गरेकी छे । चेतले अन्तिम चिठी भनेर पठाउँदा पनि, चिठी घरमा भेट्दा केही नभएको र अर्कोसँग प्रेम गर्ने सुरू गर्छे । ऊ पद्मकन्या क्याम्पसमा पढ्दा चेतले देखेर ६० पृष्ठको चिठी लेखेर सिङ्गो कापी दिदा नलिने भने पनि चेतले स्विटरको गोजीमा हाल्देको र नफाली लगेकी उसले पनि चेतलाई त्यस्तै चिठीमा लेखेर कापी दिएर 'म' शरीरले मात्र तिमीप्रति समर्पित हुन सकिन आत्माले त 'म' अझै पनि तिम्रो हु, भनेर लेखेकी राम्रो प्रेमिका भएर देखिएकी छे । ऊ चेतको विर्सने बानी भएकोले भुलक्कड महाराज भन्ने गरेकी छे । चेत कहाँ ट्युशन पढ्न जाने गरेकी ऊ अच्छा राई रसिकको **लगन** उपन्यास पढाउँदा रोएकी र साथी जयाले किन रोएकी भन्दा टाउँको दुखेर आयो भनेर ढाटेकी छे । उसको विहेको कुरा चल्दा विहे हुने केटी सित भेटघाट हुँदा पनि चेतलाई ज्यादै माया गरेकी छे । उसले चेतलाई फोन नम्बर दिएर 'म' यस बेला घर हुन्छु, फोन गर्नु भनेर घण्टौंसम्म कुरा गरेर बसेकी छे । उसले टयुशन पढेर अन्तिम दिन चेतलाई एउटा प्याकेटमा बाक्लो स्विटर सेतो गलबन्दी दिएकी छे । चेतले मैतीदेवीको डेरामा खान बोलाउँदा त्यहाँ गएकी छ । चेतले २ वट्टा स-साना शंखको माला सिन्दुर किनेर ल्याएकोमा एउटा माला आफूले अर्को माला शलाई दिएर एक अर्कालाई लगाइ दिनुका साथै चेतले सिउँदोमा सिंन्दूर हालिदियो । श त्यस बेला आँखा भरी आशु लिएर बसीरेहकी, चेतले छ आनाको सुनको औठी 'डी' लेखेका हातमा लगाइदियो र उसले छ वट्टा तस्वीर चेतलाई दिएकी छ र त्यस बेला चेतले एक अर्कोलाई नपाए पनि, यो तिम्रो पहिलो विवाह हो, अव तिम्रो जुन विवाह हुन्छ, त्यो दोस्रो हुनेछ भन्दा ऊ चेतको खुट्टा सुमसुम्याएर बसिरहेकी छ उसले चेतचन्द्रसँग प्रेम गरे पनि विहे अर्को केटासित गरेकी छ । उसले चेतलाई आफ्नो पति सँग चिनजान गराएकी छे । चेतचन्द्रले सातवर्ष पहिले उसँगको साक्षात घटनालाई लिएर लेखेको 'विर्सन सक्छ यो संसार' ...नामक गीत उसले मागेकी थिई जुन गीत विदा हुने बेलामा चेतलाई दिई ऊ कति भावुक रहिछ भन्ने देखाएकी छे ।

चेतले एउटा सानो चिठी देखि ६० पृष्ठ हुँदै १०६ पृष्ठसम्मको चिठी लेखेको उसले लिदै फर्काउदै गरेकी विच विचमा प्रेम बन्द भए पनि पुन निरन्तरता दिने 'श' **बाढी** उपन्यासकी प्रमुख नारी चरित्र हो । ऊ यस उपन्यासकी अनुकूल, बद्ध, मञ्चीय र गतिशील पात्र हो । विभिन्न घट्ना र प्रशङ्गवश आएका उसको भूमिका घट्ना परिवेश सुहाँउदा छन् ।

### ३.१.३.२ शान्तिदेवी

शान्तिदेवी **बाढी** उपन्यासकी सहायक नारी पात्र हो । ऊ श्यामप्रसादकी जेठी श्रीमती हो । उसको श्रीमान् सहयोगीको भावनाले होइन रात बिताउने उद्देश्यले घरमा आउँदा पनि केही भन्दिन । ऊ कति गरिब छ भन्ने कुरा स-सना छोराछोरी लिएर विभिन्न घरहरूको पीढीमा बसेर त्यसलाई घर मानेर बसेकोबाट प्रष्ट हन्छ । ऊ यसरी बस्दा एकदिन ताइतात्के हराउँदा घरको स्त्रीलाई तिमीले देख्यौं कि दुलै भन्दा बाँस पनि दिनु चोरीको अभियोग पनि सहनु भनेर घरबाट निकाल्दा निक्लेर हिडेकी छे । ऊ महिनाको दश रुपियामा अर्काको बारी खन्नु वर्षमा दश रुपिया र दशैंमा एक जोर लुगामा विहान बेलुका भात पकाउने गरेकी र उब्रेको खानेकुरा ल्याएर घरमा छोराछोरीलाई खुवाउने गरेकी छे । उसले आफ्नी आमालाई पालेकी, श्रीमान् र गाँउलेले लङ्डाखानामा लगेर राखि दिनु भन्दा रून्छे र मातृत्वको रक्षा गर्छे । उसको घरमा सौता भएकोले कुनै स्थान थिएन । सौताले उसलाई चामल, दाल अडकलेर, मानो नापेर, तोकेभन्दा अत्यन्त अपर्याप्त रकम त्यही रकमबाट दैनिक खर्च बाहेक लुगाफाटो र स्कूल फी चलाएकी छे । उसलाई खटाएको मानो सकिएपछि फेरी जानुपर्दथो र ऊ छोरा प्रभुलाई पठाउथी । प्रभु जाँदा मेरो अरु काम छैन कि क्याहो ? सित्तैमा अन्न खान कति हतार भएको ? तिमीहरूको मानो भर्ने काम गर्न भनेर 'म' यस घरमा आएकी हुँ कि कसो ? अब देखि यसरी माग्न आयौ भने खुट्टा भाँचेर पठाइदिन्छु भन्दा पनि उसको श्रीमान् केही बोल्दैन । ऊ गरिबीको कारणले छोराछोरीलाई भनेको बेला स्कुल पठाउन, कापी, किताब, कलम किन्न समेत

नसक्ने भएकी ऊ करुणाकी प्रतिमूर्ति एवम् गतिशील पात्र हो । उसको श्रीमान् सम्पन्न भए पनि केही नभन्ने सोझी इमान्दार नारी भएकी एक मञ्चीय र बद्ध पात्र हो ।

### ३.१३.३ अन्य नारी पात्रहरू

उपन्यासको विषयवस्तुलाई अगाडि बढाउन उपन्यासमा मुख्य र सहायक भूमिका मात्र नभई गौण र सूच्य रुपमा पनि पात्रहरु प्रस्तुत भएका हुन्छन् ।  यस उपन्यासमा आएका गौण र सूच्य नारी पात्रहरू हजुरआमा, स्त्री, आईमाई, केटी, बीनिन, आमा, गुढ्डी, बूढीया, निर्मलादेवी, युवती, बज्यै, चन्द्रप्रसादकी श्रीमती, मैया, शोभा, तेजकुमारी, बाहुनी, जानुकी, इन्दु राणा, कालिका, दुलै, सासू, शान्तिकी सौता, कपिला, भगवती, नर्श, अमिता, अमृता, महिला, विमला, रञ्जना, शारदा, चादनी, तारा, लता, कुमाउनी केटीहरू, संगीता, करूणा जया, शान्ता, सावी, भुवन, कल्याण रिमाल, विजु रिमाल, प्रीति, मीरा, रेखा, अनिता वर्मा, पद्ममा मेहता र डा. ललिता बदाम नामक नारी पात्रहरु रहेका छन् । यी नारी पात्रहरूले कथावस्तुलाई गति दिनका लागि आएका भए पनि तिनको भूमिका उल्लेख्य नभएको देखिन्छ ।

### ३.१३.४ निष्कर्ष

**बाढी** उपन्यासमा श, शान्तिदेवी, हजुरआमा, स्त्री आईमाई, केटी, बीनिन, बूढीया, आमा, गुढ्डी, निर्मलादेवी, युवती, बज्यै, चन्द्रप्रसादकी श्रीमती, मैंया, शोभा, तेजकुमारी, बाहुनी, जानुकी, इन्दु राणा, कालिका, दुलै, सासू, शान्तिकी आमा, शान्तिकी सौता, कपिला, भगवती, नर्श, अमिता, अमृता, महिला , विमला, रंजना, शारदा, चादनी, तारा , लता, कुमाउनी, केटीहरू, संजीता, करूणा, जया , शान्ता, साबी, भुवन, कल्याण रिमाल, विजु, प्रीति, मीरा, रेखा, अनिता, पदमा र डा.ललिता नामका नारी पात्रहरु रहेका छन् । यी मध्ये यस उपन्यासमा केन्द्रीय भूमिका भएको पात्र श हो । शले यस उपन्यासमा नारी मुक्तिको आवाज उठाएकी छैन । शले हिन्दू नारीको प्रतिनिधित्व गरेकी छे । ऊ सोझी, शिक्षित, प्रेम गर्न सिपालु पाराको पात्र हो । उपन्यासमा उसको भूमिका सत् प्रवृत्तिको छ ।

ऊ प्रेममा डुबेर अन्धो भएकी पात्र हो । शान्तिदेवी यस उपन्यासको सहायक भूमिका निर्वाह गर्ने पात्र पिल्सिएर, चेपिएर र हेपिएर रहेको नारी पात्र हो । सङ्घर्ष नगर्ने बरू सहेर बस्ने पात्र हो । यस उपन्यासमा आएका गौण र सूच्य पात्रहरू कथा वस्तुलाई गति दिन आएका छन् ।

## ३.१४ 'सहस्राब्दीको अन्तिम प्रेमकथा' उपन्यासका नारी पात्रहरु

### ३.१४.१ समिधा

समिधा **सहस्राब्दीको अन्तिम प्रेमकथा** उपन्यासकी प्रमुख नारी पात्र हो । ऊ विग्रहकी प्रेमिका र श्रीमती हो । उसलाई क्लासका सबै केटाहरूले चिठी पठाउँदा अस्वीकार गरेकी तर क्लासकै विग्रहले बाटोमा बसेर चिठी दिदा नलिने भन्दै धेरै बेर संवाद चले पछि तिमी पानी पर्ने दिनलाई पर्खन सक्छौ र रूने अभ्यास गर्न सक्छौ भने मलाई रूघा नलागेको दिन पऱ्या हुन सक्छ तिम्रो चिठी 'म' लिन्छु भने पछि मनसुन आएर पानी पर्ने दिन पारेर विग्रहले चिठी दिएपछि ऊ वचन अनुसार चिठी लिन्छे र भन्छे 'म' यो चिठीको अर्कै उपयोग गर्छु भन्छे । उसले त्यो चिठी पढ्दै नपढेर त्यसको डुङ्गाहरू बनाई र बर्षाको मौसमलाई हेर्दै त्यो डुङ्गालाई बगाई दिन्छे । ऊ अटूट रूपमा ब्रत उपवास गरेर बस्ने मंगलबार गणेशको ब्रत लिने साउनको सोमबार, पुसको आइतबार ब्रत बस्ने शनिवार देवीको मन्दिरमा जान्छे । उसलाई शुरूमा शान्ति र कान्तिले विग्रहसँग प्रेम गर भन्दा ठाडै अस्विकार गर्छे । विग्रह विरामी भएको बेला ऊ आफै जान्छे उसको दारी देखेर हास्ने गरेकी छे । उसले विग्रहको आमा बिरामी हुँदा बिहानै उठेर घरमा कसैले थाहा नपाई जाउली र अन्य पथ्यको व्यवस्था गरेर अस्पताल जान्छे । विग्रहले एस.बी.अङ्ग्रेजी अक्षर लेखेको एक दम कलात्मकता साथ एक अर्कालाई अल्झाएर कुदिएको औठी दिंदा लाउन नमान्दा पछि कुरा भए पछि लाउछे र भन्छे यो घूस दिएको भन्दा पहिले पनि कान्ति मार्फत पेन, साडीहरू पनि पठाएको थिए भन्दा रीसले चुर भएर बाहिरिन्छे । ऊ पछि आफै गएर विग्रह माथि शङ्का गर्छे । विग्रह

तत्काल मुडकीले भित्तामा हान्दा रगताम्य भएपछि चुन्नी च्यातेर हातमा पट्टी बाधेर अव मलाई पत्यार भयो भन्छे । पहिले प्रेम गर्न नमान्ने पछि ऊ प्रेममा कति कटिवद्ध छे भने जहिले पनि तिमीलाई सम्झेर टोलाई रहने भए, पहिले पनि अहिले पनि जहिले पनि कुनै सङ्कट पर्छ जीवनमा, 'म' त्यस रात सपना देख्छु , अनि सपनामा सहाराको रूपमा सधै तिमीलाई मात्र देख्छु, भन्ने कुराबाट स्पष्ट हुन्छ । ऊ बी. ए. पास गरेकी शिक्षित पात्र हो । ऊ प्रेमिको कोठामा जाने त्यहाँ गएर चिया, भात पकाउने खाने खुवाउने लुगा धुने सामान सकिए पछि ल्याउने पैसा दिने गर्छे । आई. एन. जी. ओमा महिनाको पच्चीस हजारमा पाँच बर्षको प्रोजेक्टरमा नोकरी गर्छे । ऊ त्यस काममा एक जना ज्ञानबहादुर के.शी. राम्रो मान्छे छ, तिक्ष्ण बुद्धि, गम्भिर र दार्शनिक कुरा गर्ने, कोक खुवाउने पैसा आफै तिर्ने हाम्रो प्रेम प्रसङ्ग सबै थाहा छ भन्दा विग्रहले अव यहाँ नआए पनि हुन्छ भन्दा एक्कासी बिउझे जस्तो गरी आशु बगाउँदै तिमी सित प्रेम गर्नु धिक्कारै रहेछ भनी जान खोज्दा क्षमा मागे पछि खुशी भएकी छे ।

समिधा अव, प्रेमको अन्त्य गरूँ, नोकरी छाडौं, घर फर्कौं, घरमा सबथोक बताउ भन्छे । ऊ आफ्नो नोकरी विग्रहलाई विग्रहको नोकरी आफूलाई बनाउछे । लामो कपाल भएकी सुन्दर मिलनसार प्रवृत्ति भएकी ऊ अनुकूल र गतिशील पात्र हो । विग्रह बसेको गाँउमा प्रेम गर्न नपाउने भनेपछि सर्भिस छोडेर कसैले थाहा नपाई हिड्ने मञ्चीय पात्र हो । ऊ दश महिनामा १० वर्षको छोरी पाएर कराउँछे । उसले छोरी घरमा पठाएर यो देश प्रेम गर्ने लायक छैन, यो रहस्यको पत्ता लगाउन जादैछौ र रहस्य पत्ता लाग्नासाथ फर्केर आउँछौ भन्ने चिठी लेखेर छोरीलाई चिठी पठाउने बद्ध पात्र हो ।

### ३.१४.२ राधा

राधा **सहस्राब्दीको अन्तिम प्रेमकथा** उपन्यासकी सहायक नारी पात्र हो । ऊ प्रेमप्रसाद शर्माकी श्रीमती हो । ऊ प्रेमप्रसादसँग काठमाडौ घुम्न जाने हुँदा विहे गरेकी छे । प्रेमप्रसादले राधाको टोलमा दिएको ऋण उठाउन जाँनेकुरा गर्दा मेरो पनि आमा बाबू

पनि पर्दछन् भनेर भन्छे । ऊ बुढेशकालमा मेरो कारणले दुःख पाउन 'म' किमार्थ चाहान्न भन्छे । तिम्रो आमा बाबूलाई छोडि दिउला भन्दा हुँदैन बदनामी गरे भनेर भन्छन्, तिम्रो ऋणबाट उनीहरू मुक्त भए तिमीले प्रत्येक घरको केही घुमाएका छौ, तिनका अगिल्तिर पैसा असुल्ने कुरा नगर भन्ने ऊ गतिशील पात्र हो । धेरै सन्तान जन्माउने आशा बोकेकी धेरै सन्तान जन्माएकी एक मञ्चीय पात्र हो । एक सन्तान मात्र भयो भने ऊ काक–बन्ध्या भन्छन् भन्छे । पतिको प्रेम भने नमरून्जेल पाइने भयो भन्ने आश बोकेकी बद्ध पात्र हो ।

### ३.१४.३ सावित्री

सावित्री **सहास्राब्दीको अन्तिम प्रेमकथा** उपन्यासकी सहायक नारी पात्र हो । ऊ गेरुवा वस्त्र धारण गरेर रूखको फेदमा सन्यासिनीको भेष धारणा गरेर ध्यानमा लिन भएको बेलामा प्रेमप्रसादले उसको ओठ पान गर्दा हातहरू शरीरका विभिन्न भागमा चलायमान हुँदा पनि आँखा चिम्लेकी पछि आँखा उघारेर यो तिमीले राम्रो गरेनौ भन्छे । प्रेमप्रसादले क्षमा माग्दा पनि क्षमा दिनु र नदिनुको अर्थ छैन अब हामी दुवै जना नियतिको चक्रमा परिसक्यौ भनेर भन्छे । ऊ मलाई नियतिले आदेश दिएर सात दिन निरन्तर तपस्या गरेपछि आठौ दिन जुन पहिलो पुरुष देखिन्छ, त्यसैलाई मैले वरण गर्नुपर्छ र त्यो पुरुष धनधान्यले सम्पन्न समेत हुनेछ 'म' वैवाहिक बन्धनमा बाधिएको छु भन्दा मलाई भविष्यवाणी भएको थियो । त्यो पुरुष आफैले, ऊ सम्पन्न भएको प्रमाण पनि दिनेछ, त्यसकारण तिमीले चिन्ता लिनु पर्दैन अब, त्यो प्रमाण पनि पाइयो भनेर लुगा फेरेर प्रेमप्रसादसँग विहे गरेकी छे । उसलाई प्रेमप्रसादले यौन सन्तुष्टि दिन नसकेकोले खिन्न र अलिक कामुक देखिएको छे । ऊ पुन गेरुवा बस्त्र धारणा गरेर घरबाट निस्केर जङ्गलमा बसेकी छे । उसले भिक्षा मागेर जीवन धानेकी छे । पाँच बर्ष पछि पाँच वटा बच्चा लिएर प्रेमप्रसादको घरमा उपस्थित भएकी ऊ प्रतिकूल र गतिशील पात्र हो । उसलाई प्रेमप्रसादले कसका बच्चा हुन भन्दा यी भगवानका सन्तान हुन भनेकी मञ्चीय

र बद्ध पात्र हो । ऊ घरमा प्रेमप्रसादले यौन तृष्णा मेट्न नसकेपछि यौन तृष्णा मेट्न सन्यासीको रुपधारण गरेर उसले तिर्खा मेटाएकी असत् पात्र हो ।

### ३.१४.४ अन्य नारी पात्रहरू

उपन्यासको विषयवस्तुलाई अगाडि बढाउन उपन्यासमा मुख्य र सहायक भूमिका मात्र नभई गौण र सूच्य रूपमा पनि पात्रहरू प्रस्तुत भएका हुन्छन् । यस उपन्यासमा आएका गौण र सूच्य नारी पात्रहरू केटी, समिधाकी आमा, सरिता, स्त्री, शान्ति, शकुन्तला, कैरवी, प्रियम्बदा र दुधवाली जस्ता धेरै रहेका छन् । यी नारी पात्रहरूले कथावस्तुलाई गति दिनका लागि आएका भए पनि तिनको भूमिका उल्लेख्य नभएको देखिन्छ ।

### ३.१४.५ निष्कर्ष

**सहस्राब्दीको अन्तिम प्रेमकथा** उपन्यासमा समिधा, राधा, सावित्री, केटी, समिधाकी आमा, सरिता, स्त्री, शान्ति, कान्ति, शकुन्तला, कैरवी, प्रियम्बदा र दुधवाली नामक नारी पात्रहरु रहेका छन् । यी मध्ये यस उपन्यासमा केन्द्रीय भूमिका भएको पात्र समिधा हो । समिधाले यस उपन्यासमा नारी उत्पीडन विरोधी र अधिकारको खोजी गर्ने किसिमको आवाज उठाएको छैन । यिनी परम्परावादी तथा हिन्दू पतिव्रता नारीका रूपमा रहेकी छ । यिनको वैचारिक धरातल भनेको अध्यात्मवाद रहेको छ । यिनको विचार आदर्शवादी रहेको छ । समिधाले प्रेमलाई निरन्तरता दिएकी पात्र हो । **सहस्राब्दीको अन्तिम प्रेमकथा** उपन्यासको समिधा परम्परावादी, हिन्दू पतिव्रता नारी एवम् असल प्रेमिकाको रूपमा चित्रित भएकी पात्र हो । समिधा नारी मुक्तिको लागि कमजोर रहेकी छ । यस उपन्यासको सहायक पात्र राधाले पनि नारी मुक्तिको आवाज नउठाएकी, जेपरे पनि सहने पात्र हो । अर्को सहायक पात्र सावित्री असत् प्रवृत्तिको खराब आचरण भएको पात्र हो । सावित्री कामुक प्रकारको नारी मान मर्यादाको उल्लंघन गर्ने पात्र हो । गौण र सूच्य पात्र केटी,

समिधाकी आमा, सरिता, स्त्री, शान्ति, कान्ति, शकुन्तला, कैरवी, प्रियम्बदा र दुधवाली कथावस्तुलाई गति दिन आएका छन् ।

## ३.१५ 'मौन' उपन्यासका नारी पात्रहरु

### ३.१५.१ नारी पात्रहरू

**मौन** सूत्र उपन्यास हो । यस उपन्यासमा उपन्यासकारले नारी पात्रहरूको चयन ठाँउ ठाँउमा गरेका भए तापनि स्पष्ट रूपमा नारी पात्रको नाम उल्लेख गरेका छैनन् । यस उपन्यासमा कही झिनो रूपमा प्रेमिका, बूढी, केटी, छोरी, श्रीमती, बेहुली, स्त्री र आमा भनेर देखाएको भए तापनि भूमिका उल्लेख्य रूपमा रहेको छैन्, त्यसकारण यस उपन्यासमा स्त्री पात्रहरूको भूमिका शून्य रूपमा रहेको छ ।

## ३.१६. 'भीमसेन ४ को खोजी' उपन्यासका नारी पात्रहरु

### ३.१६.१ नारी पात्रहरू

**भीमसेन ४ को खोजी** उपन्यास सूत्र उपन्यास हो । यस उपन्यासमा उपन्यासकारले नारी पात्रहरूको चयन ठाँउ–ठाँउमा गरेका भए तापनि स्पष्ट रूपमा एउटी मञ्जुको मात्र नाम उल्लेख गरेका छन् । मञ्जुको नाम उल्लेख गरेका भए तापनि उनको भूमिका शुन्य रहेको छ । त्यस्तै  यस उपन्यासमा झिनो रूपमा आमा, श्रीमती, वृद्धा, आइमाई, स्त्री, गणिका, महिला र सुन्दरी भनेर  देखाइएको भए तापनि भूमिका उल्लेख्य रूपमा रहेको छैन् । त्यसकारण  यस उपन्यासमा नारी पात्रहरूको भूमिका शून्य रूपमा रहेको छ ।

## ३.१७ 'तथाकथित' उपन्यासका नारी पात्रहरु

### ३१७.१ तन्द्रिका

तन्द्रिका यस उपन्यासकी प्रमुख नारी पात्र हो । उ नवरत्न  भवनमा नवरत्नहरूका सहयोगीका रूपमा कार्यालय प्रवेश गरेकी छे । रूप र जवानीले भरिपुर्ण अविवाहित तन्द्रिका आफ्ना सबै दिदीहरु भन्दा बढी गतिशील र सक्रिय देखिन्छे । ऊ सौन्दर्यका कारण नवरत्न भवनमा प्रवेश पाएकी विस्तारै त्यहाँका कर्मचारीलाई हातमा लिन सफल भएकी छे । ऊ जो सत्तामा हुन्छ वा जसको पँहुच बढी छ, त्यसैसँग नजिकको सम्बन्ध बनाउन अत्यन्त सफल छे । प्रदीपसँगै जीवन जिउने र रातमा पनि उ नभए निद्रा नलाग्ने अवस्थामा पुगेकी तन्द्रिका प्रदीपका ठाउँमा प्रसन्न आएपछि र प्रदीपलाई अन्यन्त्रै सारिए पछि वास्ता पनि गर्दिन । कार्यालयभरि कर्मचारीहरू तन्द्रिकाकै रूपको बयान गर्छन् भने बडाहाकीम र प्रधानमन्त्रीलाई पनि ऊ अपरिहार्य भइसकेकी छे । आफ्नो व्यक्तिगत उन्नती हुन्छ भने विश्वाश, इमान र देहसमेत वेच्न तयार तन्द्रिका यस उपन्यासकी प्रतिकूल पात्र हो । उसले प्रदीपलाई आफ्नै प्रेमिकाले गर्ने व्यवहार गरेर बढुवाको सूचीमा आफ्नो नाम राख्न बाध्य गराएकी छे । बढुवा भइसकेपछि प्रधानमन्त्रीतर्फ बढी आकर्षित भएकी छे । उसले हाकिम '१' र हाकिम '२' का बीचमा ठूलो फाटो ल्याएर हजारको नोट लिएकी छे । उसलाई अफिसका जोसुकै व्यक्तिले पनि मन पराउँछन् । उसले भर्खर प्रधानमन्त्रीलाई रिझाएर प्रमुख जिल्ला अधिकारी बनेको जनार्दनसँग विवाह गरी आफूलाई उन्नतिका श्रेणीमा बढाउँदै लगेकी छे ।

यस उपन्यासमा सबैलाई अनैतिक मार्गमा लाग्न प्ररित गर्ने, आस्था र विश्वासबाट विचलित गराएर यथार्थलाई बिर्साउन खोज्ने खुबी भएकी तन्द्रिका 'तन्द्रा' को प्रतीकका रूपमा आएकी छे । उपन्यासमा वर्णित आस्था र विश्वासबाट विचलति भएको समसामायिक स्थितिको चित्रण गर्न तन्द्रिका जस्ती पात्रको भूमिका महत्त्वपूर्ण  रहेको हुनाले यस उपन्यासको बद्ध पात्रका रूपमा रहेकी छे ।

### ३.१७.२ कामिनी

कामिनी यस उपन्यासमा सहयाक भूमिका निर्वाह गर्ने नारी पात्र हो । मन्त्रीको पीएका रूपमा रहेकी कामिनी प्रधानमन्त्रीको जहाज हाइज्याकमा रुपालाई हराएर आफू पर्न सफल भएकी छे । प्रधानमन्त्रीले आफ्नो श्रीमान्लाई अमेरिका पठाएर आफूसँग मोजमस्ती गर्ने योजना बनाउँदा ऊ कुनै प्रतिक्रिया देखाउँदिन, बरू खुसी हुन्छे । सहायक मन्त्रीलाई अर्थमन्त्रीमा बढुवा गराउनका लागि प्रधानमन्त्रीसँग अनेक अनैतिक सम्बन्धमा बढाउँछे । ऊ अफिसमा मानिस भएका बेला मन्त्री, प्रधानमन्त्रीको बाहिरी कोठामा बस्ने र मानिस नहुँदा उनीहरूका काखमा बस्ने गर्दछे । ऊ मन्त्रीहरूको बढुवा गराउन प्रधानमन्त्रीलाई राजी बनाएकाले उनीहरूबाट अनेक प्रकारका वस्तु, पैसा, गहना लिने गरेकी छे । जुनसुकै मन्त्रीहरू पनि आफूप्रति आकर्षित भएकाले उनीहरूकै अनुरोधमा कोठा–कोठा धाउनु पर्ने कुरा बताउँछे । उ सहायक मन्त्री सुरेश शिवाकोटीलाई अर्थमन्त्री बनाउने योजनामा सफल हुन्छे । ऊ जस्तोसुकै ठूला पदमा पुगेका व्यक्तिलाई पनि आफूप्रति आकर्षित गर्ने रूप र जवानीका कारण बहुमूल्य वस्तुहरू र मनग्य सम्पत्ति हात पार्न ऊ सफल भएकी छे । कामिनी फाइदाका लागि आफ्नो देहको व्यापार गर्दै हिँड्ने गतिशील र प्रतिकूल पात्र हो । कामिनी आफ्नो श्रीमान्लाई अमेरिका पठाएर  परपुरुषसँग रमाउने  कामुक र चरित्रहीन नारीहरूको प्रतीक हो । सुरासुन्दरीमा रमाउने व्यक्तिहरूले कर्तव्यलाई विर्सेर महत्त्वपूर्ण समयलाई भोगविलासमा खेर फालेको कुरा कामिनीका माध्यमबाट चित्रण गरिएको छ ।

### ३.१७.३ रूपा

रूपा यस उपन्यासमा प्रो. इन्द्रनाथकी दोस्री श्रीमतीका रूपमा आएकी छे  र प्रमुख पात्रहरूका कार्यमा थप सहयोग गर्ने भूमिकाका आधारमा सहायक स्त्री पात्र हो । रूपा जस्तो नाम छ, त्यस्तै अत्यन्त सुन्दरी छे । छोराछोरीको आमा भइसकेर पनि उसमा सौन्दर्यमा कुनै कमी आएको छैन । ऊ आफ्नो रूप र शारीरिक आकर्षणलाई यथावत्

राख्नका लागि आफ्नो श्रीमान्सँग पनि टाढा टाढा रहन्छे । ऊ कामिनी भन्दा आकर्षक र भर्खरकी एवम् कामिनीलाई जित्न प्रतिस्पर्धाको भावना पालेर बसेकी छे । ऊ बच्चा धेरै पाएमा शारीरिक आकर्षणमा कमी आउने हुनाले श्रीमान्लाई सम्झाउछे । प्रधानमन्त्रीको जहाज हाइज्याकमा कामिनी छानिएकी र आफू अनेक प्रयत्न गर्दा पनि सफल हुन नसकेको कुराले उसलाई ठूलो चोट पुऱ्याएको छ । उसले आफ्नै रूप र सौन्दर्यकै उपयोग गरी प्रधानमन्त्री लगायतका व्यक्तिहरुलाई रिझाएर आफ्नो श्रीमान इन्द्रनाथलाई नवरत्नमा नियुक्त गर्न लगाएकी छे । रूपा नैतिक रूपमा पतन भएकी प्रतिकूल पात्र हो । रूपा उचित अवसर पाइन्छ भने देहव्यापार गर्न पनि केही अप्ठ्यारो नमान्ने गतिशील पात्र हो ।

### ३.१७.४ चिन्तामणि

चिन्तामणि रत्नराजकी छब्बीसौं बलात्कृत केटी हो । प्रधानमन्त्रीको भाईकी छोरी परेकाले रत्नराजले चिन्तामणिलाई विवाहित श्रीमतीका रूपमा अपनाएको छ । उसले बढेको खोलो र सत्तामा पुगेका व्यक्तिको भर हुँदैन भन्ने कुरा राम्ररी बुझेकाले प्रधानमन्त्री सामु पहिला प्रकट हुन सक्दिन् । प्रधानमन्त्रीले चासो देखाएपछि ऊ आफ्नो काम बनाउन प्रयत्न गर्छे र रत्नराजलाई नवरत्न बनाई छाड्छे । ऊ आफू भन्दा अगाडि श्रीमान्ले बलत्कार गरेका पच्चीसौं केटीलाई आफ्नो श्रीमान्को जीवनबाट टाढा राख्न अनेक व्यवस्था मिलाउँछे । उसले विवाहितहरूलाई उनीहरूकै श्रीमान्को जिम्मा र जवान युवतीहरूलाई प्रधानमन्त्रीको सूर्यास्त वालाका रूपमा व्यवस्था गरेरे वैवाहिक जीवन सफल बनाउन लागेकी छे । उसको श्रीमान भन्दा ऊ धेरै शक्तिशाली छे । उपन्यासमा वर्णन गरिए अनुसार 'श्रीमान् हाकिम भएको र ऊ बडाहाकिम भन्दा बलियो छे । चिन्तामणि रूखको हाँगोमा चरो छ, त्यसलाई  देख्न सकिन्छ  तर छुन सकिन्न, धेरै माथि भएकाले त्यस्तो भइसकेकी छे । ऊ यसरी अनैतिक कार्य गर्नमा व्यस्त चिन्तामणी गतिशील पात्र हो ।

### ३.१७.५अन्य नारी पात्रहरू

उपन्यासको विषयवस्तुलाई अगाडि बढाउन उपन्यासमा मुख्य र सहायक भूमिका मात्र नभई गौण र सूच्य रूपमा पनि पात्रहरू प्रस्तुत भएका हुन्छन् । यस उपन्यासमा आएका गौण र सूच्य नारी पात्रहरू इन्द्रिका, मुन्द्रिका, शोभा, शान्ति, सुरक्षा जस्ता धेरै रहेका छन् । यी नारी पात्रहरूले कथावस्तुलाई गति दिनका लागि आएका भए पनि तिनको भूमिका उल्लेख्य नभएको देखिन्छ ।

### ३.१७.६ निष्कर्ष

**तथाकथित** उपन्यासमा तन्द्रिका, कामिनी, रूपा, चिन्तामणि, इन्द्रिका, मुन्द्रिका, शोभा, सुरक्षा र सुशीला नामक नारी पात्रहरु रहेका छन् । यी मध्ये यस उपन्यासको केन्द्रिय भूमिका भएको पात्र तन्द्रिका हो । तन्द्रिका, कामिनी, रूपा र चिन्तामणिले नारी मुक्तिको कुनै आवाज उठाएका छैनन् । यी सबै असत् पात्रको रूपमा यस उपन्यासमा रहेका छन् । आफ्नो नारी अस्मिता जोगाउनु पर्नेमा गुमाउनेमा तल्लिन रहेका छन् । उनीहरु केही पाउन सङ्घर्ष गर्नुपर्ने अवस्थामा पद पैसा पाउन रसरङ्गमा रमाउने गरेका छन् । उनीहरु सबैलाई अनैतिक कार्यमा लाग्न प्रेरित गर्ने, आस्था र विश्वासबाट विचलित गराएर यथार्थलाई विर्साउन खोज्ने, श्रीमानलाई छलेर अरूसँग मोजमस्ती गर्ने, फाइदाको लागि देहको व्यापार गर्ने जस्ता खराब प्रवृत्ति पाइन्छन् । रूपा र चिन्तामणि वहुविवाह र बलात्कारको विरोध गर्नु पर्नेमा आफै वहुविवाह र बलात्कारको भागी बन्न तयार भएका छन् । **तथाकथित** उपन्यासका नारी पात्र तन्द्रिका, कामिनी , रूपा र चिन्तामणि वेश्या एवम् भोगवादी पात्र हुन् । यिनीहरू नारी अस्मिताको रक्षा गर्नु पर्ने ठाउँमा नारी अस्मिता लुटाउने पात्र हुन । गौण र सूच्य पात्र इन्द्रिका, मुन्द्रिका, शोभा, सुरक्षा र सुशीला रहेका छन् । यी कथावस्तुलाई गति दिन आएका छन् ।

## ३.१८ 'घुर्मी' उपन्यासका नारी पात्रहरु

### ३.१८.१ स्वस्ती

स्वस्ती **घुर्मी** उपन्यासकी प्रमुख नारी पात्र हो । ऊ चेतचन्द्रकी श्रीमती हो । ऊ आफ्नो श्रीमान् पुना पढ्न गएको बेला समय समयमा श्रीमान्लाई भेट्न पुना जाँदै आउँदै गर्छे । उसले धेरै समय वीरगञ्ज र काठमाडौमा पनि विताएकी छे । स्वस्ती दुई सन्तान ईशान र शुभ्रताकी आमा भइसकेकी सन्तानप्रतिको माया अन्यन्त धेरै छ भन्ने कुरा इशानलाई ज्वरोले सताउँदा छटपट छटपट गरेबाट स्पष्ट हुन्छ । उसले उपन्यासभित्र निभाएको भूमिकालाई हेर्दा उसमा अनुकूल प्रवृत्ति भेटिन्छ । आफ्नो श्रीमान्मा भएको भूलक्कड बानी जति छ त्यति भूलक्कड बानी उसमा छैन र सचेत नारी हो । एक पटक डा.जि. एल. बदाम र श्रीमती ललिता काठमाडौ आउँदा श्रीमती बादामलाई चिनोको रूपमा दोसल्ला दिएबाट स्वस्तीमा मित्रभाव निकै रहेछ भन्ने कुरा स्पष्ट हुन्छ । ऊ व्यक्ति पात्र हो, वर्गपात्र होइन् ।

स्वस्ती **घुर्मी** उपन्यासको प्रमुख, अनुकूल, बद्ध, मञ्चीय, गतिशील, व्यक्ति पात्र हो । विभिन्न घटना र प्रसङ्गवस आएका उसको भूमिका घटना परिवेश सुहाउँदा छन् ।

### ३.१८.२ सुलोचना

सुलोचना **घुर्मी** उपन्यासकी सहायक नारी पात्र हो । डेक्टन कलेजको क्वाटरमा बस्दै आएकी सुलोचना कलेजको सरसफाइमा दिनहरू बिताउँछे । मराठी समुदायकी सुलोचना श्रीमान् र टुकुटुकु हिँड्ने छोरो पनि त्यही सर्बेन्ट क्वाटरमा बस्छन् । सुलोचना युवती छे । उसले घोती पनि लगाउने परम्परागत शैलीलाई त्योगेकी छे तर गरिब हुनाले प्रायः सस्तो सुतीको लुगा लगाउँछे । ऊ काली छे तर यौवनको टलकले होला हिस्सी परेको देखिन्छे । उसले एक दिन चेतचन्द्रको कोठामा झाडु लगाउन जाँदा खुकुलो ब्लाउज र सपक्क परेको धोती लगाएकी थिई । चेतले उसलाई जिस्क्यायो । उसले लाज त प्रशस्त मानी  तै पनि सब्बी एसार्डज पहनाता साब भनरे हिँडी ।

सुलोचना मायालु, लज्जालु, कर्मठ, स्त्री चरित्र हो । उपन्यासभित्रको उसको भूमिका अनुकूल, बद्ध, मञ्चीय छ । ऊ व्यक्ति चरित्र हो ।

### ३.१८.३ पद्मा मेहता

पद्मा मेहता **घुर्मी** उपन्यासकी सहायक नारी पात्र हो । ऊ अरूको भन्दा निकै खरो स्वभावकी गुजराती केटी हो । उसको चालीस बर्षसम्म विहे भएको छैन, किनभने उसमा सुन्दरता कमी नै छ, त्यती राम्री छैन । ऊ बौद्धिक छे । चेतचन्द्रलाई भेटाएपछि घनिष्ट मित्रको सम्बन्ध गाँसिन पुग्छ । कहिलेकाहीँ चेतचन्द्रसँग ऊ एकान्त वगैचामा घुम्न जान्थी । चेतचन्द्रलाई एकदिन आफ्नो जवानीको पवित्रताबारे खुलस्त पारेबाट उसमा चेतप्रतिको आकर्षण स्पष्ट हुन्छ । उसको भावनालाई चेतले सम्मान भने गर्न सकेको छैन। यसबाट पद्मामा थप मनोविच्छिप्तता भएको देखिन्छ । पद्मा मेहता उपन्यासकी सरल, सफा हृदय भएकी अघवैंशे केटी हो । उपन्यासभित्र उसलाई एउटा अनुकल, मञ्चीय बद्ध पात्रको रूपमा भेटिन्छ ।

### ३.१८.४ मेरी

मेरी **घुर्मी** उपन्यासकी सहायक नारी चरित्र हो । ऊ अत्यन्त सुन्दरी युवतीका रूपमा उपन्यासमा देखापरेकी छे । उसको सौन्दर्यलाई देखेर धेरै युवाहरू पनि उपन्यासभित्र उसको पछि लागेको देखिन्छन् । डेक्टन कलेजमा अध्ययनमा लागि आएकी मेरी हरबखत स्कट प्यान्ट लगाएर कसिकसाउ हुन्छे । उसको सुगठित शरीर देखेर युवाहरू विज्ञापनमा खेल्ने मोडल केटीसित उसलाई तुलना गर्छन् । उसलाई भेटेपछि मिठो बोलेर लट्ठ बनाउने उसमा आकर्षण शक्ति छ । उसको त्यस्तो आकर्षणमा चेतचन्द्र पनि भूल्छ । चेतचन्द्रसँगको सम्बन्ध निकै गहिरिएको जस्तो देखिएको बेला एकदिन सबै केटाहरूकै आँखा अगाडि एउटा सुगठित शरीर भएको केटाले उसलाई लैजान्छ । ऊ गएपछि कलेज नै शून्य भएको आभाष त्यहाँका युवाले गरेबाट मेरी डेक्टन कलेजकै आकर्षण थिई भन्ने पूष्टि हुन्छ ।

मेरीले अरूलाई  आकर्षण गरेर उसको  सौन्दर्यमा रनभूल्ल भएपछि चटक्क छोडेर जान्छे, जसका कारण केटाहरूमा छटपटी हुन्छ । मेरीको यो परपिडक प्रवृत्ति हो । मिलनसार मिठो बोल्ने गतिशील, बद्ध, मञ्चीय, अनुकूल पात्रको रूपमा **घुर्मी** उपन्यासभित्र मेरीलाई पाउन सकिन्छ ।

### ३.१८.५ लक्ष्मी

लक्ष्मी **घुर्मी** उपन्यासकी सहायक नारी पात्र हो । चेतचन्द्र वीरगञ्जबाट पुना जान लागेको बेला बाटोमा आफूलाई पनि बम्बैसम्म पुऱ्याइदिन अनुरोध गरी चेतको पछि लागेर बम्बैसम्म सँगै जान्छे । लक्ष्मी युवतीमै अनैतिक यौन सम्बन्धबाट आफ्नो पेटमा हुर्की रहेको बच्चालाई फाल्नु पर्ने उसको बाध्यता छ । उसलाई त्यो बाध्यात्मक परिस्थिति सृजना गर्ने व्यक्तिले नै बम्बैसम्म लगेर गर्भपतन गराउने चाँजोपाँजो मिलाएको हुन्छ । ऊ सोझी नारीको रूपमा उपन्यासमा देखापर्छे  । बम्बैमा पुगेपछि सहयोगी मान्छे फेला पार्छे र चेतसँग पनि नभनी त्यो कुरा गोप्य राख्छे । उसमा त्यस्तो क्षमता अनिवार्य थियो किनभने अरूलाई थाहा नदिनु भनेर त्यो व्यक्तिले धम्की  गरेको थियो ।

लक्ष्मी सोझी, चोखो हृदय भएकी केटी हो । चेतलाई उसले अभिभावक ठानेकी छे । उपन्यासभित्र उसको भूमिका मञ्चीय, बद्ध, स्वपिडक प्रकृतिको देखिन्छ ।

### ३.१८.६ जापानी युवती योको

चेतचन्द्र बाल साहित्य गोष्ठीमा जापान गएको बेला उसलाई कृष्णचन्द्रसिंह प्रधानले हान्सु सहयोगीको (जापानी व्यक्ति) फोन नम्बर दिएका थिए । जापान पुगेपछि हान्सु सहयोगीलाई फोन गर्न एक जना जापानी युवतीले चेतचन्द्रलाई  सहयोग गरिन । उनको नाम योको थियो । अत्यन्त सहयोगी मित्रवत् व्यवहार भएकी यी युवती **घुर्मी** उपन्यासभित्र गैर नेपाली सहायक नारी पात्रका रूपमा देखिन्छिन । उसले सिक्का छिराएर गर्ने फोनमा आफ्नै खल्तीबाट सिक्का निकालेर त्यहाँ छिराइन् । चेतचन्द्रलाई सदाका लागि

ऋण लगाइन् । योकोले चेतलाई  सपिङ्ग  गराइन् । उसले चिनोको रूपमा मोतीको मालाा किनेर दिइन् ।

योको चेतचन्द्रका अत्यन्त घनिष्ट विदेशी साथीका रूपमा उपन्यासभित्र देखिन्छिन् । उपन्यासमा खेलेको उनको भूमिका अनुकूल, मञ्चीय र बद्ध देखिन्छ । उनीलाई  एउटा मिलनसार सहायक स्त्री पात्रको रूपमा **घुर्मी** उपन्यासमा भेट्टाउन सकिन्छ ।

### ३.१८.७ दोभाषे जापानी युवती

जापानको बाल साहित्य गोष्ठीमा जापानी भाषालाई अङ्ग्रेजी भाषामा उल्था गर्ने युवती **घुर्मी** उपन्यासभित्र सहायक स्त्री चरित्रको रूपमा आएकी छन् । अत्यन्त नम्र, मिठो बोली भएकी यी युवतीले चेतचन्द्रलाई गोष्ठी सकिएपछि टोकियो घुमाइदिइन् । उनले विशाल पुस्तक पसलमा पाण्डुलिपि पुरस्कार पाउन सफल नयाँ लेखक नयु मुराकमीको पुस्तक किनेर दिइन् । उनिभित्र रहेको मित्रवत् भाव यी सम्पूर्ण व्यवहारबाट झल्किन्छ । उनी **घुर्मी** उपन्यासभित्रकी  अनुकल, वर्गीय, बद्ध र मञ्चीय पात्र हुन् ।

### ३.१८.८ अन्य नारी पात्रहरू

उपन्यासको विषयवस्तुलाई अगाडि बढाउन उपन्यासमा मुख्य र सहायक भूमिका मात्र नभई गौण र सूच्य रूपमा पनि पात्रहरू प्रस्तुत भएका हुन्छन् ।  यस उपन्यासमा आएका गौण र सूच्य नारी पात्रहरू प्रीया, शुभ्रता, ललिता, ज्योति, अनिता, नर्श, केटी मिर्जा, बसन्ती, शान्तिदेवी दीपवती र अफगानी विद्यार्थी केटी जस्तो धेरै रहेका छन् । यो नारी पात्रहरूले कथावस्तुलाई गति दिनका लागि आएका भए पनि भूमिका उल्लेख्य नभएको देखिन्छ ।

### ३.१८.८ निष्कर्ष

**घुर्मी** उपन्यासमा स्वस्ती, सुलोचना, पद्मा मेहता, मेरी, लक्ष्मी, जापानी युवती योको, दोभाषे जापानी युवती, प्रीया, शुभ्रता, ललिता, ज्योति, ऋनिता, नर्श, केटी मिर्जा, वसन्ती, शान्तिदेवी, दीपवती, अफगानी विद्यार्थी केटी, अनिता, विश्राम, चारू, पद्मा, मिनी, रोशना, गङ्गा, जमुना, अमिता, कल्पना, तेजकुमारी, आशा, केलकर र वानिरा गिरी नामक नारी पात्रहरु रहेका छन् । यस उपन्यासमा स्वस्तीले नायिकाको कार्यश पुरा गरेकी छे । स्वस्तीले यस उपन्यासमा नारी मुक्तिको आवाज उठाएकी छैन् । स्वस्ती परम्परावादी तथा हिन्दू पतिव्रता नारीका रूपमा  रहेकी छ । यिनको वैचारिक धरातल भनेको अध्यात्मवाद रहेको छ , साथै यिनको विचार आदर्शवादी रहेको छ । स्वस्ती अन्यायका लागि कुनै अवाज नउठाएकाले सहनशीलताकी प्रतिमूर्ति मान्न सकिन्छ । यिनीले कुशल गृहिणीको भूमिका निभाएकी छ । सहायक भूमिका निभाएका सुलोचना, पद्मा मेहता, मेरीहरुले पनि नारी मुक्तिको आवाज उठाएका छैनन् अर्की सहायक भूमिका भएकी पात्र लक्ष्मी अनैतिक सम्बन्ध राखेर गर्भपतन गर्न बम्बै जाने खराब आचरणको पात्र हो । यस वाहेक अन्य नारी पात्र कथावस्तुलाई गति दिन आएका छन् ।

## ३.१९ 'जेलिएको' उपन्यासका नारी पात्रहरु

### ३.१९.१आमा

आमा **जेलिएको** उपन्यासकी  प्रमुख नारी पात्र हो । ऊ विष्णु उपाध्यायकी श्रीमती हो । ऊ यस उपन्यासमा दुःखको जीवन व्यतित गर्न बाध्य भएकी पात्रको रूपमा देखिएकी छे । ऊ धेरै विपन्न परिवारको बिना कसुर श्रीमान् जेलमा वस्नु परेको क्रान्तिकारी फौज आएर जेल तोड्दा पनि ननिक्लेको, जेलमा छोरा बाबु भेट्न जाँदा पनि निराश हुने भेट्न पनि नजाने तर एक दिन छुटला र फेरि पुरानो मन्यतामा फर्कौला भन्ने सपना पालेर बसेकी छे । ऊ आफै भोको बसेर भए पनि छोराछोरीलाई खुवाउँछे । उसले जिविको पार्जन गर्न रक्सी बेच्ने, माछा तार्ने गर्छे । ऊ रक्सी खाएर ग्राहकले बोलेर जिस्किने केही

हात हाल्न खोज्ने भए पनि सहने धेरै भयो भने झर्केर बोल्ने छाड यो हात हटाउ नत्र म यही दारू खन्याइदिन्छु भन्छे । ऊ शृङ्गार गरेर दुपहरियादेखि ग्राहक कुरिरहने बेपार नहुदा शून्यता अनुभव गर्ने गर्दछे । उनीहरू कति गरिब थिए भने छोराहरूले पिण्ड फुटाएर तिल र केसरी हटाइ दिएर ल्याउथे, अनी छाक टार्दथे र कुनै रक्सी खान आउँदा मासु चामल लिएर आउथे त्यस्तो आस गरेर बसेकोबाट प्रष्ट हुन्छ । उसको घर हावा हुरी चल्दा उढाउने बर्षाको पानी पर्दा भेल पस्ने खालको छ । उसलाइ छोरा लछुवा र छोरी रामी घरबाट हिडे पछि धेरै पिर परेको जेठो छोरा राम उपध्यायलाई धेरै माया गर्छे ।

ऊ अन्त्यमा जेलमा गएर अब थाकिसके, धेरै पर्खिन सक्तिन यसको अन्त्य छैन भन्दै 'म' यतिन्जेल बच्चाहरूको लागि बसेको छु भनेर भन्छे । अब ऊ हरिद्वार वा बृद्धावन जान्छु भनेर भन्ने गतिशील पात्र हो । ऊ शरीरको बेपार समेत गरेकी ऊ सोमप्रसादसँग चौब्बीस घण्टा समेत बसेकी छे । गाँउघरमा बनी बुतो गरेर जीवन प्रसादकी श्रीमतीसँग मागेर पनि छोरा छोरीको भोक मेटाउने ऊ मञ्चीय र बद्ध पात्र हो ।

### ३.१९.२ अन्य नारी पात्रहरू

उपन्यासको विषयवस्तुलाई अगाडि बढाउन उपन्यासमा मुख्य र सहायक भूमिका मात्र नभई गौण र सूच्य रूपमा पनि पात्रहरू प्रस्तुत भएका छन् । यस उपन्यासमा आएका गौण र सूच्य नारी पात्रहरू जनकप्रसादकी श्रीमती, रामी, सविता, नहर्नी, कमला, गुड्डी, रत्ना, रूपा, सुनरिया, पुलिसहाकिमकी श्रीमती, रतनलालकी श्रीमती र मनराकी आमा जस्ता धेरै रहेका छन् । यी नारी पात्रहरूले कथावस्तुलाई गति दिनका लागि आएका भए पनि भूमिका उल्लेख्य नभएको देखिन्छ ।

### ३.१९.२ निष्कर्ष

**जेलिएको** उपन्यासमा आमा, जनकप्रसादकी श्रीमती, रामी, सविता, नहर्नी, कमला गुड्डी, रत्ना, रुपा, सुनरिया, पुलिसहाकिमकी श्रीमती, रत्नलालकी श्रीमती र मनराकी

आमा नामका नारी पात्रहरु रहेका छन् । यी मध्ये यस उपन्यासमा केन्द्रीय भूमिका भएको पात्र आमा हो । अमाले नारी मुक्तिको आवाज उठाएको छैन । ऊ परम्परावादी तथा हिन्दू पतिव्रता नारीको रूपमा  देखिए पनि अन्त्यमा जाँड, रक्सिको व्यापार गरेकी छे । ऊ हैकमवादी समाजमा परेकोले सोमप्रसादको नियमानुसार २४ घण्टा उसँगै बस्न बाध्य भएकी अन्याय सहेर बस्न बाध्य भएको पात्र हो । ऊ गरिबीले गर्दा अन्याय सहेर बस्नु पर्ने तितो यथार्थ देखाएकी छ । गौण र सूच्य पात्र जनकप्रसादकी श्रीमती, रामी, सविता, नहर्नी, कमला गुड्डी, रत्ना, रूपा, सुनरिया, पुलिस हाकिमकी श्रीमती, रत्नलालकी श्रीमती र मनराकी आमा रहेका छन् । यी पात्रहरू कथावस्तुलाई गति दिन आएका छन् ।

## ३.२० 'एक असफल आख्यानको आरम्भ' उपन्यासका नारी पात्रहरु

### ३.२०.१ सुषुम्ना

सुषुम्ना **एक असफल आख्यानको आरम्भ** उपन्यासकी प्रमुख नारी पात्र हो । ऊ ग्लोबल कम्युनिकेसन्समा काम गर्छे । ऊ त्यही ग्लोबल कम्युनिकेसन्समा काम गर्ने आधार शर्मासँग प्रेम गर्छे । ऊ प्रेमिसँग मन्दिरमा जाने घुम्ने, नगरकोटको स्नान घरमा सावरमूनि विभिन्न क्रिया गदै स्नान गर्ने, नागार्जुनको डाडा जाने त्यहा चुम्बनरत देखिने छाडा प्रवृत्तिको देखिएकी छे । ऊ आधार शर्मासँग रेष्टुरा जाने, एकान्त मन पराउने जाने आधारसँग लट्ठिने, अफिसमा पनि जिस्किने चल्ने गर्ने ज्यादै यौन उन्माद भएकी पात्र हो । ऊ रूप र जवानीले भरिपूर्ण जसको पहँचु बढी छ, त्यसैसँग नजिकको सम्बन्ध बनाउन अत्यन्त सफल छे । ऊ प्रेम गर्दा गर्दै गर्भवती हुन पुगेकी चार महिनाको गर्भ काटेकी छे । ऊ अर्कालाई कविता लेख्न लगाई आफू त्यसको लेखक बनी एक बर्षमै सम्मान र पुरस्कारले विभूषित भएकी छ । ऊ आफ्नो व्यक्तिगत उन्नति हुन्छ भने विश्वास इमान र देह समेत बेच्न तयार रहेकी चरित्रहीन जस्तो गतिशील पात्र हो । ऊ ग्लोबल कम्युनिकेसनमा एउटा सामान्य पेशाबाट शुरू गरेकी पछि एउटा विभागको प्रमुख भए पछि आधारसँग भएको प्रेम केहि घमिलो बनाउदै एमडीसँग नजिक रहेकी छे । ऊ

अमेरिकामा एउटा शाखा खोल्ने र त्यसको प्रमुख भएर त्यहाँ जाने भने पछि जान्छे र त्यहा शाखा नखोलेर कुनै अर्कै काममा त्यहाँ पुगेकी हुन्छे । ऊ अमेरिकामा एउटा बच्चा जन्माएर नलिइकनै फेरी फर्कन्छे र आफ्नो काम गर्छे । ऊ आफ्नो प्रेमी आधार शर्मालाई छ हजारको अभियोग जुन उसलाई घुस दिदा नलिई प्रधानमन्त्री बाढी पीडित राहत कोषमा जम्मा गरेको थियो, त्यही रकम राम्रो हिसाब देखाउन भनेर पत्राचार गरेकी छे । उसले मीना र समृद्धिलाई नोकरी दिलाई दिएकी छे ।

ऊ सुरुमा आधार शर्मासँग तिमीले मलाई छाडे झुन्डिएर मर्छु भन्ने पछि आधारलाई छोडेर एमडीसँग प्रेम गर्न थालेकी छे । ऊ अमेरिका जाँदा एउटा कविताको किताब छपाएर पठाउन सफल भएकी छे । ऊ आधार बिना कुनै सानो काम पनि गर्न नसक्ने पछि आधारलाई त्याग्न सम्म सक्ने अवस्थामा पुगेकी एक मञ्चीय र बद्ध पात्र हो । ऊ यौन रसरङ्गमा ज्यादै रमाउने पात्रको रूपमा देखापरेकी छे ।

### ३.२०.२ अन्य नारी पात्रहरू

उपन्यासको विषयवस्तुलाई अगाडि बढाउन उपन्यासमा मुख्य र सहायक भूमिका मात्र नभई गौण र सूच्य रूपमा पनि पात्रहरू प्रस्तुत भएका हुन्छन् । यस उपन्यासमा आएका गौण र सूच्य नारी पात्रहरू भाउजु, मन्त्रीकी श्रीमती, प्रतिमा, सीता, वहिनी, शोभा, केटी, मीना, समृद्धि र रूप जस्ता धेरै रहेका छन् । यी नारी पात्रहरूले कथावस्तुलाई गति दिनका लागि आएका भए पनि भूमिका उल्लेख्य रूपमा नभएको देखिन्छ ।

### ३.२०.३ निष्कर्ष

**एक असफल आख्यानको आरम्भ** उपन्यासमा सुषुम्ना, भाउजु, मन्त्रीकी श्रीमती, प्रतिमा, सीता, वहिनी, शोभा, केटी, मीना, समृद्धि र रूप नामका नारी पात्रहरू रहेका छन् । यी मध्ये यस उपन्यासमा केन्द्रीय भूमिका भएको पात्र सुषुम्ना हो । सुषुम्नाले नारी

उत्पीडन, विरोधी र अधिकारको खोजी गर्ने किसिमको आवाज उठाएको छैन । सुषुम्ना आफ्नो सतीत्वको रक्षा गर्न नसक्ने, यौन उन्माद भएकी, चार महिनाको गर्भ झारेकी खराब आचरण भएको पात्र हो । ऊ व्यक्तिगत उन्नति हुन्छ भन्ने विश्वास इमान र देह समेत बेच्न तयार रहेकी चरित्रहीन पात्र हो । ऊ धेरैसँग प्रेम गर्ने फाइदा पाउनासाथ केही बाँकी नराख्ने धोकेवाज पात्र हो । ऊ खराब काम गरे पनि एउटा सानो पेशाबाट सुरू गरेको नोकरी एउटा विभागको प्रमुख बन्न सफल हुन्छे । **एक असफल आख्यानको आरम्भ** उपन्यासकी सुषुम्ना, वेश्या, भोगवादी पात्र हो । सुषुम्ना अवसरवादी अनैतिक व्यवहार गर्ने नारी पात्र हो । गौण र सूच्य पात्र भाउजु, मन्त्रीकी श्रीमती, प्रतिमा, सीता, बहिनी, शोभा, केटी, मीना, समृद्धि र रूप रहेका छन् । यी पात्रहरू कथावस्तुलाई गति दिन आएका छन् ।

## ३.२१ 'अप्रिय' उपन्यासका नारी पात्रहरु

### ३.२१.१ वीनू

वीनू **अप्रिय** उपन्यासकी प्रमुख नारी पात्र हो । ऊ केशवप्रसाद शर्माकी श्रीमती हो । ऊ उच्च कोटिको सुन्दर, धार्मिक आस्थामा विश्वास राख्ने पात्र हो । ऊ श्रीमान्लाई हेरेका काममा सघाउने, हरक्षण खुसी राख्ने, समयमा खाना पकाउने, खुवाउने र पाहुनाको सेवा सत्कार गर्ने कुशल गृहिणीको भूमिका निर्वाह गरेकी पात्र हो । ऊ श्रीमान् रक्सी खाएर राती आउँदा सर्पिणी समान क्रुद्ध भई परिवारका सबैलाई उठाएर घरमा चामल छैन, केटाकेटीको फि तिरेको छैन, किताब छैन, युनिफर्म छैन, कुकुर्नीको मुत घिचेर आउने भनेर गाली गर्छे । ऊ घरमा पैसा नहुँदा बढी सुत्ने, यस्तो बेलामा पैसैपैसाको सपना देख्छु भनेर भन्छे । उसले पैसा जम्मा गरेर एक जोर बाला बनाएकी, यो बाला केले ल्याए भन्दा श्रीमान्ले सपनामा देखेको पैसाले ल्याएको भन्दा केही नभनी हाँसिरहन्छे । उसको घरमा हाकिमहरु सामानहरू लिएर भोज खान आउँदा सबै खानेकुरा पकाइदिन्छे , हिड्ने बेलामा कहिले दुई, चार सय कहिले हजार दिएर जाँदा खुसी हुने र पछि दुई, चार

सय दिँदा खिन्न मान्ने गरेकी छे । उसको घरमा पाहुना आउँदा श्रीमान्ले दिक्दार मान्दा यी रहरले काठमाडौं आएका होइनन् । बाध्यताले नै आएका हुन् । आफन्त ठानेर आएपछि पराइजस्तो गर्न नैतिकताले दिन्छ ? के भयो त ? अलिक दिन दुखसुख गरौला, बसौंला, जुरेको ख्वाउँला । सधैं बस्न भनेर त यी पनि आएका होइनन् भनेर सम्झाउँछे । उसको घरमा दार्शनिक आउँदा उसले दाई ! पात्रका आधारमा घ्यू छ, हातका आधारमा पात्र छ, हजुरका आधारमा हात छ, पृथ्वीका आधारमा हजुरहरू हुनुहुन्छ भने, वास्तविक आधार के भयो त ? भनेर सोधी नाजावाफ बनाएकी छे । उसको घरमा लेखक राम उपाध्याय मासु लिएर आउने गर्दा श्रीमान्ले एकदम आउन दिन हुदैन भन्दा भोलि भोकैबसे हामी बस्ने हाम्रो भोकलाई उहाँको बोझ किन बनाइदिने ? भनेर सरल स्वभावको परिचय दिएकी छे ।

ऊ छोराछोरी बेलामा घर आएनन् भने अचेलको समय काल खराब छ, तिमीहरू किन यसो गरेको भनेर सोध्छे । राम उपाध्याय घर मर्मत गर्दा बस्न आउँछ, चामल तरकारी किन्छ , यसरी धेरै बस्न आउँदा केशवप्रसादले धेरै बस्न दिनु हुँदैन भन्दा सबैथोक उसले किनेर केही धन सञ्चय गर्न सकेको छु भनेर भन्छे । केशवप्रसादले छोरीहरू ठूला भइसके अब के गर्ने ? भनेरे भन्दा 'ठूला त भइहाल्छन्' , ठूला हुन थाले भने के गर्ने ? राम्ररी पढ्दैछन् । पढाइसकेपछि विहे गरेर पठाई दिने भनेर भन्छे । केशवप्रसादले मलाइ लेखकले फसायो भन्दा श्रीमान्लाई तपाइलाई फसाउँदैन भन्ने ऊ गतिशील र अनुकूल पात्र हो । धेरै नशामा परेको बेला काखमा शिर घुसारेर श्रीमान् रुँदा द्रवीभूत भएर टाउको र जिउ सुमसुमाउने ऊ बद्ध र मञ्चिय पात्र हो ।

### ३.२१.२ अन्य नारी पात्रहरू

उपन्यासको विषयवस्तुलाई अगाडि बढाउन उपन्यासमा मुख्य र सहायक भूमिका मात्र नभई गौण र सूच्य रूपमा पनि पात्रहरू प्रस्तुत भएका हुन्छन् । यस उपन्यासमा आएका गौण र सूच्य नारी पात्रहरू केटी, हाकिम्नीहरू, हाकिमका छोरीहरू, स्त्री, सान्नानी

र श्रीमती जस्ता धेरै रहेका छन् । यी नारी पात्रहरूले कथावस्तुलाई गति दिनका लागि आएका भए पनि भूमिका उल्लेख्य रूपमा  नभएको देखिन्छ ।

### ३.२१.३ निष्कर्ष

**अप्रिय** उपन्यासमा वीनू, केटी, हाकिम्नीहरू, हाकिमका छोरीहरू, स्त्री, सान्नानी र श्रीमती नामक नारी पात्रहरु रहेका छन् । यी मध्ये यस उपन्यासमा केन्द्रीय भूमिका भएको पात्र विनू हो । विनूले नारी मुक्तिको आवाज नउठाए पनि आफ्नो कर्तव्यबाट एक रति पछि नहटेकी पात्र हो । यिनी परम्परावादी तथा हिन्दू पतिव्रता नारीका रूपमा रहेकी छ । अन्यायका लागि कुनै आवाज नउठाएकाले यिनलाई सहनशिलताकी प्रतिमूर्ति मान्न सकिन्छ । यिनको वैचारिक धरातल भनेको अधयात्मवाद रहेको छ साथै यिनको विचार आदर्शवादी रहेको छ । विनू कुनै बेलापनि यस उपन्यासमा नहड्बढाएकी, खिन्न नभएको पात्र हो । यिनमा धैर्य सहन सक्ने क्षमता छ । वीनू सुखमा नमात्तिने र दुःखमा नआत्तिने स्वभाव भएको पात्र हो । गौण र सूच्य पात्र केटी, हाकिम्नीहरू, हाकिमका छोरीहरू, स्त्री, सान्नानी र श्रीमती रहेका छन् । यी कथावस्तुलाई गति दिन आएका   छन् ।

# परिच्छेद -चार

# नारी पात्रप्रतिको दृष्टिकोण

## ४.१ पुरुष पात्रको महिला पात्रप्रतिको दृष्टिकोण

ध्रुवचन्द्र गौतमका एक्काईस वटा उपन्यासहरूमा कथावस्तुलाई गति दिन पात्र चयन गरेका छन् । पात्र चयनमा पुरुष पात्र र नारी पात्र दुवै रहेका छन् । गौतमको एक्काईस वटा उपन्यासहरूमा पुरुष पात्रहरूको नारी पात्रहरूप्रति विभिन्न खालका धेरै दृष्टिकोणहरू रहेका छन् । गौतमको उपन्यासका पुरुष पात्रले नारी पात्रहरूलाई परम्परावादीका रूपमा, हेपाहा प्रवृत्तिको रूपमा, सम्मानजनका रूपमा, प्रेमिकाको रूपमा, पत्नीको रूपमा, आमाको रूपमा र वेश्याको रूपमा  हेरेका छन् । गौतमको उपन्यासका पुरुष पात्रले नारी पात्रप्रतिको दृष्टिकोण फरक फरक रहेकाले पुरुष पात्रको दृष्टिकोण उचित अनुचित दुवै प्रकारको रहेको छ ।

ध्रुवचन्द्र गौतमका एक्काईस वटा उपन्यासका पुरुष पात्रले नारी पात्रलाई बढी वेश्या र भोगवादीका दृष्टिकोणले हेरेका छन् । गौतमको उपन्यास **बालुवामाथि**को कमला र सरिता, **डापी**को वीनू, **अलिखित**को सावित्री, **निमित्त नायक**को उर्मिलादेवी, **स्वर्गीय हीरादेवीको खोज**को आशा र रोजी, **एक शहरमा एक कोठा**की सावित्री, **उपसंहार अर्थात् चौथो अन्त्य**को रोजिना रानी, रूक्मिणी र अमिता, **दुविधा**को नर्मदा, **सहस्राब्दीको अन्तिम प्रेमकथा**की राधा र सावित्री **तथाकथित**को तन्द्रिका कामिनी, रूपा र चिन्तामणि, **घुर्मी**को लक्ष्मी, **जेलिएको**को आमा र **एक असफल आख्यानको आरम्भ**को सुषुम्ना । यी नारी पात्रलाई पुरुष पात्रले पुरूषसँग लहसिने, घुम्ने, रसरङ्गमा रमाउने, फाइदा पाउनासाथ देहको व्यापार गर्ने जस्ता अनैतिक कार्यमा संलग्न रहेको हुनाले यी पात्रहरूलाई भोगवादी र वेश्याको दृष्टिकोणले हेरेका छन् ।

ध्रुवचन्द्र गौतमका उपन्यासका पुरुष पात्रले नारी पात्रलाई परम्परावादी हिन्दु पतिव्रता, कुशल गृहिणी, पत्नी र आमाको दृष्टिकोणले पनि हेरेका छन् । गौतमको उपन्यास **कट्टेल सरको चोटपटक**को सावित्री, **अलिखित**को मतियाके माई, कथनी बूढिया र पर्वतीया, **एक शहरमा एक कोठा**को गीता, **बाढी**को शान्तिदेवी, **घुर्मी**को स्वस्ती र सुलोचना र **अप्रिय**को वीनू । यी नारी पात्रलाई पुरुष पात्रले परम्परावादी हिन्दू पतिव्रता नारीको भूमिका निर्वाह गरेकोले, घरको काम धन्दा गर्ने, पाहुनाको सत्कार गर्ने, सबै काममा साथ दिने, आफ्नो सन्तानको हेरचाह गर्ने, घर व्यवहारमा चिन्तित हुने र कुशल गृहिणीको भूमिका निर्वाह गरेको हुनाले परम्परावादी हिन्दू पतिव्रता, कुशल पत्नी, आमा र गृहिणीको रूपमा  हेरेका छन्  ।

ध्रुवचन्द्र गौतमका उपन्यासका पुरुष पात्रले नारी पात्रलाई असल प्रेमिका र कुमारीका दृष्टिकोणले पनि हेरेका छन् । गौतमको उपन्यास **दुविधा**को मञ्जुला, **सहस्राब्दीको अन्तिम प्रेम कथा**को समिधा, **घुर्मी**को पदमा मेहता र मेरी र **वाढी**को श । यी नारी पात्रलाई पुरुष पात्रले सच्चा प्रेम गर्ने, सच्चरित्रवान भएको, सरल, स्वच्छ स्वभाव भएको र आफ्नो मूल्य र मान्यतालाई सहज तरिकाले बहन गरेकोले सच्चा प्रेमिकाका दृष्टिकोणले हेरेका छन् ।

ध्रुवचन्द्र गौतमका उपन्यासका पुरुष पात्रले नारी पात्रलाई हेपाहा दृष्टिकोणले पनि हेरेका छन् । गौतमको उपन्यास **अलिखित**को मतिया, फुलवा, **बाढी**को. शान्तिदेवी । यी नारी पात्रलाई पुरुष पात्रले अर्को विवाह गरेर दाईजो नल्याएकोले र अति गरिबीले गर्दा नहेर्ने गरेको, आफ्नो श्रीमतीलाई श्रीमतीको व्यवहार नगर्ने, श्रीमान सहयोगीको भावनाले नभई रात बिताउने उद्देश्यले घरमा जाने गर्नाले हेपाहा दृष्टिकोणले हेरेका छन् ।

ध्रुवचन्द्र गौतमका उपन्यासका पुरुष पात्रले नारी पात्रलाई जे पनि गर्न सकिन्छ भन्ने दृष्टिकोणले पनि हेरेका छन् । **स्वर्गीय  हीरादेवीको खोज**को सोना सङ्घर्ष गर्दा गर्दै मृत्युको मुखमा पुगेको पात्र हो । सामन्ती प्रथाले चलेको, आफ्नो सम्पत्तिको, पदको धाक र

रवाफ देखाउने पुरुष समाजमाथि औंला ठड्याउदा पनि अनेक बहानामा मारेकाले जे पनि गर्न सकिन्छ भन्ने दृष्टिकोणले हेरेका छन् ।

ध्रुवचन्द्र गौतमका उपन्यास **अन्त्यपछि, फूलको आतङ्क, मौन** र **भीमसेन ४ को खोजी**मा नारी पात्रको भूमिका कमजोर छ । भूमिका कमजोर भए पनि नारी पात्रलाई पुरुष पात्रले थोरै मात्रामा परम्परावादी, हेपाहा, सम्मानजनक, प्रेमिका, आमाको, वेश्या र पत्नीको दृष्टिकोणले हेरेका छन् ।

यसप्रकार ध्रुवचन्द्र गौतमका एक्काइस वटा उपन्यासमा रहेका पुरुष पात्रले नारी पात्र प्रतिको दृष्टिकोण उचित अनुचित दुवै रहेको छ । पुरुष पात्रले नारी पात्रलाई हेर्ने दृष्टिकोण उचित भन्दा अनुचित बढी रहेको छ । गौतमको उपन्यासका पुरुष पात्रले आफैलाई श्रेष्ठ ठान्ने काम गरेका छन् । नारी केही पनि होइनन् भन्ने तुच्छ विचार राख्न पुरुष पात्र पछि परेका छैनन् । गौतमको उपन्यासका पुरुष पात्रले नारी पात्रलाई परम्परावादीका रूपमा, हेपाहाको रूपमा, सम्मानजनक रूपमा, प्रेमिकाको रूपमा, पत्नीको रूपमा, आमाको रूपमा र वेश्याको रूपले हेरेका छन् ।

## ४.२ नारी पात्रको पुरुष पात्रप्रतिको दृष्टिकोण

ध्रुवचन्द्र गौतमले आफ्ना उपन्यासहरूमा कथावस्तुलाई गति दिन पात्र चयन गरेका छन् । पात्र चयनमा पुरुष पात्र र नारी पात्र दुवै रहेका छन् । गौतमका उपन्यासहरूमा नारी पात्रहरूको पुरुष पात्रहरूप्रति विभिन्न खालका दृष्टिकोण रहेका छन् । गौतमको उपन्यासका नारी पात्रले पुरुष पात्रलाई प्रेमीको रूपमा, पतिको रूपमा, बाबुको रूपमा, अपराधीको रूपमा र गद्दारी अवसरवादी लुटाहाका दृष्टिकोणले हेरेका छन् । गौतमको उपन्यासका नारी पात्रको पुरुष पात्रप्रतिको हेराई फरक फरक किसिमको साथै उचित अनुचित दुवै दृष्टिकोण रहेका छन् ।

ध्रुवचन्द्र गौतमको एक्काईस वटा उपन्यासहरूमा नारी पात्रले पुरुष पात्रलाई खराब प्रवृत्ति, अपराधि, गद्दारी, अवसरवादी लुटाहाका रूपमा हेरेका छन् । गौतमको उपन्यास **बालुवामाथि**को कमल र बलराम, **डापी**को गोरख, **अलिखित**को जिम्दार, कृषि विकासको हाकिम र फुलवाको मामा, **स्वर्गीय हीरादेवीको खोज**को लक्ष्मण र मन्त्री, **एक शहरमा एक कोठा**को अफिसको हाकिम र मणिन्द्र ढकाल, **उपसंहार अर्थात् चौथौ अन्त्य**को चन्द्र प्रसाद र लक्ष्मी, **दुविधा**को 'म' पात्र, भैरव, जीवन, माधव शम्भु, अमरराज र बलराम, **अग्निदत्त + अग्निदत्त**को मनोज र नेइका कर्मचारी **बाढी**को श्यामप्रसाद, **सहस्राब्दीको अन्तिम प्रेम कथा**को प्रेमप्रसाद शर्मा र **तथाकथित**को प्रधानमन्त्री, सीताराम र रत्नराज जस्ता पुरुष पात्रले खराब कार्य गरेका छन् । यी पुरुष पात्रले नारी पात्रलाई रसरङ्गमा फसाउने, नारीमा पतिव्रता धर्म हुन्छ भन्ने कुरा विर्सिने, नारी अस्मिता लुट्ने, हत्या गर्ने, नारीहरूमा पनि पुरुष सरहको इज्जत हुन्छ भन्ने कुरा विर्सिने र नारीको भविष्यमाथि खेलवाड गर्ने प्रवृत्ति रहेकाले खराब, अपराधि, गद्दारी, अवसरवादी, लुटाहाको दृष्टिकोणले हेरेका छन् ।

ध्रुवचन्द्र गैतमको उपन्यासका नारी पत्रले पुरुष पात्रलाई राम्रो पति र बाबुको दृष्टिकोणले पनि हरेका छन् । गौतमको उपन्यास **डापी**को बिक्रम, **कट्टेल सरको चोटपटक**को वाशुदेव कट्टेल, **अलिखित**को भीमसेन वाग्ले, शरदकुमार र 'म' पात्र **निमित्त नायक**को विनय, **एक शहरमा एक कोठा**को 'म' पात्र **घुर्मी**को चेतचन्द्र, डा जि.एल. बदाम, **एक असफल आख्यानको आरम्भ**को आधार शर्मा र **अप्रिय**को केशवप्रसाद शर्मा जस्ता पुरुष पात्रले राम्रो कार्य गरेका छन् । यी पुरुष पात्रहरूले घर व्यवहार राम्ररी चलाउने, सबैलाई समान व्यवहार गर्ने, भोगवादी दृष्टिले नभई मानविय नाताले हेर्ने, घरायसी व्यवहरमा चिन्तित हुने, श्रीमती, छोराछोरीमा भेदभाव नगर्ने, समयानुसार चल्ने र चलाउने, आफ्ना श्रीमतीको काममा सरिक हुने , यी नारी पनि हामी पुरुष जस्तै हुन, यिनलाई अवसर दियो भने हामीले जस्तो कार्य गर्न सक्छन् भन्ने सोच भएकोले नारी पात्रले कुशल पति र बावुको दृष्टिकोणले हेरेका छन् ।

गौतमको उपन्यासका नारी पात्रले पुरुष पात्रलाई असल प्रेमिको दृष्टिकोणले पनि हेरेका छन् । गौतमको उपन्यास **स्वर्गीय हीरादेवीको खोज**को कुमार, **अग्निदत्त + अग्निदत्त**को अग्निदत्त, **बाढी**को चेतचन्द्र, **सहस्राब्दीको अन्तिम प्रेमकथा**को विग्रह र **निमित्त नायक**को विनय जस्ता पुरुष पात्रले प्रेमको सही सदुपयोग गरेका छन् । यी पुरुष पात्रले प्रेमको सही अर्थ बुझेका छन् । प्रेममा धोका नदिई त्यसलाई साकार बनाएका, आफ्ना प्रेमिकालाई हरेक कुरामा सचेत गरेका, सुझाव, सल्लाह दिएका, प्रेमको मूल्य र मान्यता बुझेका र त्यसबाट विचलित नभएका र प्रेमलाई रमाइलो भोगवादी दृष्टिकोणबाट नभई जीवन्त जीवनको रूपमा हेरेका हुनाले नारी पात्रले पुरुष पात्रलाई असल प्रेमिकाको दृष्टिकोणले हेरेका छन् ।

गौतमको उपन्यासका नारी पात्रले पुरुष पात्रलाई हिन्दू परम्परावादी दृष्टिले आरध्यदेवका दृष्टिकोणले पनि हेरेका छन् । गौतमको उपन्यास **अलिखित**को मतिया र फुलवाको श्रीमान् र **बाढी**को श्यामप्रसाद जस्ता पुरुष पात्रले अर्को श्रीमती ल्याउने, दाइजो नल्याएको भनेर घरमा बस्न नदिने जस्ता खराब कार्य गरेका छन् । ती खराब कार्य गरे पनि आमाबाबुले बिहे गरेर दिएको श्रीमान् यही हो भनेर श्रीमान्ले वेवास्ता गर्दा पनि उसैको भर पर्नु, आनो श्रीमान् रक्षार्थ जस्तो सुकै काम गर्नु, श्रीमान्को लागि पूजा, पाठ, ब्रत वस्नु, श्रीमान सहयोगीको भावनाले नभई रात विताउने उद्देश्यले आउँदा पनि केही नभन्नु, आफूलाई जति पिर मर्का परे पनि विद्रोही भाव देखाएर प्रतिकार नगर्नु र दाइजो ल्याइनस् भनेर माइतितिर पठाउँदा पनि श्रीमानको भर पर्ने भएकाले हिन्दू, परम्परावादी दृष्टिले आरध्यदेवका दृष्टिकोणले हेरेका छन् ।

ध्रुवचन्द्र गौतमको उपन्यास **अन्त्यपछि फूलको आतङ्क**, **मौन** र **भीमसेन-४ को खोजी** उपन्यासमा नारी पात्र जस्तै पुरुष पात्रको भूमिका पनि कमजोर रहेको छ । भूमिका कमजोर भएपनि पुरुष पात्रलाई नारी पात्रले थोरै मात्रामा पनि बावुको रूपमा, पतिको रूपमा, अपराधिको रूपमा, गद्दारी अवसरवादी लुटाहाको रूपमा र हिन्दू परम्परावादी दृष्टिले आरध्यदेवका दृष्टिकोणले हेरेका छन् ।

यसरी ध्रुवचन्द्र गौतमको एक्काईस वटा उपन्यासहरूमा रहेका नारी पात्रहरूले पुरुष पात्रहरूप्रतिको दृष्टिकोण उचित अनुचित दुवै प्रकारको रहेको छ । नारी पात्रहरूले पुरुष पात्रहरूप्रति हेर्ने दृष्टिकोण अनुचित रूपमा  भन्दा उचित रूपमा बढी हेरेका छन् । गौतमका उपन्यासका नारी पात्रले पुरुष पात्रलाई श्रेष्ठ ठानेका छन् । संसारमा जे भने पनि पुरूषै हुन भन्ने विचार लिएका छन् ।

## ४.३ उपन्यासकारको नारी पात्रप्रतिको दृष्टिकोण

उपन्यासकारले उपन्यास सिर्जना गर्दा कथावस्तुलाई गति दिनको लागि पात्र चयन गरेका हुन्छन् । पात्र चयन गर्दा मानवीय रूपमा पुरुष पात्र र नारी पात्र रहेका हुन्छन् । यी पुरुष पात्र र नारी पात्रले कथावस्तुलाई गति दिंदै जीवन्त रूपमा  प्रस्तुत भएका हुन्छन् । उपन्यासकारले आफ्ना उपन्यासका पात्र प्रति हेर्ने दृष्टिकोण फरक-फरक किसिमको रहेको हुन्छ । एक्काईस वटा उपन्यासका सर्जक गौतमले आफ्ना उपन्यासहरूका नारी पात्र प्रतिको दृष्टिकोण धेरै किसिमको रहेको छ । गौतमले आफ्ना एक्काईस वटा उपन्यासहरूमा नारी पात्रलाई हेपाहा प्रवृत्तिको रूपमा, वेश्या, भोगवादीका रूपमा, आमाको रूपमा, पत्नीको रूपमा, हिन्दू पतिव्रता नारीको रूपमा, परम्परावादी रूपमा, प्रेमिकाको रूपमा र सम्मानजनक रूपका दृष्टिकोणले हेरेका छन् ।

उपन्यासकार ध्रुवचन्द्र गौतमले आफ्नो उपन्यासहरूमा नारी पात्रलाई हेपाहा प्रवृत्तिको दृष्टिकोणले हेरेका छन् । उनका अधिकांश उपन्यासमा नारी पात्रको नामकरण फलानाको श्रीमती, केटी, स्त्री, महिला, आइमाई, प्रेमिका र गणिका आदि गरेका कारणले उपन्यासकारमा हेपाहा प्रवृत्तिको दृष्टिकोण रहेको छ ।

उपन्यासकार ध्रुवचन्द्र गौतमले नारी पात्रलाई भोगवादी वेश्याको दृष्टिकोणले पनि हेरेका छन् । गौतमको आफ्नो उपन्यास **बालुवामाथि**मा कमला र सरिता, **डापी**मा वीनू, **अलिखित**मा सावित्री, **निमित्त नायक**मा उर्मिलादेवी, **स्वर्गीय हीरादेवीको खोज**मा आशा र रोजी, **एक शहरमा एक कोठा**मा सावित्री, **उपसंहार अर्थात् चौथो अन्त्य**मा रोजिना रानी,

रूक्मिणी र अमिता, **दुविधा**मा नर्मदा, **सहस्राब्दीको अन्तिम प्रेमकथा**मा राधा र सावित्री, **तथाकथित**मा तन्द्रिका, कामिनी, रूपा र चिन्तामणी, **घुर्मी**मा लक्ष्मी, **जेलिएको**मा आमा र **एक असफल आख्यानको आरम्भ**मा सुषुम्ना जस्ता नारी पात्रहरूलाई पुरूषसँग लहसिने, सन्तुष्ट पार्ने, रसरङ्गमा भुल्ने, फाइदा पाउनासाथ देहको व्यापार गर्ने गरी उभ्याईएको छ । गरिबी हुनासाथ यौन दुराचारमा लाग्नै पर्ने, आफ्नो हकहितको र पदको लागि सङ्घर्षको रूपमा उभ्याउनु पर्ने ठाउँमा देहको व्यापारमा लगाई पदीय हैसियत प्राप्त हुने कुरा देखाएको, नारीलाई यौनकर्मीको रूपमा हेरको हुनाले उपन्यासकारको नारीप्रतिको दृष्टिकोण वेश्या भोगवादी रहेको छ भन्ने प्रष्ट हुन्छ ।

उपन्यासकार गौतमले आफ्नो उपन्यासमा नारी पात्रलाई कुशल गृहिणी, पत्नी र आमाको दृष्टिकोणले पनि हेरेका छन् । गौतमको आफ्नो उपन्यास **कट्टेल सरको चोटपटक**मा सावित्री, **अलिखित**मा मतियाके माई, कथनी बूढिया र पर्वतीया, **एक शहरमा एक कोठा**मा गीता, **घुर्मी**मा स्वस्ती र सुलोचना र **अप्रिय**मा वीनू जस्ता नारी पात्रहरूलाई कर्तव्यपरायणता विचलित नभएका, घर धन्दामा सँधै सरिक हुने, पाहुनाको सेवा सत्कार गर्ने, सन्तानको हेरविचार गर्ने र कुशल गृहिणीको रूपमा उभ्याएका हुनाले उपन्यासकारले नारीप्रति कुशल गृहिणी, पत्नी र आमाको दृष्टिकोणले पनि हेरेका छन् ।

उपन्यासकार गौतमले आफ्नो उपन्यासमा नारी पात्रलाई असल प्रेमिकाको दृष्टिकोणले पनि हेरेका छन् । गौतमले आफ्नो उपन्यास **दुविधा**मा मञ्जुला, **सहस्राब्दीको अन्तिम प्रेमकथा**मा समिधा, **घुर्मी**मा पद्मा मेहता र मेरी र **बाढी**मा श जस्ता नारीहरू उभ्याएर सच्चा प्रेम गर्ने, सच्चरित्रवान भएको, सरल र स्वच्छ स्वभाव भएको, आफ्नो मूल्य र मान्यतालाई सहज तरिकाले बहन गर्ने गरी उभ्याएकोले उपन्यासकारले नारीप्रति प्रेमिकाको दृष्टिकोणले पनि हेरेको पाइन्छ ।

उपन्यासकार गौतमले आफ्नो उपन्यासमा नारी पात्रलाई हिन्दू परम्परावादी दृष्टिकोणले पनि हेरेका छन् । गौतमको आफ्नो उपन्यास **अलिखित**को मतिया र फुलुवा र

**बाढी**को शान्तिदेवी जस्ता नारी पात्रहरूलाई श्रीमान्ले अर्को श्रीमती ल्याउँदा पनि केही नगर्ने, दाइजो ल्याइनस् भनेर श्रीमान्ले भन्दा माइत गएर बस्दा पनि आमाबुबाले विवाह गरेर दिएको श्रीमान् यही हो भनेर उसको भर परेर बस्ने, आफ्नो श्रीमान्को रक्षार्थ जस्तोसुकै कार्य गर्नु, पूजापाठ ब्रत आदि बसेर कामना गर्नु, श्रीमान् सहयोगीको भावनाले नभई रात विताउने उद्देश्यले आउँदा पनि केही नभन्ने गरी उभ्याएका छन् । अहिलेको वैज्ञानिक युगमा पनि परम्परावादी अपमानजनक रूपले हेर्ने, नारीलाई पुरूषको लागि पूजापाठ, ब्रतमा सीमित राख्ने र श्रीमान्ले सौता ल्याउँदा पनि सहेर यही मेरो आराध्यदेव हो भन्ने हुनाले उपन्यासकारले नारीप्रतिको दृष्टिकोण हिन्दू परम्परावादी रहेको छ भन्ने प्रष्ट हुन्छ ।

यसरी ध्रुवचन्द्र गौतमले आफ्ना उपन्यासका नारी पात्रहरूलाई उचित अनुचित दुवै तरिकाले हेरेका छन् । गौतमले आफ्ना उपन्यासका नारी पात्रहरूलाई उचित भन्दाअनुचित तरिकाले बढी हेरेका छन् । गौतमले नारी पात्रहरूलाई जुन स्थान र हैसियत दिनुपर्ने त्यो दिन सकेका छैनन् । आजको वैज्ञानिक युगमा नारीलाई हिन्दू परम्परावादीका रूपमा हेरेका छन् । आजको युगमा नारीहरूले गर्न बाँकी रहेको काम केही पनि नरहेको अवस्थामा नारी पात्रहरूलाई सीमित पार्नु गौतमको कमजोरी रहेको छ ।

## परिच्छेद -पाँच

# उपसंहार

## ५.१ सारांश

ध्रुवचन्द्र गौतम (२०००) ले नेपाली साहित्यका विविध विधामा कलम चलाएका छन् । उनका विविध विधा मध्ये आख्यान (कथा-उपन्यास) एक सफल विधा हो । वीरगञ्जको मध्यम वर्गीय परिवारमा भोजपुरी मातृभाषाका माध्यमबाट हुर्किएका ध्रुवचन्द्र गौतम नेपाली साहित्यलाई सिर्जना दिन सफल भएका छन् । सानै उमेरदेखि साहित्यका क्षेत्रमा देखापरेका गौतमले २०२४ सालको **रूपरेखा** पत्रिकामा **अन्त्यपछि** उपन्यास लिएर देखापरेका छन् । त्यसपछि निरन्तर रूपमा **अप्रिय** (२०६७) सम्म आउँदा एकल र सामूहिक गरी दुई दर्जन बढी उपन्यास सिर्जना गरिसकेका छन् । नवीन मूल्य र मान्यतालाई आत्मसात् गर्दै अस्तित्ववादी, विसङ्गतिवादी, आलोचनात्मक यथार्थवाद, स्वैरकल्पनात्मक, मिथकीय, सूत्र एवम् अनुभवन्यासका साथै सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक क्षेत्रमा देखापरेका विकृतिहरूलाई व्यङ्ग्यात्मक रूपमा चित्रण गरेका छन् । त्यसकारण उपन्यास सिर्जनामा विभिन्न नव प्रयोगका साथ उत्कृष्ट रचना गरेकाले **आख्यानपुरुष** (२०६०) उपाधिद्वारा विभूषित गरिएको छ ।

गौतमले नेपाली उपन्यासका क्षेत्रमा विसङ्गतिवाद र अस्तित्ववादलाई बढाउँदै अझ प्रयोग गर्ने र विसङ्गतिलाई आलोचनाको कोणबाट युग जीवनका यथार्थताका परिप्रेक्ष्यमा अझ धारिलो र सबल बनाउने काम गरेका छन् । स्वैरकल्पना, मिथक र प्रयोगवादी संरचना जस्ता प्रयोगले गौतम आफ्नै पाराका उपन्यासकार भएका छन् । छोटो छरितो शैलीमा गहन अनुभूति प्रकट गर्ने एक उत्कृष्ट उपन्यासकार भएका छन् । उनी नेपाली उपन्यास लेखनमै गुणात्मक र संख्यात्मक दृष्टिले सबभन्दा बढी उपन्यास लेख्ने उपन्यासकार हुन् । गौतमका उपन्यासमा जीवनको निस्सार निरूपाय र शून्य अवस्थाको चित्रण गर्दै मानवीय स्वतन्त्रता, अस्तित्व र मूल्यमाथि प्रश्न चिन्ह ठड्याउदै शैलीगत

रूपमा परम्परित संरचनाभन्दा परम्परा विरूद्धको उपन्यास शैलीको प्रयोग गर्ने प्रवृत्ति रहेको छ । गौतमका उपन्यासमा एकातिर प्रयोगवादी जटिलता छ भने अर्कातिर वौद्धिक क्लिष्टता समेत मुखर भएको छ । युगीन वातावरणको भय, सन्त्रास, आतङ्कको चित्रण गर्नुका साथै समाज, देश तथा यहाँका मानिसमा व्याप्त अन्याय, अत्याचार, शोषण,दमन, क्रूरता, वर्वरता, अमानवीयता एवं अप्रजातान्त्रिक संस्कार, प्रवृत्ति र यथार्थलाई विरोध विद्रोह आलोचना एवं कटु व्यङ्ग्यका रूपमा प्रस्तुत गरेका छन् । पुरानो परम्पराको विद्रोहसँग नयाँ परम्पराको स्थापनामा उनको लेखन जुर्मुराएको छ । कथानक, नाटक, घटना कुनैलाई पनि परम्परित सिद्वान्त अनुरूप भन्दा सिद्धान्तको जन्म, विद्रोह गर्दै संरचनाहीन संरचनाको प्रयोगवादी प्रयोगले उनका उपन्यास छताछुल्ल भएका छन् । स्वैरकल्पना, मिथक, प्रतीक र बिम्बको प्रयोग अधिक गरेका छन् । गौतम आफ्ना उपन्यासमा बाह्य जगतको यथार्थको अवलोकन पर्यवेक्षण र अंकन-प्रत्यकंनतर्फ प्रवृत्त भएका छन् । उनले समाजको विकृत विसङ्गत पक्षप्रति तीक्ष्ण व्यङ्ग्य गर्नुका साथै समाजका चाकडी, चाप्लुसी, भष्टाचार र अनैतिकता जस्ता पक्षको भण्डाफोर गरेका छन् । गौतमले उपन्यासमा समाजका विविध क्षेत्रका विसङ्गति प्रयोग गर्दै असित व्यङ्ग्य शैलीको नवीन प्रयोग गर्दै विसङ्गतिप्रति आलोचनात्मक टिप्पणी गरेका छन् । चेतनप्रवाह शैलीको सशक्त प्रयोग गर्दै समाजका युगका नराम्रा पक्षले राम्रो मान्छे एक्लो निरीह र निरूपाय भएको कटु सत्य व्यक्त गर्दै समाजका राजनीतिक, आर्थिक र पत्रकारिता जगत्का टड्कारा विसङ्गतिको चिरफार गरेका छन् । साहित्यका क्षेत्रमा एक प्रतिभाशाली व्यक्तित्वका रूपमा चिनिएका गौतमले उपन्यास विधामा विशिष्टता हासिल गरेका छन् । यिनको सिर्जनाको उर्वर क्षेत्र उपन्यास नै हो भने कथा विधाले पनि यिनलाई थप उचाइमा पुऱ्याएको छ । यसका साथै यिनले नाटक, निबन्ध, अनुवाद आदि विधामा समेत कलम चलाएर आफ्नो बहुमुखी प्रतिभालाई स्थापित गरेका छन् । उनका उपन्यासमा विसङ्गति अस्तित्ववादी, प्रयोगवादी यथार्थको नग्न प्रयोग, आलोचनात्मक यथार्थवादिता, भय, सन्त्रास र आतङ्कको अङ्कन, स्वैरकल्पनाको प्रयोग, मिथकीय प्रयोगगत नवीनता,

चेतनप्रवाह शैली एवं असित व्यङ्ग्य, भाषिक प्रयोगबाट नवीनता जस्ता विशेषताहरू पनि पाइन्छन् ।

२०२० सालदेखि नेपाली साहित्यमा निरन्तर रूपमा लागेका गौतमको उपन्यास यात्रालाई ३ चरणमा विभाजन गरेर अध्ययन गरिएको छ । गौतमको पहिलो उपन्यास **अन्त्यपछि** (२०२४) देखि **बालुवामाथि** (२०२८) सम्म प्रथम चरणमा देखिएका अस्तित्ववादी विसङ्गतिवादी प्रयोगधर्मी उपन्यास हुन् । उनको २०२९ देखि दोस्रो चरणको सुरुवात भए पनि **डापी** (२०३३) उपन्यासबाट थालनी भएर **एक सहरमा एक कोठा** ( २०४६) सम्मको अवधि मानिन्छ । उनले यस चरणमा स्वैरकल्पना मिथक एवम् तत्कालीन अवस्थामा देखिएका यथार्थ रूपलाई व्यङ्ग्यात्मक पाराले उजागर गर्दै अस्तित्ववादी विसङ्गतिवादलाई थप उचाईमा पुऱ्याएका छन् । उनको तेस्रो चरण **उपसंहार अर्थात् चौथो अन्त्य** (२०४८) देखि वर्तमान सम्म मानिएको छ । उनले यस चरणका उपन्यासमा विभग्न चिन्तन, विवस्तुता, विकीर्ण कथाहरू विद्रुपता, विसंरचना आदि जस्ता उत्तरआधुनिक प्रविधिहरू निर्वाह गर्दै आर्थिक, सामाजिक, धार्मिक, राजनैतिक, सांस्कृतिक एवम् प्रशासनिक क्षेत्रमा देखिएका विकृतिहरूलाई स्वैरकल्पना, मिथक, व्यङ्ग्यका माध्यमबाट यथार्थ रूप प्रस्तुत गरेका छन् ।

उपन्यासका विभिन्न तत्त्वहरूमध्ये पात्र पनि एक महत्त्वपूर्ण तत्त्व हो । घटना सञ्चालन गर्ने व्यक्तिलाई बुझाउने 'पात्र' शब्द संस्कृत स्रोतबाट आएको हो । कोशीय अर्थलाई दृष्टिगत गर्दा 'पात्र' शब्दले व्यक्तिलाई  र चरित्र शब्दले व्यक्तिका स्वभाव, प्रवृत्ति, आदत, व्यवहार, चालचलन भन्ने बुझिन्छ ।

ध्रुवचन्द्र गौतमका उपन्यासमा राम्रा भूमिका निर्वाह गर्ने नारी पात्रहरु पनि रहेका छन् । गौतमका उपन्यासमा सोना नारी हक हितको लागि सङ्घर्ष गर्दागर्दै मृत्युको मुखमा पुगेर पनि विद्रोही भाव देखाएकी पात्र हो । उनका उपन्यासमा 'श' ले नारीले नाटक नखेल्ने परम्परालाई तोड्ने पात्र हो । उनका उपन्यासमा सरिता, वृक्षा, शशी आदि जस्ता

पात्रले नोकरी गरेर आफ्नो खुट्टामा उभिएका पात्र हुन् । उनका उपन्यास सोना, मन्जुला, वीनू आदि जस्ता पात्र शिक्षित रहेका छन् । उनका उपन्यासमा सावित्री, गीता, स्वस्ती, वीनू आदि जस्ता पात्रले कुशल गृहिणी भएर नेपाली नारीको प्रतिनिधित्व गरेका छन् । उनका उपन्यासमा समिधा, पद्मा मेहता, मेरी आदि जस्ता पात्रले प्रेम गरेर आमाबाबुले दिने परम्परालाई तोडेर आफूले रोजेका केटासँग विवाह गरेका छन् ।

ध्रुवचन्द्र गौतमका उपन्यासमा नारी पात्रहरु प्रशस्त रहेका छन् । उनका उपन्यासमा प्रमुख, सहायक र गौण तीनै थरीका पात्रहरु रहेका छन् । उनका यी तीनै थरीका नारी पात्रहरुमा गौण पात्रको सङ्ख्या बढी रहेको छ । उनका उपन्यासमा सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने नारी पात्रहरु वीनू, सावित्री, स्वस्ती आदि जस्ता पात्र बढी भएकाले प्रतिकूल भन्दा अनुकूल पात्र बढी छन् । उनका उपन्यासमा परिस्थिति बदलिए पनि आद्यान्त उस्तै जीवन विताउने नारी पात्रहरु नर्मदा, शशी, सावित्री आदि जस्ता पात्र बढी भएकाले गतिशील पात्रहरु भन्दा गतिहीन पात्रहरु धेरै रहेका छन् । उनका उपन्यासमा आफ्नो वैयक्तिकताको प्रतिनिधित्व गर्ने नारी पात्रहरु रुपा, गीता, कमला आदि जस्ता पात्र बढी रहेका छन् भने सामाजिक वर्गको प्रतिनिधित्व गर्ने नारी पात्रहरु कम रहेका छन् । त्यसकारण उनका उपन्यासमा वर्गीय पात्रको सङ्ख्या भन्दा व्यक्तिगत पात्रको सङ्ख्या बढी छ । उनका उपन्यासका नारी पात्रहरु उपन्यासमा उपस्थिति भएर संवाद वा कार्य प्रस्तुत गर्ने पात्रहरु बीनू, आमा, श आदि जस्ता पात्र बढी रहेका छन् भने उपन्यासकार वा अन्य पात्रले नामोच्चारण गरेको पात्र कम रहेका छन् त्यसकारण उनका उपन्यासमा नेपथ्य पात्रको सङ्ख्या भन्दा मञ्चीय पात्रको सङ्ख्या बढी रहेको छ ।

ध्रुवचन्द्र गौतमका उपन्यासमा महिलाको आदरणीय छविको प्रस्तुति पाइन्छन् । उनका उपन्यासमा सोनालाई लक्ष्मणले सुन र हीराको सेटहरु देखाउँदा त्यो होइन हजुरबाट आज्ञा भए पि.एच.डी. पूरा गर्ने, समिधा, पद्मा मेहता, मेरी आदि जस्ता पात्रको माध्यमबाट कुशल गृहिणी एवम् आमाको प्रतिनिधित्व गरेका छन् ।

गौतमका उपन्यासमा महिलाको हीन छविको प्रस्तुति अत्याधिक पाइन्छन् । उनका उपन्यासमा कमला, आशा, लक्ष्मी, नर्मदा आदि जस्ता पात्रको माध्यमबाट अनैतिक कार्यमा संलग्न वेश्या र भोगवादी, मतियाके माई, कथनी बूढिया, सावित्री, सुलोचना आदि जस्ता पात्रको माध्यमबाट परमपरावादी मतिया, फुलवा, शान्तिदेवी आदि जस्ता पात्रको माध्यमबाट हेपाहा प्रवृत्ति र सोनाको माध्यमबाट जे पनि गर्न सकिन्छ भन्ने प्रवृत्ति र पात्रको नामकरण नारीको प्रत्येक रुपको गरेका छन् ।

ध्रुवचन्द्र गौतमका उपन्यासमा पुरुष पात्रले नारी पात्रलाई बढी वेश्या र भोगवादीका दृष्टिकोणले हेरेका छन् । यसका साथै उनका उपन्यासमा परम्परावादी हिन्दू पतिव्रता कुशल गृहिणी, पत्नी र आमाको दृष्टिकोणले असल प्रेमिका र कुमारीका दृष्टिकोणले, हेपाहा दृष्टिकोणले र जे पनि गर्न सकिन्छ भन्ने नीच भावनाले हेरका छन् ।

ध्रुवचन्द्र गौतमका उपन्यासका नारी पात्रले पुरुष पात्रलाई खराब प्रवृत्ति , अपराधि, अवसरवादी, लुटाहाको दृष्टिकोणले राम्रो पति र बाबुको दृष्टिकोणले असल प्रेमिको दृष्टिकोणले हेरेका छन् । उनका उपन्यासमा नारी पात्रले पुरुष पात्रलाई संसारमा पुरुष भन्दा अरु केही छैन भन्ने भावले हेरेका छन् । उपन्यास पुरुषद्वारा लेखिएकाले नारीले पुरुषलाई आदरणीय स्वरुपमा हेरको देखाइएको छ ।

ध्रुवचन्द्रं गौतमको आफ्ना उपन्यासमा नारी पात्रप्रतिको दृष्टिकोण अधिकांशतः अपमानजनक रहेको छ । गौतमले नारी पात्रहरुलाई जुन स्थान र हैसियत दिनुपर्ने त्यो दिन सकेका छैनन् । गौतमले नारी पात्रलाई परम्परावादी, भोगवादी, यौनकर्मी, नारीका विभिन्न रुपबाट नामाकरण, नारीलाई जे पनि गर्न सकिन्छ भन्ने भावले हेरेका छन् । उनले यसका साथै थोरै मात्रामा कुशल गृहिणी, पत्नी र आमा एवम् असल प्रेमिकाको दृष्टिकोणले पनि हेरेका छन् ।

## ५.२ निष्कर्ष

ध्रुवचन्द्र गौतमका उपन्यासका नारी पात्रहरू अन्य उपन्यासकारका उपन्यासका नारी पात्रहरू भन्दा तुलनात्मक रूपमा कमजोर रहेका छन् । पितृसत्तात्मक समाजलाई मान्यता दिने उनका नारी पात्रहरू त्यस सन्दर्भमा पुरुष समाजका समेत पथ प्रदर्शक बनेका छन् । गौतमका उपन्यासमा नारी पात्रहरू कतिपय ठाउँमा निरीह भएर आउनु र कतिपय ठाउँमा अरू कसैबाट सञ्चालित हुनुले पुरुष पात्रका तुलनामा नारी पात्रहरू कमजोर समेत देखिन पुगेका छन् । पितृसत्तात्मक समाजमा पनि नारीको समान हक अधिकार पाउने हाँक उनका उपन्यासका नारी पात्रले दिन सकेका छैनन् । ध्रुबचन्द्र गौतमले नारीलाई जुन स्थान र हैसियत दिनुपर्ने हो त्यो दिन नसकेका कारणले नारी पात्रको चित्रणका क्रममा कमजोर देखिएका हुन् ।

# सन्दर्भग्रन्थसूची

## पुस्तकसूची

### (क) नेपाली पुस्तकसूची


गौतम, ध्रुवचन्द्र, **अन्त्यपछि,** ललितपुरः साझा प्रकाशन, २०५० ।

__________, **बालुवामाथि**, दो.सं., ललितपुरः साझा प्रकाशन, २०५५ ।

__________, **डापी,** ते.सं., ललितपुरः साझा प्रकाशन, २०६४ ।

__________, **कट्टेल सरको चोटपटक**, दो.सं., ललितपुरः साझा प्रकाशन, २०५५ ।

__________, **अलिखित,** छै.सं., ललितपुरः साझा प्रकाशन, २०५५ ।

__________, **निमित्त नायक**, काठमाडौंः केदार सुवेदी, २०४३ ।

__________, **स्वर्गीय हीरादेवीको खोज**, दो.सं., ललितपुरः साझा प्रकाशन, २०५७ ।

__________, **एक शहरमा एक कोठा**, काठमाडौंः अभिव्यक्ति प्रकाशन, २०४६ ।

__________, **उपसंहार अर्थात् चौथो अन्त्य**, दो.सं., ललितपुरः साझा प्रकाशन, २०५८ ।

__________, **दुबिधा**, दो.सं., ललितपुरः साझा प्रकाशन, २०६४ ।

__________, **अग्निदत्त+अग्निदत्त**, दो.सं., ललितपुरः साझा प्रकाशन, २०६१ ।

__________, **फूलको आतङ्क**, ते.सं., ललितपुरः साझा प्रकाशन, २०६७ ।

__________, **बाढी**, प्र.सं., काठमाडौंः नेपाली लेखक सङ्घ, २०५७ ।

__________, **सहस्राब्दीको अन्तिम प्रेमकथा**, काठमाडौंः रत्न पुस्तक भण्डार, २०६४ ।

__________, **मौन**, प्र.सं., काठमाडौंः प्रतिभा प्रकाशन, २०५८ ।

__________, **भीमसेन-४ को खोजी**, नेपालगञ्जः मध्यपश्चिमाञ्चल साहित्य संस्कृति कला प्रतिष्ठान, २०६१ ।

__________, **तथाकथित**, दो.सं., ललितपुरः साझा प्रकाशन, २०६२ ।

__________, **घुर्मी**, दो.सं., काठमाडौंः प्रतिभा प्रकाशन, २०६३ ।

__________, **जेलिएको**, प्र.सं., काठमाडौंः नेपाल मुद्रण उद्योग सङ्घ, २०६२ ।

__________, **एक असफल आख्यानको आरम्भ**, काठमाडौंः अर्किड बुक्स, २०६५ ।

__________, **अप्रिय**, काठमाडौंः ओरिएण्टल पब्लिकेसन, २०६७ ।

थापा, हिमांशु, **साहित्य परिचय**, ते.सं., ललितपुरः साझा प्रकाशन, २०४७ ।

नेपाल, घनश्याम, **आख्यानका कुरा,** सिलगुडीः नेपाली साहित्य प्रचार समिति, २०४४ ।

न्यौपाने, टङ्क, **साहित्यको रूपरेखा,** दो.सं., ललितपुरः साझा प्रकाशन, २०४९ ।

पौडेल, खुम नारायण, (सम्पा), **आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम,** चितवनः चितवन वाङ्मय प्रतिष्ठान नेपाल, २०६० ।

प्रधान, कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार,** चौ.सं., ललितपुरः साझा प्रकाशन, २०६३ ।

प्रधान, प्रतापचन्द्र, **नेपाली उपन्यासः परम्परा र पृष्ठभूमि,** दार्जिलिङः दीपा प्रकाशन, २०४० ।

बराल, ऋषिराज, **उपन्यासको सौन्दर्यशास्त्र**, दो.सं. ललितपुरः साझा प्रकाशन, २०६३ ।

__________, **साहित्य र समाज,** ललितपुरः साझा प्रकाशन, २०६४ ।

बराल, कृष्णहरि र एटम, नेत्र, **उपन्यासको विश्लेषण**, काठमाडौंः नवीन प्रकाशन, २०५५ ।

__________, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** दो.सं., ललितपुरः साझा प्रकाशन, २०५८ ।

शर्मा तारानाथ, **नेपाली साहित्यको इतिहास,** ते.सं., काठमाडौः नवीन प्रकाशन, २०५१ ।

सुवेदी, राजेन्द्र, **सृजनविधाका परिधिभित्र ध्रुवचन्द्र गौतम,** ललितपुरः साझा प्रकाशन, २०५४ ।

__________ , **नेपाली उपन्यासः परम्परा र प्रवृत्ति,** दो.सं., ललितपुरः साझा प्रकाशन, २०६४ ।

**ख) संस्कृत पुस्तकसूची**

आप्टे, वामन, शिवराम, **संस्कृत हिन्दीकोश**, दो.सं., दिल्ली, मोतीलाल बनासीदास पब्लिसर्स प्रा.लि., १९६९ ।

धनञ्जय, **दशरूपकम व्याख्या,** दो.सं., वराणसीः चौखम्बा विद्या भवन, २०१९ ।

**ग) पत्र पत्रिकासूचि**

गोर्खाली, रमेश, “अलिखित केही चर्चा” **मधुपर्क** (वर्ष १८, अङ्क १२, २०,४३, बैशाख), पृ. ७७-७९ ।

थापा, रोशन, 'निरब', “केही अन्तरङ्ग क्षण डा. ध्रुवचन्द्र गौतमसँग”, **समकालीन साहित्य** (वर्ष ९, अङ्क ४, पूर्णाङ्क ३६, २०५६), पृ. ६४-७० ।

पोखरेल, माधवप्रसाद, “अलिखित उपन्यासको रचना -शिल्प”, **गरिमा** (वर्ष ३, अङ्क ७, पूर्णाङ्क ३१, असार २०४२), पृ. ५४-५९ ।

बराल, ऋषिराज, “स्वैरकल्पना र नेपाली उपन्यास वीरचरित्रदेखि अग्निदत्त + अग्निदत्तसम्म” **सङकल्प** (वर्ष २५, पूर्णाङ्क ६८, २०५४ )पृ. १८-२६ ।

लुइँटेल, लीला, “ध्रुवचन्द्र गौतमको औपन्यासिक शिल्प” **गरिमा** (वर्ष १८, अङ्क ६, पूर्णाङ्क २१०, जेठ २०५७), पृ. ८६-९१ ।

सापकोटा, ध्रुव, “भेटवार्ता डा.ध्रुबचन्द्र गौतम” **गरिमा** (वर्ष ४, अङ्क १२, पूर्णाङ्क ४८, मङ्सीर २०४३), पृ. ७८-८७ ।

सुवेदी राजेन्द्र, “उपन्यासकार ध्रुबचन्द्र गौतम र उनको उपसंहार अर्थात चौथो अन्त्य उपन्यासको अध्ययन” **समकालिन साहित्य** (वर्ष ३, अङ्क ४, २०५०), पृ. ६२-६९ ।

____________, “उपन्यासकार ध्रुवचन्द्र गौतम र उनको उपन्यास सृजनाको दोस्रो चरण” **मिमिरे समालोचना विशेषाङ्क** (वर्ष ३६, अङ्क ११, पूर्णाङ्क २७०, फागुन), पृ. ३३३-३५८ ।

**घ) शोधपत्रसूची**

खरेल, हरिप्रसाद, **ध्रुवचन्द्र गौतमको उपन्यासमा प्रयुक्त भाषिक प्रयोग**, अप्र. शोधपत्र, त्रि.वि., ने.के.वि., २०६५ ।

दाहाल, कुमारराज, **साहित्यकार डा. ध्रुबचन्द्र गौतमका कृतिहरूको अध्ययन**, अप्र. शोधपत्र, त्रि.वि., ने.के.वि., २०४७ ।

पराजुली, पुस्कर, **घुर्मी उपन्यासको कृतिपरक अध्ययन**, अप्र. शोधपत्र, त्रि.वि., ने.के.वि., २०६६ ।

पौड्याल, विजयादेवी, **अलिखित उपन्यासको कृतिपरक अधययन**, अप्र. शोधपत्र, त्रि.वि., ने.के.वि., २०५६ ।

भेटवाल, भागीरथा, **हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा नारी पात्र**, अप्र. शोधपत्र, त्रि.वि., ने.के.वि., २०६६ ।

मरासिनी, गणेश, **अलिखित उपन्यासको परिवेश विधान**, अप्र. शोधपत्र, त्रि.वि., ने.के.वि., २०६६ ।

सापकोटा, बद्री **देवकोटाका महाकाव्यमा नारी पात्र**, अप. शोधपत्र, त्रि.वि., ने.के.वि., २०६६ ।

सापकोटा, विष्णुप्रसाद, **तथाकथित उपन्यासको कृतिपरक अध्ययन**, अप्र. शोधपत्र, त्रि.वि., ने.के.वि., २०६३ ।

सुवेदी, नगेन्द्र, **वानीरा गिरीका उपन्यासमा नारी पात्र**, अप. शोधपत्र, त्रि.वि., ने.के.वि., २०६६ ।